ज्ञान शील एकता

## शिक्षाको वर्तमान परिदृश्य र आगामी दिशा विषयक

# राष्ट्रिय शिक्षा कार्यशाला

२०७९ फागुन ६ र ७ गते । जावलाखेल, ललितपुर

# प्रतिवेदन

## प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल



AQUA


hp






प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, २०३९






प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, २०३९


प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल
राष्ट्रिय शिक्षा कार्यशाला
प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, २०३९






प्रशिक्षण



नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

प्रशासनिक प्रशिक्षण प्रतिष्ठान







विषयक




SILENCE MODE
राष्ट्रिय शिक्षा कार्यशाला
विषय: उच्च शिक्षा






SILENCE MODE
EXIT


प्राज्ञिक विद्यार्थी परिषद, नेपाल
शिक्षाको वर्तमान परिदृश्य र आगामी दिशा
विषयक
राष्ट्रिय शिक्षा कार्यशाला
२०७९ फागुन ६ र ७ गते, ललितपुर












शिक्षाको वर्तमान परिदृश्य र आगामी दिशा
विषयक
राष्ट्रिय शिक्षा कार्यशाला

# नेपालको वर्तमान शैक्षिक अवस्था र आगामी दिशा

विषयक

## राष्ट्रिय शिक्षा कार्यशाला

२०७९ फागुन ६ र ७ गते

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल

# प्रतिवेदन

आयोजक

## प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

केन्द्रीय कार्यालय, काठमाडौं नेपाल

पो.ब.नं. २०२८५ । फोन नं. ०१-४४३८७५०

इमेल : nepalpvp1@gmail.com

## कार्यशाला संयोजन समिति

संयोजक : प्रा.डा. रामजी गौतम

सदस्य : प्रा.डा. विजु थपलिया

सदस्य : श्री अच्युत पन्त

सदस्य : श्री लक्ष्मी कर्ण

सदस्य : श्री पुष्पराज खतिवडा

**प्रतिवेदन सम्पादन समूह**

पुष्पराज खतिवडा

विष्णु प्रसाद पंगेनी

जानकी आचार्य

---


**प्रकाशक** प्राज्ञिक विद्यार्थी परिषद् नेपाल

**प्रकाशन प्रति** १०००।-

**प्रकाशन मिति** २०८०, माघ

**कभर** श्याम श्रेष्ठ



**सर्वाधिकार** प्रकाशकमा

# भूमिका

**प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल** विद्यार्थी, शिक्षक र शिक्षाविद्को सामूहिक साङ्गठनिक संरचनामा आधारित रहँदै शिक्षाको पुनःसंरचनाको माध्यमबाट राष्ट्रका लागि आवश्यक असल र क्षमतावान् व्यक्ति निर्माणका लागि विगत २८ वर्षदेखि शिक्षाक्षेत्रमा निरन्तर सक्रिय रहँदै आइरहेको छ। विद्यार्थी परिषद् शिक्षा क्षेत्रमा आवश्यक सुधारका लागि आफ्ना राष्ट्रिय कार्यक्रम मार्फत् निरन्तर शिक्षा मन्त्रालय तथा सम्बन्धित निकायलाई नीतिगत तथा पाठ्यक्रम सुधारका लागि सुझाव दिँदै आइरहेको छ। विभिन्न रचनात्मक गतिविधिको माध्यमबाट आम विद्यार्थीमा राष्ट्रिय चिन्तन र दृष्टिकोणको विकासका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल देशका सबै जिल्ला तथा विश्वविद्यालयमा कार्यरत रहँदा विद्यार्थी, शिक्षक तथा शिक्षाविद्मार्फत् विभिन्न सुझावहरू आउने गरेका छन्। नेपालको माटो, इतिहास, महापुरुष, भूगोल र संस्कृति अनुकूलको शिक्षा प्रणालीले मात्र देशलाई प्रथम स्थानमा राखेर कार्य गर्न सक्ने जनशक्ति निर्माण गर्न सक्दछ भन्ने चिन्तनलाई लिएर प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल अगाडि बढिरहेको छ। जसका लागि समय समयमा परिषद्द्वारा विभिन्न स्तरमा विचारगोष्ठी एवं कार्यशालाको आयोजना गरिएका छन्।

नेपालको समग्र वर्तमान परिदृश्यलाई अध्ययन र विश्लेषण गर्दा पाठ्यक्रम, शिक्षानीति र समग्र आगामी शैक्षिक दिशाको विषयमा गम्भीर भएर चिन्तन, चर्चा र उचित नीति निर्माणको आवश्यकता सबैले महसुस गरिरहेको विषय हो। यसै कुरालाई ध्यानमा राख्दै प्राज्ञिक विद्यार्थी परिषद्, नेपालले आधारभूत तहदेखि उच्च तहसम्मको शिक्षाको समग्र विषयलाई केन्द्रमा राख्दै राष्ट्रिय शिक्षा कार्यशाला सम्पन्न गरेको छ। यस कार्यशालामा शिक्षाविद्, प्राध्यापक वर्ग, विभिन्न शिक्षण संस्थाका प्रतिनिधि, विभिन्न विश्वविद्यालयका पदाधिकारी र सरोकारवाला निकाय सबैको सहभागितामा बृहत् छलफल,अध्ययन तथा चिन्तन भएको थियो। उक्त कार्यशालामा प्रस्तुत गरिएका कार्यपत्र, छलफलबाट आएका सुझाव तथा चिन्तनले नेपालको समग्र शिक्षालाई आवश्यक दिशा प्रदान गर्न सफल हुनेछ भन्नेमा हामी पूर्ण विश्वस्त रहँदै उक्त कार्यक्रममा प्रस्तुत भएका विविध सामग्रीलाई समावेश गरेर यो विशेष प्रतिवेदन तयार पारिएको छ। हामीलाई पूर्ण विश्वास छ, यस प्रतिवेदनमा उठान गरिएका विषय एवम् सुझावहरूप्रति सम्पूर्ण निकाय गम्भीर र चिन्तनशील रहँदै यसको कार्यान्वयको दिशामा सबै अग्रसर रहनुहुनेछ भन्ने विश्वास राख्दछौँ।

# शिक्षाको परिकल्पना

कुनै पनि राष्ट्रको सर्वाङ्गीण विकास र समृद्धिको आधार मानव संशाधन हो । असल, कुशल र राष्ट्रलाई आवश्यक मानवस्रोत निर्माणको प्रमुख आधार भनेको शिक्षाक्षेत्र नै हो । शिक्षाले व्यक्तिगत, सामाजिक र राष्ट्रिय आवश्यकतालाई पूर्णता दिन सक्नुपर्दछ भन्ने सनातन समयदेखि वर्तमान आधुनिक समयको माग र चिन्तन हो । दक्ष र योग्य मानवस्रोत निर्माणका लागि राम्रो शैक्षिक वातावरण, सुविधायुक्त शिक्षण संस्था, माटो र देशको आवश्यकता अनुकूल पाठ्यक्रम, योग्य र उच्च प्राज्ञिक संस्कार भएका शिक्षक, उचित मूल्याङ्कन पद्धतिको आवश्यकता रहन्छ । प्रत्येक समाज र राष्ट्रको आफ्नै परिस्थिति र प्रकृति हुन्छ । त्यसैले शिक्षाले समाजको परिस्थिति र प्रकृतिलाई राम्रोसँग सम्बोधन गरेको हुनुपर्दछ । शिक्षाले सबैभन्दा पहिले व्यक्तिलाई शारीरिक, मानसिक, आध्यात्मिक र बौद्धिक रूपमा सक्षम बनाउनु आवश्यक छ । व्यक्तिगत चिन्तनको साथमा परिवार, समाज र राष्ट्रप्रतिको दृष्टिकोणप्रति स्पष्ट हुँदै आफ्नो जिम्मेवारी पूर्ण गर्नसक्ने योग्य र चरित्रवान् व्यक्ति निर्माणमा शिक्षाक्षेत्र केन्द्रित हुनु आवश्यक छ । शिक्षाले विद्यार्थी वर्गमा राष्ट्रको भूगोल, इतिहास, महापुरुष, जीवनपद्धति, भाषा, साहित्य, राजनीति, आर्थिक र सामाजिक मूल्य तथा मान्यता आदि विषयको जानकारी गराउँदै राष्ट्रप्रति आत्मगौरवको भाव जागृत गर्नु आवश्यक छ । जीवनोपयोगी सिप सिकाइको साथमा आत्मविश्वासको भाव जगाउँदै समाज जीवनमा मानव कल्याणका लागि समेत सोच्न सक्ने क्षमता शिक्षाबाट आम विद्यार्थीले प्राप्त गर्नु अपरिहार्य छ । जसका लागि वर्तमान शिक्षानीति, शैक्षिक प्रणाली, पाठ्यक्रम, मूल्याङ्कन पद्धित आदिका बारेमा पुनर्विचार आजको आवश्यकता हो ।

हाम्रो प्राचीन शिक्षा व्यवस्थाले व्यक्तिलाई आत्मनिर्भर, उच्च नैतिक चरित्रवान्, ज्ञान, विज्ञान र व्यावहारिकताको साथमा एक असल मनुष्यको निर्माण गर्ने सामर्थ्यको अभीष्ट राख्दथ्यो । अध्ययन, चिन्तन अनि राष्ट्रिय आवश्यकतालाई नबुझी अन्धानुकरणका रूपमा लर्ड मेकालेद्वारा निर्माण गरिएको शिक्षा व्यवस्थालाई नेपालको शिक्षानीतिमा समावेश गरिनुले वर्तमान समयमा क्याम्पस तथा विश्वविद्यालय विदेशीहरूका लागि आवश्यक जनशक्ति उत्पादन केन्द्रको रूपमा परिणत भएको हामी सबैले अनुभव गरिरहेका छौँ । तसर्थ देशको भूगोल, प्रकृति, स्रोत र साधनअनुसारको आवश्यक जनशक्ति निर्माणका साथै विश्व जगत्मा आफ्नो विचार र क्षमतालाई प्रस्तुत गर्न सक्ने नैतिक मूल्यवान् जनशक्ति निर्माणमा शिक्षाक्षेत्रले ध्यान केन्द्रित गर्नु आवश्यक छ ।

# विषयसूची


| | | |
|---|---|---|
| | प्रस्तावना | ७-८ |
| **सत्र १** | राष्ट्रिय शिक्षा कार्यशाला उद्घाटन समारोह | ९-१० |
| **सत्र २** | नेपालको समग्र शिक्षानीतिको अवस्था र प्रभाव | ११-१२ |
| | टिप्पणी | १३-१६ |
| | अध्यक्षको मन्तव्य | १७-१८ |
| | निष्कर्ष | १९-२० |
| **सत्र ३** | नेपालमा उच्च शिक्षा : तथ्याङ्क, चुनौती र आगामी दिशा | २१-२२ |
| | टिप्पणी | २३-३० |
| | अध्यक्षको मन्तव्य | ३१-३२ |
| | निष्कर्ष | ३३-३४ |
| **सत्र ४** | माध्यमिक तहको शिक्षा : वर्तमान अवस्था र चुनौतीहरू | ३५-३६ |
| | टिप्पणी | ३७-४४ |
| | अध्यक्षको मन्तव्य | ४५ |
| | निष्कर्ष | ४६-४७ |
| **सत्र ५** | सफताका अनुभव | ४८-५० |
| **सत्र ६** | आधारभूत तहको शिक्षा : वर्तमान अवस्था र रूपान्तरण सम्भावना | ५१-५२ |
| | टिप्पणी | ५३-५८ |
| | निष्कर्ष | ५९-६० |
| | उच्च शिक्षा ऐन र उच्च शिक्षानीति | ६१-६२ |
| **सत्र ७** | समापन समारोह | ६३-६४ |
| | कार्यशालाको निष्कर्ष एवम् सुझाव | ६५-६७ |
| | अनुसूची-१ | ६८-८४ |
| | अनुसूची-२ | ८५-१०० |
| | अनुसूची-३ | १०१-१०९ |
| | अनुसूची-४ | ११०-१२० |

# संक्षिप्तरूप/पूर्णरूप

| | |
|---|---|
| UGC | University Grand Commission |
| NOC | No Obgection Crertificate |
| GER | Gross Enrolment Ratio |
| CEHRD | Center for Eduation and Human Resource Development |
| NASA | National Assessment of Student Achievment |
| GPI | Gender parity Index |
| NER | Net Enrolment Ratio |
| NIR | Net intake Rate |
| GIR | Gorss Intake Ratio |
| VC | Vice Chancller |
| IIM | Indian Institute of Medicine |
| IIT | Indian Institute of Technology |
| NAMS | National Academy of Medical Science |
| PAHS | Patan Academy of Health Science |
| SFA | Student Fiancial Assistance |
| शिमास्रोविके | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| शैगुपके | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| बाविके | बालविकास केन्द्र |
| प्राशिव्याताप | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान |

# प्रस्तावना

**प्रा.डा. रामजी गौतम**
कार्यक्रम संयोजक

शिक्षाले देशको प्रत्येक क्षेत्रलाई प्रभाव पार्छ र सकारात्मक दिशामा अगाडि बढाउँछ । जसरी एउटा पावरहाउसबाट निस्किएको उर्जा तथा शक्तिलाई विभिन्न क्षेत्रमा विभिन्न प्रयोजनका लागि प्रयोग गर्न सकिन्छ त्यसरी नै शिक्षाक्षेत्रबाट निस्किएको जनशक्तिलाई देश र समाजको आवश्यकता अनुसार विभिन्न आर्थिक, सामाजिक, न्याय, स्वास्थ्य, प्रशासन, सुरक्षाजस्ता अनेक क्षेत्रमा त्यो जनशक्तिलाई प्रयोग गर्न सकिन्छ । तसर्थ शिक्षाक्षेत्रबाट निस्किएको जनशक्ति समाज र राष्ट्रलाई समृद्ध बनाउन सक्ने क्षमताको हुनु आवश्यक छ । जसरी एउटा अभिभावकले आफ्ना छोराछोरी यस्तो गुण, चरित्र भएको होओस् भनेर चिन्तन गरिरहेका हुन्छन् त्यसरी समाजले तथा समग्र राष्ट्रले पनि शिक्षा क्षेत्रबाट निस्किएको मानवस्रोत यस्तो खालको होओस् भन्ने अपेक्षा राखिराखेको हुन्छ । समाजलाई मार्गनिर्देशन गर्ने खालको होओस्, जुन क्षेत्रमा गए पनि अब्बल, सक्षम होओस्, राष्ट्र र समाजको हितमा कार्य गर्न सक्ने होओस्, समाजलाई सकारात्मक रूपमा अगाडि बढाउने होओस् । जुन शिक्षा प्राप्त गरेको छ त्यो अनुरूप इमान्दार, चरित्रवान, राष्ट्रिय चिन्तन गर्न सक्ने, यो देशको भाषा, संस्कृति, संस्कार, साहित्य, महापुरुषको बारेमा बुझेको पनि होओस् । त्यस्तो खालको व्यक्ति हामीले शिक्षाक्षेत्रबाट उत्पादन गर्न सकियो भने समाज र राष्ट्रलाई समृद्धितर्फ लैजान सकिन्छ ।

राष्ट्रका लागि चाहिने क्षमतावान्, चरित्रवान्, नैतिकवान्, निष्ठावान्, इमान्दार र राष्ट्रप्रेमी जनशक्ति निर्माणका लागि निश्चित आधारहरू आवश्यक छ । राष्ट्रको शैक्षिक वातावरण ठिक होओस्, देश, काल, परिस्थितिअनुसार पाठ्यक्रमको निर्माण होओस्, त्यो पाठ्यक्रमलाई कार्यान्वयन गर्ने शिक्षण सिकाइको प्रविधि, विधि उपयुक्त होस् । मूल्याङ्कन पद्धति उपयुक्त होओस् र समाजलाई अगाडि बढाउन चाहिने सम्पूर्ण शिक्षानीति ठिक होओस् भन्ने सबैको चाहना हुन्छ । यदि ती सबै ठिक भएको खण्डमा मात्र हामीले चाहेजस्तो, यो राष्ट्रले अपेक्षा गरे अनुरूप जनशक्ति तयार हुन सक्छ र समाजले यो पाइराखेको छैन त्यस्तो खालको अनुभूति प्राज्ञिक विद्यार्थी परिषद् नेपालले अनुभव गरिराखेको छ ।

जति विश्वविद्यालयहरू स्थापना भएका छन् त्यसबाट उत्पादित जनशक्ति आज नेपाललाई जस्तो चाहिनु पर्ने हो त्यस्तो भएन भनेर समाजले शिक्षाक्षेत्रलाई शङ्काको दृष्टिले हेरिरहेको छ । यसको मतलब हामी कतै पाठ्यक्रम निर्माणमा चुक्यौँ कि ? शिक्षामा बजेटको सहयोग गर्नेले हामीलाई प्रभावमा पो पारे कि ? देशको परिस्थिति, परिवेशअनुसार जुन पाठ्यक्रम बन्नुपर्ने थियो त्यो पाठ्यक्रम निर्माणमा कही हामी चुक्यौँ कि ? विदेशी विश्वविद्यालयसँग प्रतिस्पर्धा गर्ने नाममा त्यहाँको पाठ्यक्रम हाम्रो विश्वविद्यालयमा लागू गर्दै गर्दा त्यहाँ जसरी त्यो पाठ्यक्रम पढाइ हुन्छ त्यहीअनुसारले हामीले पढाउन नसक्ने तर पाठ्यक्रम त्यही नै राख्ने गर्‍यौँ कि ? जुन किसिमको मूल्याङ्कन पद्धति हुनुपर्ने हो त्यो पद्धति भएन कि ? हाम्रा बालबालिकालाई जुन किसिमको शिक्षा दिइराखेका छौँ त्यसले उनीहरूलाई गरिखाने

बनाउन सकेनौँ कि ? अथवा देशको समग्र हितका लागि आवश्यक शिक्षानीति निर्माणमा हामी चुक्यौँ कि ? यस्ता अनेकौँ प्रश्न समाजमा र हामीमा उठ्नु स्वाभाविक नै हो ।

तसर्थ प्राज्ञिक विद्यार्थी परिषद्, नेपालले के सोच्यो भने हामीले अर्कोले गरेन भनेर दोष दिने ठाउँमा छैनौँ त्यसरी अरुलाई दोष दिन मिल्दैन । आज कुनै पनि क्षेत्रमा कमी कमजोरी भएको छ भने त्यसको थोरै अथवा धेरै दोषको अंश हामीमा पनि छ । त्यसकारण अर्कोले गरेन भनेर दोष दिनुभन्दा हामी आफैबाट भए गरेका कमी कमजोरीलाई सुधार किन नगर्ने ? यदि पाठ्यक्रममा केही कमी कमजोरी छन् भने हामी दुई दिनसम्म बहस गरौँ । यसलाई आधारभूत शिक्षा, माध्यामिक शिक्षा, उच्च शिक्षा र शिक्षानीतिमा भएका पाठ्यक्रम, शिक्षण सिकाइ, मूल्याङ्कन पद्धति, स्रोत व्यवस्थापन, मानव संसाधनको व्यवस्थापन, शिक्षकहरूको भर्ना, उनीहरूको तालिमजस्ता के के कुराहरूमा हामी सक्षम छौँ, अथवा कुन कुन पक्ष सबल पक्ष हुन् र कुन कुन पक्ष हाम्रो देशको सन्दर्भअनुसार दुर्बल पक्ष छन् त्यो अनुसार सबल पक्षलाई हामी अगाडि बढाउने र दुर्बल पक्षलाई क्रमशः सबल पक्षमा परिणत गर्न सक्छौँ । त्यसकारण यो दुईदिनसम्म उच्च शिक्षा र शिक्षानीति, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा कार्यपत्र तयार भएका छन्, त्यसमाथि टिप्पणी हुने छन् त्यसपछि दुई दिनको कार्यशालाबाट जुन सारांश निस्किने छ यसले भविष्यमा हाम्रो शिक्षालाई कता लैजाने, कुन दिशातर्फ लैजाने भन्नेमा नीतिनिर्माण गर्ने तहसम्म यसले सहयोग पुऱ्याउने छ भन्ने अपेक्षाका साथ हामीले यो कार्यशाला आयोजना गरेका छौँ ।

यो सुरुमात्रै हो । यो वर्ष सामान्य रूपमा यसलाई छलफल गरौँ, यसका सबै विषयलाई छोएर मात्रै भए पनि बहस गरौँ । अर्को वर्ष निरन्तर रूपमा यसका प्रत्येक component लाई लिएर फेरि विस्तृत रूपमा घनिभूत छलफल गर्ने छौँ । यो देशले खोजेजस्तो राष्ट्रलाई समृद्ध बनाउन सक्ने खालको जनशक्ति निर्माण गर्ने र भोलिका दिनमा अन्य कुनै कुरामा अगाडि भए नभए पनि शिक्षा क्षेत्रमा मात्र भए पनि संसारबाट कहीँबाट पनि शिक्षा लिन नेपाल जानु पर्छ भन्ने बनाउन सक्ने क्षमताका हामी हौँ भन्ने हाम्रो चाहना छ । किनभने हिजो हामीसँग सँगसँगै कार्य गर्ने संस्थाहरू आज संसारकै नम्बर १ छन् भने हामी किन पछाडि परेका छौँ, यसमा कहीँ न कहीँ हाम्रो दायित्व हामीले बिर्सेका छौँ । जब हामी यही देशको, यही शिक्षाको लागि कुनै न कुनै दायित्वमा छौँ भने हामीले त्यो दायित्व आत्मदेखि, मनैदेखि राष्ट्रलाई प्रथम स्थानमा राखेर यो समाजलाई अगाडि बढाउन यही समाजमा केही गर्न सकिन्छ भन्ने भावका युवा विद्यार्थीहरूलाई दिन सक्ने समाज सिर्जना गर्न यो विद्वत् वर्ग भोलिका दिनमा पनि अथक रूपमा लाग्ने छ र प्राज्ञिक विद्यार्थी परिषद्लाई अहिलेसम्म चलाइराखेको अभियानमा यो समाजबाट जुन किसिमको साथ सहयोग, आशीर्वाद प्राप्त भइरहेको छ भोलिका दिनहरूमा विद्वत् वर्गबाट पनि त्यो खालको साथ, शुभाशीष र सहयोग पाउने नै छौँ भन्नेमा हामी विश्वस्त छौँ । तसर्थ हरेक क्षेत्रबाट सकारात्मक सुरुवात गरौँ । युवाहरूमा नकारात्मक दृष्टिकोण नभरौँ, सकारात्मक दृष्टिकोण दिऔँ, राष्ट्रिय चिन्तनको विकास गरौँ । कम्तीमा आफूले काम गर्दै जाँदा व्यक्ति, परिवारमात्र नभई समाजलाई पनि मैले केही योगदान गर्नुपर्छ, यो राष्ट्रलाई पनि मैले केही योगदान गर्नुपर्छ भन्ने भाव हामी सबैले राखौँ । यो भाव हामी कसैबाट पनि नहटोस्, हामी सबैको मन मस्तिष्कमा नेपाल आमाको जयका लागि मैले अहिले जति पनि कार्य गरिराखेको छु त्यसमा अझ थप उर्जा बढ्दै जाओस् । धन्यवाद ।

# राष्ट्रिय शिक्षा कार्यशाला उद्घाटन समारोह

**२०७९ फागुन ६ गते शनिवार, महाशिवरात्री**

प्राज्ञिक विद्यार्थी परिषद्, नेपालले देशको वर्तमान शैक्षिक अवस्था र आगामी दिशा विषयमा व्यापक चिन्तन गर्ने ध्येयले फागुन ६ र ७ गते ललितपुरमा दुई दिवसीय राष्ट्रिय शिक्षा कार्यशालाको आयोजना गरेको थियो । फागुन ६ गते बिहान पुल्चोक क्याम्पसको सभाहलमा उद्घाटन समारोहसँगै प्रारम्भ भएको कार्यशालाका बाँकी सबै सत्रहरू नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेलमा सम्पन्न भएका थिए । उद्घाटन समारोह, ४ वटा कार्यपत्र प्रस्तुति, विशेष अनुभव कथन एवम् चर्चा सत्र तथा समापन समारोहसहित कुल ६ वटा सत्रमा कार्यशाला सम्पन्न भएको थियो ।

प्राज्ञिक विद्यार्थी परिषद्, नेपालका पूर्व राष्ट्रिय अध्यक्ष एवम् विशेष आमन्त्रित सदस्य प्राध्यापक प्रा.डा. रामजी गौतमको संयोजकत्वमा सम्पन्न कार्यशालामा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. देवराज अधिकारीको प्रमुख आतिथ्य रहेको थियो । उद्घाटन समारोहमा विशिष्ट अतिथिका रूपमा मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. नन्दबहादुर सिंह, नेपाल खुला विश्वविद्यालयका उपकुलपति प्रा.डा. शिलु बज्राचार्य, राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्मा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सह-सचिव डा. हरि लम्सालको उपस्थिति रहेको थियो साथै परिषद्का राष्ट्रिय अध्यक्ष डा. गोपीनाथ कण्डेल, महासचिव छितराज न्यौपानेको विशेष उपस्थिति रहेको थियो । सो उद्घाटन समारोहमा १५० जना विशिष्ट व्यक्तिहरूको सहभागितामा भएको थियो ।

परिषद्का राष्ट्रिय महासचिव श्री छितराज न्यौपानेले स्वागत मन्तव्य राखे पश्चात् प्रमुख अतिथि लगायत सम्पूर्ण अतिथिहरूद्वारा सरस्वतीको तस्बिरमा माल्यार्पण एवम् दीप प्रज्ज्वलन गर्दै कार्यक्रमको उद्घाटन गरिएको थियो । उद्घाटन पश्चात् राष्ट्रगानसँगै उद्घाटन समारोहका अन्य कार्यक्रम अगाडि बढेका थिए ।

कार्यक्रम संयोजक प्रा.डा.रामजी गौतमज्यूले राष्ट्रिय शिक्षा कार्यशालाको उद्देश्य र आवश्यकताको बारेमा प्रष्ट पार्दै नेपालको समग्र शिक्षानीतिमाथि बृहत् बहस आवश्यक रहेको र त्यसका लागि सबै प्राज्ञिक वर्गलाई एक ठाउँमा उभ्याएर शिक्षाको समग्र वर्तमान अवस्था र आगामी दिशाको बारेमा मन्थन गर्ने सङ्कल्पका साथ कार्यशाला आयोजना गरिएको बताउनु भएको थियो ।

कार्यक्रमको उद्घाटन सत्रमा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. देवराज अधिकारीज्यूले नेपालमा संस्कारयुक्त शिक्षाको आवश्यकता रहेको बताउनु भएको थियो । उहाँले भन्नु भयो "पहिले पहिले गुरूलाई सडकमा भेट्दा निहुरेर ढोगिन्थ्यो, गुरू र शिक्षकमा आदर सम्मान, अनुशासन थियो तर आजको समाजमा त्यो सब देख्न नपाइने बताउनु भयो । शिक्षामा कैयौँ समस्या भए तापनि अब हाम्रो विश्वविद्यालयका उपकुलपतिमा खुल्ला प्रतिस्पर्धा हुन थालेको र राजनीतिक नियुक्ति घट्दै गएको छ । हाम्रो जन्म ज्ञानको लागि भएको र समाज रूपान्तरणमा शिक्षाले नै योगदान दिने भएकोले ज्ञान र समर्पणको चिन्तन नभई शिक्षा फलदायी नहुने बताउनु भयो । साथै विदेशमा १२

पढ्दा एक विद्यार्थीले ९०% ज्ञान हासिल गर्ने तर नेपालमा ४५% नि मुस्किलले ज्ञान हासिल गरेको अवस्था रहेकोले हाम्रो परीक्षा प्रणालीमा सुधार भए तापनि शैक्षिक कार्यान्वयन सन्तुष्टिजनक नभएको बताउनु भयो ।

त्यसैगरी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सह-सचिव डा.हरि लम्सालले नेपालको शिक्षानीति तथा कार्यक्रम मल्टी एक्टरको चङ्गुलमा फसेकोले कमजोरीलाई सुधार्ने, शिक्षानीतिको मूल्य माथि छलफल गरिनु पर्ने र संस्कृत भाषाको बारेमा समाजलाई सरोकारवालाले बुझाइदिनु आवश्यक रहेको बताउनु भयो ।

साथै राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माज्यूले शिक्षा क्षेत्रमा निरन्तर प्राज्ञिक बहससँगै पूर्वीय दर्शनको कुराहरू शिक्षामा राखिनु पर्ने विषयमा जोड दिनु भयो । उहाँले विदेशलाई चाहिने जनशक्ति उत्पादन गरेर जनशक्ति बिदेशमा पैठारी गर्ने कि आफ्नो देशलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गरेर यही देशमा राख्ने भन्ने विषयमा गम्भीर भएर सोच्नु पर्ने बताउनु भयो । आज देशको मूल्य, मान्यता, संस्कार, संस्कृति, इतिहास आदि सिकाउने किसिमको शिक्षा प्रणाली लागू गरिनु पर्नेमा सबै एकजुट भएर अगाडि बढाउनु पर्ने कुरा बताउनु भएको थियो ।

खुला विश्वविद्यालका उपकुलपति प्रा.डा. शिलु बज्राचार्यले मुलुकको विकास एवम् मानवीय संसाधनको विकास शिक्षाबाटै हुने र मानवीय संसाधनको विकास गर्न सके मुलुक रूपान्तरण हुन सक्ने कुरा बताउनु भएको थियो । उहाँले स्कुलदेखि विश्वविद्यालयसम्मकै शिक्षकको गुणस्तर विकास गरिनुपर्ने, शिक्षक मेरिट बेसमा भर्ना गरिनुपर्ने, शिक्षा क्षेत्रलाई राजनीति मुक्त गरिनुपर्ने साथै हाम्रो पाठ्यक्रम विकास गर्दा माटो सुहाउँदो बनाइनु पर्ने र माटो सुहाउँदो शिक्षानीति तय गर्दा ग्लोबल शिक्षानीतिलाई समेत ध्यानमा राखिनुपर्ने, प्रविधिकरणको आधारमा शिक्षण प्रणाली विकास गरिनु पर्ने जस्ता विषयहरूमा बहस आवश्यक रहेको बताउनु भएको थियो ।

त्यसैगरी मध्यपश्चिमाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा.नन्दबहादुर सिंहले देश भद्रगोल भएकोले, विश्वविद्यालय भद्रगोल अवस्थामा पुगेको र शिक्षाले असल बाटो खोजिरहेको बताउनु भयो । उहाँले "प्राध्यापक र विद्यार्थी पढ्न पढाउन नजान्ने, न सुन्ने मानिस छ न सुनाउने मानिस छ । त्यसकारणले राष्ट्रिय शिक्षानीतिमा सुधारको अतिआवश्यक रहेकोले छिटो त्यो दिशामा अगाडि बढ्न सरकारलाई अनुरोधसमेत गर्नु भएको थियो । नेपालका विश्वविद्यालयको भौतिक पूर्वाधार साह्रै कमजोर बन्दै गएको शिक्षाक्षेत्र पूरै राजनीतिक झोले कार्यकर्ताको र प्राध्यापकको हातमा भएकोले हाम्रो शैक्षिक क्षेत्र कमजोर भएकोले यसलाई हटाउन सबै राजनीतिक दलका नेताहरू एक भएर अगाडि जान अनुरोधसमेत गर्नु भएको थियो ।

उद्घाटन समारोहमा मञ्चमा उपस्थित प्रमुख अतिथि एवम् विशिष्ट अतिथि सबैलाई स्मृति चिह्न प्रदान गरेसँगै परिषद्का राष्ट्रिय अध्यक्ष डा. गोपीनाथ कण्डेलले सम्पूर्णलाई विशेष धन्यवाद दिँदै उद्घाटन समारोह सम्पन्न भएको घोषणा गर्दै आगामी कार्यशालाका सम्पूर्ण सत्र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा सम्पन्न हुने जानकारी गराउनु भएको थियो ।

# नेपालको समग्र शिक्षानीतिको अवस्था र प्रभाव

कार्यशालाको प्रथम कार्यपत्रको रूपमा **नेपालको समग्र शिक्षानीतिको अवस्था र प्रभाव** विषयक कार्यपत्र प्रस्तुति, कार्यपत्रमाथि टिप्पणी तथा अन्तरक्रिया सम्पन्न भएको थियो । उक्त राष्ट्रिय शिक्षानीति सम्बन्धी कार्यपत्रको प्रस्तुति चिकित्सा शिक्षा आयोगका सचिव डा. भोजराज काफ्लेले गर्नुभएको थियो जुन सत्रको अध्यक्षता विश्वविद्यालय अनुदान आयोगका पूर्व अध्यक्ष प्रा. डा. भीमप्रसाद सुवेदीले गर्नुभएको थियो । उक्त कार्यपत्रमाथि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका–सहसचिव डा. हरि लम्साल र वरिष्ठ लेखक एवम् राजनीतिक विश्लेषक श्री श्रीकृष्ण अनिरुद्ध गौतमले टिप्पणी गर्नुभएको थियो भने सत्रको सञ्चालन पूर्वाञ्चल विश्वविद्यालय व्यवस्थापन सङ्कायका डिन डा. बिजु थपलियाज्यूले गर्नुभएको थियो ।

शिक्षा क्षेत्र सम्बन्धी राज्यको दृष्टिकोण नै शिक्षानीति हो । शिक्षा भनेको सिकाइ प्रक्रिया हो त्यसकारण शिक्षाका सबै नीतिगत प्रयास सिकाइसँग जोडिएको हुनुपर्छ भन्ने भावका साथ चिकित्सा शिक्षा आयोगका सचिव डा. भोजराज काफ्लेद्वारा प्रस्तुत गरिएको यस कार्यपत्रमा वर्तमान शिक्षानीति, नीतिको कार्यान्वयनको अवस्था, समस्या र चुनौतीका विषयमा प्रस्तुति दिनु भएको थियो । उक्त कार्यपत्रमा निम्न प्रमुख विषयहरू माथि विस्तृत चर्चा गर्दै विषय प्रस्तुत गर्नु भएको थियो । ।

संविधानको मौलिक हकमा उल्लेख गरे अनुरूप आधारभूत र माध्यमिक तहको शिक्षालाई निःशुल्क बनाउने, कमजोर वर्ग र बालबालिकालाई उच्च तहसम्म नै निःशुल्क शिक्षा, आधारभूत तहसम्मको शिक्षा मातृभाषामा लिन सकिने, समाजका कमजोर वर्ग र समुदायका बालबालिकालाई शिक्षामा विशेष व्यवस्था गर्नुपर्ने जस्ता विषयवस्तुहरूलाई अधिकारको रूपमा अवलम्बन गर्न नसकिरहेको अवस्थाको बारेमा रहेको छ । राज्यका नीतिमा शिक्षा वैज्ञानिक, प्राविधिक, जनचाहनाअनुसारको हुनुपर्ने र यो नै मुलुकको मानव संसाधन विकासको आधार हुने कुरा, उच्च शिक्षालाई समेत क्रमशः निःशुल्क गर्दै लैजाने कुरा, निजी क्षेत्रको शिक्षामा योगदान सेवामूलक हुनुपर्ने कुरा, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालय स्थापना गर्नुपर्ने कुरा पनि उल्लेख गरिएको भन्ने विषयमा पनि प्रकाश पारियो । यस्ता व्यवस्थाहरूलाई क्रमशः राज्यको साधन र स्रोतका आधारमा अभ्यास गर्दै लैजानुपर्ने कुरा पनि उक्त कार्यपत्रमा प्रष्ट पार्नुभएको थियो ।

शिक्षामा सबै तहका सरकारको जिम्मेवारी र अधिकार क्षेत्रको बारेमा उल्लेख गरिएको तथापी आधारभूत र माध्यामिक शिक्षा, बालबिकास तथा अन्य अनौपचारिक शिक्षामा स्थानीय तहको सरकारको प्रमुख जिम्मेवारी रहने कुरा संविधानमा उल्लेख गरिएको तर त्यसको पूर्ण स्पष्टता अझै भइ नसकेको विषयमा पनि कार्यपत्रमा विषय उठान गर्नुभएको थियो ।

उच्च शिक्षाका सन्दर्भमा हरेक विश्वविद्यालय तथा प्रतिष्ठानहरूको आफ्नै नीति तथा ऐन भएको र सोअन्तर्गतका शिक्षा ऐन नियमावली, शिक्षक सेवा आयोग, नियमावली, प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा परिषद् ऐनका आधारमा बनेका नियमावली र अन्य सामग्रीहरू शिक्षा क्षेत्रका नीतिका अंश भएको र त्यसका साथसाथै राष्ट्रिय शिक्षा विधेयक, उच्च शिक्षा विधेयक र प्राविधिक तथा व्यावसायिक शिक्षा विधेयक गरी तीनवटा विधेयकका मस्यौदा पनि तयार भएको, सँगसँगै विभिन्न परियोजनाका नीतिहरू, पाठ्यक्रमगत नीतिहरू जस्ता पर्याप्त नीति रहेको तर हाम्रो प्रमुख समस्या नीति अभावको समस्या नभएर यसको अध्यावधिक र कार्यान्वयनमा बढी समस्या रहेको विषय पनि कार्यपत्रमा प्रस्तुत गर्नुभएको थियो ।

विद्यार्थी भर्नाका विषयमा अपेक्षित लक्ष्य पूरा गर्न विद्यमान नीतिगत व्यवस्था र कार्य व्यवहारमा थप प्रयासको आवश्यकता देखिएको कुरा पनि तथ्याङ्कीय विश्लेषणको माध्यमबाट कार्यपत्रमा प्रस्तुत गरिएको थियो । विद्यालयमा विद्यार्थीको नियमितता, विद्यमान नीतिगत अवस्था, तिनको कार्यान्वयनमा गरिएका प्रयासका बारेमा पुनरावलोकन गर्नुपर्ने आवश्यकता रहेको कुरा पनि कार्यपत्रमा प्रस्तुत गरिएको थियो । परीक्षा प्रणाली एवम् परिणाम, उत्तीर्णता विश्लेषण गर्दा उच्च शिक्षातर्फ विभिन्न विधा र विषयमा विश्वविद्यालयअनुसार उत्तीर्ण दर फरकफरक रहेको तथा कक्षा १२को नतिजा अनुरूप आधा विद्यार्थीहरू उच्च शिक्षा पढ्न योग्य नठरिएको विषयमा पनि डा. भोजराज काफ्लेज्यूले विषय प्रस्तुत गर्नुभएको थियो ।

संघीय शिक्षा ऐन जारी गरी प्रदेश स्थानीय तहलाई कानुन बनाउन मार्ग प्रस्तुत गर्न नसकिएको, शिक्षक नियुक्ति प्रणालीमा सुधार गर्नुपर्ने, शिक्षा क्षेत्रमा दलीय राजनीतिको प्रभाव र त्यसको न्यूनीकरणका लागि कडा कानुनी प्रावधान गरिनुपर्ने र त्यसको उचित कार्यान्वयन हुनुपर्ने, प्रधानाध्यापकको योग्यताअनुसारको छनौट, नियुक्तिको विषय, स्रोत व्यवस्थापन तथा सुशासनको विषय, समग्र नीतिका सबल पक्ष एवम् त्रुटिहरूको विषय, नेपालमा शिक्षानीतिका समस्या तथा चुनौतीहरूका विषयका बारेमा विशेष चर्चा गर्नुभएको थियो । निष्कर्षमा वर्तमान परिवर्तित सन्दर्भअनुसार शिक्षानीति पुनरावलोकन गरिनुपर्ने र यसमा सुधार ल्याउनुपर्ने कुरामा डा. भोजराज काफ्लेले जोड दिनुभएको थियो ।

डा. भोजराज काफ्लेज्यूले प्रस्तुत गर्नुभएको कार्यपत्र माथि टिप्पणीकर्ताले टिप्पणी गर्दै आफ्ना धारणा राख्नु भएको थियो भने सत्रमा अध्यक्षता ग्रहण गर्नु भएका प्रा.डा. भीमप्रसाद सुवेदीज्यूले समग्र विषयलाई समेटेर अध्यक्षीय मन्तव्यसँगै सत्रको समापन गर्नुभएको थियो । सत्रको अन्त्यमा कार्यपत्र प्रस्तुतकर्ता, टिप्पणीकर्ता र अध्यक्ष सबैलाई स्मृति चिह्न प्रदान गरिएको थियो ।

(**कार्यपत्रको पूर्ण पाठ अनुसूची १ मा समावेश गरिएको छ । टिप्पणीकर्ता र अध्यक्षद्वारा व्यक्त विषयको सारांश यसको साथमा संलग्न गरिएको छ ।**)

# टिप्पणी

**डा.हरि लम्साल**

सह-सचिव : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

जब हामी शिक्षानीतिको कुरा गर्दछौँ, पुल्चोक इन्जिनियरिङ अध्ययन संस्थान, Institute of Medicine आदि यही नीतिका परिणाम हुन् । १५/१६ महिनामा नतिजा ननिस्कने अवस्था पनि यही नीतिभित्रकै पाटो हो । मलाई कहिले काहीँ अचम्म लाग्छ नीतिमा कमजोरी हो कि अन्य केही कारण होला ? यहाँ राम्रो गरेका उदाहरण पनि भेटिन्छन्, बिग्रेका उदाहरण पनि भेटिन्छन् । सिंहदरबारभित्र छलफल भयो भने यो देशको शिक्षा बिगार्नमा विश्वविद्यालय र शिक्षकको भूमिका छ भन्ने निचोड निस्कन्छ, बाहिरतिर छलफल भयो भने शिक्षा बिग्रनमा सिंहदरबारभित्र बस्ने मान्छेको भूमिका छ भन्ने हुन्छ । भित्रकोले बाहिरकालाई दोषी देख्छ, बाहिरकाले भित्रकालाई दोषी देख्छ । नीति के हो भन्नेमा हामी सबैले जानेका छौँ, बुझेका छौँ, तर सुधार भइरहेको छैन किन ? अमेरिकाको नीतिको पनि कुरा गर्छौं, सिंगापुरको कुरा गर्छौं । विद्यालयका शिक्षक साथीहरूमा पनि Knowledge राम्रो छ तर, सुधार भइरहेको छैन । किन भन्दा हामी नेपाली अन्य सबै काम गर्छौं तर स्वयंको जिम्मेवारी पूरा गर्दैनौँ । तसर्थ गर्ने कसले हो त ? हामी सबै धेरथोर जिम्मेवार त छौँ होला नि ?

मैले नेपालको शिक्षानीतिको बहस गरिरहँदा तीन वटा चरणमा हेरौँ भन्छु । नेपालमा बहस नभएको शिक्षानीति बन्छन् कसरी भन्ने एक प्रश्न अत्यन्तै मह □वपूर्ण छ । टुक्रामा हेरियो भने समस्याको गहिराइमा पुग्न सकिँदैन । शिक्षानीति बन्छन् कसरी ? कार्यान्वयन हुन्छन् कसरी ? बनाइदिएर मात्र कार्यान्वयन हुन्छ, हुँदैन ? त्यसपछि त्यसले दिने नतिजा के हो ? आदि विषयमा सोच्नु पर्छ होला । २४/२५ सालतिर डा. कमल प्रकाश मल्लले एउटा किताब लेख्नु भएको थियो, "Education a road to know where" । उहाँले किताबमा के भन्नु भएको छ भने यो Quantitative तथ्याङ्कले चाहिँ विकृत सत्यको मात्र उजागर गर्छ । हामीले यसो हेरौँ त उपलब्धि जनाउनु पर्‍यो भने Quantitative को मात्रै सहयोग लिने गर्छौं । विद्यालय जान नपाउने बालबालिका त एक जना छुटे पनि त्यसको लागि त शत प्रतिशत नै हो नि । जोजो छुट्छन् उनीहरू त सबैको लागि शत प्रतिशत हो ।

तसर्थ नेपालमा शिक्षानीतिको बहस गर्दा तीन वटा Domain मा हेरौँ । एउटा, बन्छन् कसरी ? दोस्रो, कार्यान्वयन हुन्छन् कसरी ? तेस्रो, हामीले नतिजालाई पनि विश्लेषण गर्नु पर्‍यो । यदि शिक्षानीतिलाई यो ढंगले हेर्‍यौँ भने मलाई लाग्छ हामी समस्याको गहिराइसम्म पुग्छौँ । अब बन्छन् कसरी भन्दै जाँदा शिक्षानीति राम्रो, नराम्रो बन्नमा जम्मा तीन वटा तरिका हुन्छन् । एउटा, मान्छेले जान्दै नजानेर पनि कमजोर नीति बन्न सक्ला । अर्को नियतवस पनि कमजोर नीति बन्छ होला । तेस्रो जानीजानी बिगार्ने पनि हुन्छ होला । यो तीनवटाभन्दा अन्य शिक्षानीतिमा छैन ।

Public Policy को Haro Lasyo को The policy science role of Tacsole भन्नेमा उहाँले 3 Generation of Public Policy भन्ने कुरा गर्नु भएको छ । पहिलो Generation, जो authority मा छ यसले Public Policy Design गर्छ । दोस्रो Generation, अलिकति Think Tank हरू Committee हरू बनाएर गर्ने । तेस्रो Generation, Research ले Backup गरेर मात्र Public Policy निर्माण गर्ने ।

उपलब्धि चाँहि Quantitative expansion मा दिएर जब हामी कसरी बन्छन् भन्ने कुरामा प्रवेश गरेनौं भने मैले भनेको Policy राम्रो त होला तर Research ले backup गरेन भने त कार्यान्वयन हुन सक्दैन नि । यसैले Policy Continuities नहुने कारण चाहिँ जब authority change हुन्छ policy को statement पनि change हुन्छ । तर research ले backup गऱ्यो भने त्यसले प्रशस्त छलफल माग्छ, धेरै discourse माग्छ, अनि एउटा निचोड आउने हुनाले त्यसले एउटा आधार लिने गर्छ । research ले evidance ले backup गरेको नीतिले वातावरण बनाउँछ । सार्वजनिक discourse मा आइसकेपछि authority ले पनि काट्न सक्दैन । सरकारले गरेको निर्णय त पटक पटक फिर्ता भइरहेको छ । जब public को discourse मा त्यो विषयहरू आउँछन् त्यसलाई स्वीकार गर्न सरकार पनि बाध्य हुन्छ । एकले अर्कोलाई भनेर गाली गरेर मात्र पनि समस्या समाधान हुँदैन । कालिका मा.वि. बुटवलमा त्यही नीतिले कसरी काम गऱ्यो ? त्यो काम गर्नुमा उहाँले सामना गरेका चुनौतीहरू के थिए ? अरू पनि त्यस्तै institute काठमाडौंमा छन् ।

दोस्रो नेपालमा एकदमै बहसमा आउने चाहिँ राजनीति भयो भनिन्छ । राजनीति भनेको भनेर गरिने हो कि नभनी गरिने चिज हो । नेपालमा अहिले कुनै पनि सार्वजनिक पदका पदाधिकारीलाई तपाईंले राजनीति गर्नु हुन्छ भनेर प्रश्न सोध्नुहोस् त सबैले गर्दिन भन्नु हुन्छ । म पनि गर्दिन भन्छु, बरु अब त भाष्य बदलौं । म यसमा विश्वास गर्छु भन्न दिउँ, राजनीति नगर्ने मान्छे पाइँदैन यहाँ । विश्वविद्यालय सुधार्ने हो भने मलाई लाग्छ विश्वविद्यालय त प्राज्ञिक थलो हो, बहस हुने ठाउँ हो, उच्चस्तरका राजनीतिक मान्छे चाहिन्छ । राजनीतिक विचारको बहस गरे हुन्छ तर काममा त पारदर्शिता देखाउनु पऱ्यो नि, विधि मान्नु पऱ्यो नि । मध्यपश्चिम विश्वविद्यालयको सरलाई काम गर्नका लागि अहिलेको कानुनले कहीँ पनि रोकेको छैन । डिन लगायतका कर्मचारी नियुक्तिमा खुल्ला विज्ञापन गर्नु भएको छ । अनि आज मात्र नेपाल खुल्ला विश्वविद्यालयले पनि पदाधिकारी नियुक्तिका लागि सूचना निकाल्यो । तसर्थ विधिमा आए त सबैले मान्नु पऱ्यो नि । त्यसो भएर मैले भन्छु यो राजनीतिले मात्र बिगाऱ्यो भन्ने होइन, मान्छेको inaction ले पनि बिगारेको हो । त्रिभुवन विश्वविद्यालयको VC नियुक्त गर्ने Criteria यति राम्रो छ कि उच्चस्तरको क्षमता बौद्धिकता भएको मान्छे ल्याउनका लागि कसैले बाटो रोकेको छैन । तर VC को लागि एउटा notice निकालौं, स्वभिमानी मान्छे एउटा search कमिटीमा निवेदन दिन जाँदैन । विश्वविद्यालयमा जाने र ल्याउने व्यक्तिको नियत ठिक हुने हो भने सबै ठिक भइहाल्छ तसर्थ यसमा ध्यान दिनु आवश्यक छ ।

शिक्षामा वैदेशिक लगानी आइरहेको छ, लगानीसँगै त्यसका पछाडि धेरै कुरा पनि साथमा आउन सक्छन् त्यसलाई नकार्न सकिँदैन हामी त्यो नलिन सक्छौं त्यसमा हाम्रो क्षमता कति छ त्यसले अर्थ राख्दछ । दाताहरूको सहयोग लिएपछि उनीहरूले बोलाउँछन् जानुपऱ्यो, छलफल गर्नु पऱ्यो, बहस् गर्नु पाख्ने, त्यहाँ हाम्रो बहस् गर्ने क्षमता कति छ भन्ने कुराले शिक्षामा हाम्रो प्राथमिकतालाई केन्द्रमा सक्दछ । अन्यथा उनीहरूको लगानीसँगै उनीहरूका एजेण्डा पनि साथमा आउँदैनन् भन्न सकिँदैन । तसर्थ सहयोग लिने हो भने हामीले हाम्रो क्षमतालाई बढाउनु पऱ्यो । हाम्रो शिक्षानीतिको भनाई विश्वमा प्रतिस्पर्धा गर्दा पनि कमजोर छैन, बालबालिकाको अन्तर्निहित क्षमतालाई उजागर गर्ने भन्ने कुरा दुनियाँमा एक हो, तर त्यसको संचरनागत विषय र कार्यान्वयको पाटो महत्वपूर्ण विषय हो । यस्ता कुरामा ध्यान दिँदै अगाडि बढ्यौं भने शिक्षामा धेरै सुधार गर्न सकिन्छ ।

**श्रीकृष्ण अनिरूद्ध गौतम**
लेखक, स्तम्भकार एवम् राजनीतिक विश्लेषक

नेपालको राजनीति बडो खराब छ किनभने संसदले संसदको काम गर्न सकेको छैन, कार्यपालिकाले कार्यपालिका जस्तो कार्य गरेको छैन, न्यायपालिकाले न्यायपालिका जस्तो कार्य गरेको छैन, कर्मचारीतन्त्र कर्मचारीतन्त्र जस्तो छैन, विश्वविद्यालय विश्वविद्यालय जस्तो छैन। अझ भनौँ कसैले पनि आ-आफ्नो कार्य पूर्ण रूपमा गर्न सकेका छैनौँ ।

माथिका कार्यहरूले कार्य नहुनु यो विश्वविद्यालयले जस्तो विद्यार्थी उत्पादन गर्‍यो हाम्रो प्रशासन त्यस्तै छ, हाम्रो राजनीति, न्यायालय, कार्यपालिका, व्यापारिक विविध क्षेत्र त्यस्तै नै छ । सम्भवतः आज संसदमा प्रतिनिधित्व गर्ने सर्वाधिक सदस्यहरू त्रिभुवन विश्वविद्यालयका उत्पादन हुन् । यदि हाम्रो राजनीति खराब छ भने हाम्रो विश्वविद्यालय ठिक छैन । अमेरिका, बेलायतको राजनीति किन सही छ भने त्यहाँका विश्वविद्यालय सही छन्, तर हाम्रो त्रिभुवन विश्वविद्यालय त्रिवि जस्तो छैन, काठमाडौँ विश्वविद्यालय काठमाडौँ विश्वविद्यालय जस्तो छैन, त्यस्तै अन्य विश्वविद्यालयहरू वा महाविद्यालयहरू ठिक भएनन् । त्यसकारण हाम्रो केन्द्रले काम गर्न सकेन, न्यायपालिका, कार्यपालिका, प्रशासन आदिको स्तर दिन प्रतिदिन घट्दै गइरहेको छ। यिनीहरूले काम गर्न सकिरहेका छैनन् । अर्थात् शिक्षा सही भएन भने कुनै कुरा पनि सही हुँदैन । शिक्षा कतिखेर र कसरी सही हुन्छ ? त्यसकारण नीतिका कुरा आउँछन् । हाम्रो नीति सही बनाउनु छ भने प्रमुख कारणमा गई त्यसलाई Diagnosis गरी त्यसको Root cause पत्ता लगाउनु पर्‍यो, यसको कारण के हो ? जबसम्म हामी कारण पत्ता लगाउन सक्दैनौँ तबसम्म समाधान पनि खोज्न सकिँदैन । तसर्थ यदि साँच्चिकै समाधान खोज्ने हो भने कारणको जरासम्म जानुपर्दछ ।

हाम्रो नीति, विश्वविद्यालय, राजनीति किन यस्तो छ भने अंग्रेजीमा 'We do job', हिन्दीमा हम नोकरी करते हैं तर नेपालमा हामी जागिर खान्छौँ । मन्त्री खान्छन्, न्यायाधीश खान्छन्, सांसदको जागिर खान जाँदैछन्, फलानोले ३ वर्षसम्म प्रधानमन्त्री खायो । हामीले उनीहरूलाई अनुमति दिएका छौँ कि काम नगर, खाएर आउ । तसर्थ, हामीले यस्तो खालको शब्दावली परिवर्तन गर्नुपर्ने हुन्छ । हाम्रो बोलीचालीबाट यो शब्दावली हटाउनुपर्ने हुन्छ । यसको पहल नेपालका प्रशासक, विश्वविद्यालयहरूले गर्नुपर्दछ । जबसम्म हामीले यो भाव बदल्दैनौँ, तबसम्म नीति परिवर्तन हुँदैन । अर्को हाम्रो समस्या भनेको हामीले समाजमा भएको शिक्षालाई मान्यता दिँदैनौँ । उदाहरणका लागि, एउटा किसानले कृषिमा क्रान्ति गरेको छ भने नेपालको कृषि विश्वविद्यालयले पहिचान गर्दैन । शिक्षा कहाँ हुन्छ भने समाजमा हुन्छ, ज्ञान कहाँ हुन्छ समाजसँग हुन्छ र त्यो समाजलाई नै हामीले पहिचान गर्ने हो ।

हाम्रो शिक्षाको प्रारम्भ जहाँसम्म मलाई लाग्छ दरबार हाइस्कुलबाट भएको हो । जुन नयाँ किसिमको वा नयाँ ढंगको थियो । त्यो शिक्षा भनेको उच्च सामाजिक वर्गहरूका लागि थियो । समाजका लागि

व्यक्ति निर्माण गर्नु थिएन शासकहरू निर्माण गर्नु थियो । त्यो शिक्षानीति नै अहिलेको प्रमुख जरा (root cause) हुन जान्छ। नीति निर्माण निर्वाचित सांसदहरूले गर्ने हो र प्रशासकहरूले सो नीतिलाई कार्यान्वयन गर्ने हो । नीति बनाउँदा दार्शनिकहरूले भविष्यलाई हेरेर निर्माण गर्दछन् भने राजनीतिले अहिलेको लागि बनाउँछन् । संसारका धेरै उन्नत देशहरूले कक्षा १२ सम्मको शिक्षालाई राज्यको जिम्मेवारी बनाएका छन्, अभिभावकको जिम्मेवारी बनाएका छैनन् । तर नेपालमा यहाँको शिक्षा व्यवस्थाले अभिभावकको ढाड सेकिरहेको छ।

१२ कक्षासम्म पढेका व्यक्ति कार्य बजारको लागि तयार हुनुपर्दछ र विद्यालय तहसम्मको शिक्षा अर्थात् १२ कक्षासम्मको सम्पूर्ण जिम्मेवारी राज्यले लिनुपर्दछ र यसरी शिक्षाको व्यापारीकरण गरिनु हुँदैन। नीतिमा त भनिएको छ, आधारभूत तहसम्मको शिक्षा राज्यले दिनुपर्दछ, निःशुल्क र अनिवार्य भनिएको छ तर निःशुल्क कतिले पढ्न पाएका छन् त ? त्यो डाटा राज्यसँग हुनुपर्ने हुन्छ। लगभग १० हजारदेखि १ लाखसम्म शुल्क लिने निजी विद्यालयहरू यहाँ धेरै मात्रामा छन् । एकातिर समता स्कुललाई राखौँ र अर्कोतर्फ रातो बङ्गला स्कुललाई राखौँ र अवलोकन गरौँ राज्यको नीतिअनुसार रातो बङ्गला स्कुल निःशुल्क छ या छैन। जसले कक्षा १२ पास गर्न सक्दैन, विद्यालय कक्षा पास गर्न सक्दैन त्यसलाई Equivalent को प्रमाणपत्र वा कार्य बजारका लागि equivalent शिक्षा पहिचान गर्नुपर्दछ।

# अध्यक्षको मन्तव्य

**प्रा.डा. भीमप्रसाद सुवेदी**
पूर्व उपाध्यक्ष, विश्वविद्यालय अनुदान आयोग

You already know enough, so do I. It's not knowledge we lack, what is missing is a courage to understand what we know and draw conclusions." तसर्थ हामीलाई कुनै ज्ञानको कमी त छैन केवल हामीलाई सही निर्णय लिने साहस चाहिएको छ। सम्भवतः यसले आजको छलफललाई समेट्दछ। अर्को हाम्रो समस्या भनेको "In this country everyone is interested in getting the job but not on the job." यो कुरा हामीमा पनि लागू हुन्छ।

सिंहदरबारभित्र र सिंहदरबार बाहिरको खाडल अझै पनि यथावत् नै छ भन्ने कुरा यहाँ छलफलको क्रममा निस्कियो र हाम्रो मुख्य कर्तव्य भनेको त्यो विभाजनको खाडललाई कसरी पुर्दै जाने भन्ने हो। किन त भन्दा अघि भनिएजस्तै नीतिका तीनवटा कुरा पढ्ने, कार्यान्वयन गर्ने र नतिजा के ? नतिजा के भन्ने कुरा त सिंहदरबार भित्र नै होला तर कार्यान्वयनको कुरा त सिंहदरबार बाहिर नै रहेछ नि। त्यहाँनिर चाहिँ त्यो खाडल अर्थात् gap त रहेछ नि यो कुरालाई हामीले पनि सोच्नुपर्ने देखिन्छ। हामीले शिक्षानीति बनाउँदा प्रमाणमा आधारित नीति भएन कि, नीति पछि त स्रोतसाधन चाहिन्छ, स्रोतसाधन पनि मापदण्डमा आधारित स्रोतसाधन निर्धारण गरेका छौं कि छैनौं ? यो बारेमा पनि हामीले चिन्तन गर्नुपर्ने हुन्छ।

शिक्षा र अनुसन्धान विदेशी सहयोगबाट आउँछ कि आउँदैन ? भन्ने सन्दर्भमा म यसलाई असम्भव चाहिँ भन्दिन तर त्यसमा आफ्नै समस्या छन्। त्रिवि अनुसन्धान आयोगमा कुनै आयोजना बन्दैछ त्यसमा जम्मा कुल १० प्रतिशत सरकारको र ९० प्रतिशत हाम्रै समाजको पैसा हुन्छ, तर त्यहाँका कर्मचारीहरू त्यो १० प्रतिशत पैसाको लागि ९० प्रतिशत त त्यसैको सेरोफेरोमा घुम्नु परेको हुन्छ। काम सञ्चालन गर्न त्यो १० प्रतिशतले गर्दा ढिलाइ भइरहेको हुन्छ। सबै समस्या त्यहाँनिर छ। तसर्थ हामी आत्मसञ्चालित अर्थात् स्वचालित हुनुपर्छ, स्वचालित छैनौं। दाताद्वारा सञ्चालित छौं तर त्यसले हामीलाई फाइदा गर्छ भने अप्ठ्यारो मान्नु हुँदैन, तर सकेसम्म हामी स्वचालित हुनुपर्छ।

शिक्षालाई हाम्रो परम्परासँग पूरै अलग नहुने गरी निरन्तर व्यवहारमुखी बनाउँदै लैजानुपर्दछ। अहिले हाम्रो उच्च शिक्षामा २० प्रतिशत विद्यार्थी मात्र विज्ञान तथा प्रविधि विषय अध्ययनरत छन्। त्यो हिसाबमा पनि अनुसन्धान शिक्षा पछाडि नै परेको छ। हामीले content मात्र होइन, यदि ५० प्रतिशत content छ भने ५० प्रतिशत अनुसन्धान र अन्वेषणमा जानुपर्छ। तसर्थ विदेशतिरको नीति हेर्ने हो भने पनि पाठ्यक्रममा academic banking of credit system हामीले बनाउनुपर्छ। त्यसमा एउटा विद्यार्थीले तीन credit को course pass गर्‍यो भने त्यो banking system मा जानुपर्छ र प्रत्येकमा उसलाई

certified गरिदिनुपर्छ र पछि उसले जुन सर्टिफिकेट लिन चाहन्छ भने त्यही सर्टिफिकेट दिनुपर्छ त्यसलाई रोक्नु हुँदैन। तसर्थ हामीले आफ्नो क्षेत्रमा म को हुँ ? राष्ट्रको शिक्षामा मेरो जिम्मेवारी के हो ? यो प्रश्न हरेकले आफूलाई सोध्नुपर्छ र त्यसको जवाफमा मेरो भूमिका के भन्ने कुरा पनि हामीले बुझ्नु जरुरी छ।

नीति बनाएको र नीतिमा लेखिएका कुराहरू कार्यान्वयनमा समस्या माथिल्लो तहबाट नै हुन्छ। कुनै पनि विश्वविद्यालयको आङ्गिक क्याम्पस खोलिनुको प्रमुख उद्देश्य भनेको त्यसले राम्रो प्रतिफल दिने, शिक्षकको शैक्षिक योग्यता बढाउने, विद्यार्थी राम्रोसँग पढ्ने वातावरण सिर्जना हुने, Graduation rate बढाउने हो। तर यी सबै विषयभन्दा पनि आफ्ना शिक्षकको जागिरको स्थायित्व कसरी हुने भन्ने पक्षमा त्यो उद्देश्य ढल्किएको देखिन्छ र त्यही कामका लागि कार्यान्वयन निकायमा बसेका व्यक्तिलाई मन्त्रीदेखि प्रधानमन्त्रीसमेतका फोन आउने गर्दछन्। यसमा हरेक व्यक्ति नीतिगत रूपमा आफ्नो निर्णयमा तटस्थ भएर बस्न सकियो भने कार्यान्वयनका कुराहरू सुध्रिँदै जान्छ। राजनीतिज्ञलाई जनताले क्षमा गरिदिन्छन् तर मजस्ता शिक्षाविद् अथवा मजस्ता कार्यान्वयन क्षेत्रका कर्मचारीलाई जनताले क्षमा दिँदैनन् र त्यसकारण म कुनै पनि हालतमा नीतिगत भ्रष्टाचार गर्दिन भन्ने कुरा हरेक शिक्षाविद् अथवा कार्यान्वयनस्तरमा रहेका व्यक्ति वा कर्मचारीहरूले बुझ्नु र बोल्नु जरुरी छ। तबमात्र हाम्रो शिक्षानीति बलियो हुन जान्छ। नीति निर्माण पक्षसँगै कार्यान्वयन पक्ष पनि राम्रो भयो भने मात्र समग्र विद्यार्थी, शिक्षक, अभिभावक, आम सर्वसाधारणको अपेक्षाले गति पाउन सक्छ।

# कार्यपत्र, टिप्पणी एवम् छलफलपश्चात् आएको निष्कर्ष

- वर्तमान नेपाली शिक्षानीतिमा नेपालको माटो अनुकूल र सनातन दर्शनका मूलभूत मान्यताभन्दा धेरै जसो पश्चिमेली विचार, शिक्षापद्धति र शिक्षानीतिको प्रभाव रहेको देखिन्छ।
- संविधानको मौलिक हकले आधारभूत तहको शिक्षा निःशुल्क एवम् अनिवार्य, माध्यमिक तहको शिक्षा निःशुल्क, कमजोर तथा विपन्न वर्गका बालबालिकालाई उच्चतहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ तर त्यसको कार्यान्वयन हुन सकेको छैन।
- विद्यालय शिक्षाभन्दा पहिला बालविकास, आधारभूत तहसम्मको शिक्षा मातृभाषामा लिन सकिने व्यवस्था गरिएको र कमजोर समुदायका बालबालिकालाई शिक्षामा विशेष व्यवस्था गर्नुपर्ने कुरा नीतिमा उल्लेख गरिएको छ तर त्यसको कार्यान्वयन हुनसकेको छैन।
- २००७ सालमा जम्मा २ प्रतिशतमा सीमित नेपालको साक्षरता दर हाल ८० प्रतिशत पुगेको छ। ८० लाखभन्दा धेरै विद्यार्थीहरू औपचारिक शिक्षामा सङ्लग्न छन् र आम नागरिकको सहानुभूति, अन्तरक्रियात्मक क्षमता तथा जिम्मेवारी बहन गर्ने क्षमता बढेको छ।
- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणलाई शिक्षापद्धतिको सुधारका लागि महत्वपूर्ण आधार मानिन्छ। राष्ट्रिय उपलब्धिको परीक्षणका करिब आधा दर्जन नतिजाले सिकाइ उपलब्धिमा सुधार नभएको देखाएको छ।
- उच्च शिक्षामा कोरा भर्नादर १५ प्रतिशत जति छ। उच्च शिक्षामा कक्षा दोहोऱ्याउने र कक्षा छोड्ने दर अझ उच्च छ भने धानिने दर कम हुँदै गइरहेको छ।
- संघीय शिक्षा ऐनको अभावमा स्थानीय सरकारमा निकै कानुनी अल्झन र समस्या पर्ने गरेको दृष्टान्तहरू छन्। कतिपय पक्षमा प्रयास गर्दागर्दै अदालतको झमेलामा फस्ने गरेको पाइन्छ।
- दलीय राजनीतिको प्रत्यक्ष प्रभाव शिक्षाक्षेत्रमा देखिन्छ। त्यसको अनुभव विद्यार्थी, शिक्षक र अभिभावकले गरेका छन्। कतिपय राजनीतिक दलमा शिक्षकहरू सक्रिय सदस्य र पदाधिकारी नै रहने उनीहरूको नीतिमा नै छ।
- शिक्षा नियमावलीमा प्रधानाध्यापकको योग्यता, छनोट, नियुक्ति, काम र कर्तव्यको व्यवस्था भए तापनि अधिकार पालना, अपेक्षित रूपमा अनुगमन, मूल्याङ्कन, सहयोग र सहजीकरण हुन सकेको छैन।
- शिक्षामा राज्यले गर्नुपर्ने लगानी न्यूनतम मापडण्ड अनुसार राष्ट्रिय बजेटको २० प्रतिशत लगानी गर्नुपर्ने विश्वव्यापी मान्यता छ तर नेपालमा त्यसको कार्यान्वयन हुन सकिरहेको छैन।
- उच्च शिक्षामा पदाधिकारी नियुक्तिको निश्चित मापदण्ड नहुँदा राजनीतिकरण व्याप्त भएको छ। बिना आधार विश्वविद्यालय खोलिनु, क्षेत्रीय सोचले खोलेका विश्वविद्यालयहरू पनि राष्ट्रिय विश्वविद्यालय

जस्तै फैलिने अवस्था आउनु, विश्वविद्यालयले प्राज्ञिक पात्रो निर्माण तथा कार्यान्वयन गर्न नसक्नु मुख्य समस्याका रूपमा देखिन्छन् ।

- राजनीतिक दलहरूले चुनावी घोषणापत्रमा ७० प्रतिशत प्राविधिक र व्यावसायिक जनशक्ति उत्पादन गर्छौं भने पनि नीति निर्माणमा त्यसको परिणाम देखिँदैन ।
- कुन ठाउँमा कस्तो शिक्षाको आवश्कयता पर्छ भन्ने पहिचान नगरी धमाधम शिक्षणसंस्था खोल्ने, शिक्षकविना कार्यक्रम सञ्चालन गर्ने प्रवृत्ति बढिरहेको छ साथमा प्राविधिक विषयहरू अध्यापनमा व्यावहारिक सिप सिकाइभन्दा परीक्षामा उत्तीर्ण हुनुलाई मात्र महत्व दिनेजस्ता समस्याहरू बढ्दै गइरहेका छन् ।
- समग्र उच्च शिक्षाका लागि छाता ऐन ल्याउने भनिएको दुई दशकभन्दा बढी भए तापनि छाता ऐन जारी हुन सकेको छैन । २०२८ सालमा जारी गरिएको शिक्षा ऐन पटक पटक संशोधन हुँदै हालसम्म पनि त्यसैले काम गरिहरहेको अवस्था छ ।
- शिक्षानीतिको मुख्य उद्देश्य सिकाइ हो । । यसकारण शिक्षाका सबै नीतिगत प्रयास सिकारूसँग जोडिएको हुनपर्दछ भन्ने मान्यता छ । शिक्षानीतिको दिव्यदृष्टि विद्यार्थी केन्द्रित भयो कि भएन भन्ने कुरामा ध्यान दिइएको देखिँदैन ।
-

**सत्र–३**

# नेपालको उच्च शिक्षा : अवस्था, चुनौती र आगामी दिशा

दुई दिवसीय शिक्षा कार्यशालाको प्रथम दिनको द्वितीय सत्रमा वरिष्ठ शिक्षाविद् एवम् राष्ट्रिय योजना आयोगका पूर्व सदस्य प्रा. डा. पुष्कर बज्राचार्यज्यूले उच्च शिक्षाको सन्दर्भमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त सत्रमा नेपाल संस्कृत विश्वविद्यालयका पूर्व उपकुलपति प्रा. डा. कुलप्रसाद कोइरालाले अध्यक्षता गर्नु भएको थियो भने कार्यपत्र माथि त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति प्रा.डा. तीर्थ खनिया, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक प्रा.डा. वासुदेव काफ्ले एवम् त्रिभुवन विश्वविद्यालय योजना महाशाखाका निर्देशक प्रा.डा. ध्रुवकुमार गौतमज्यूले टिप्पणी गर्नु भएको थियो । सो सत्रको सञ्चालन त्रि.वि दूर शिक्षा केन्द्रका निर्देशक सह-प्रा.डा. गङ्गाराम गौतमज्यूले गर्नु भएको थियो ।

प्रा.डा. पुष्कर बज्राचार्यज्यूले कार्यपत्रमा नेपालको उच्च शिक्षाको अवस्था, उच्च शिक्षानीति, Student enrollment, नेपालको उच्च शिक्षामा देखिएका समस्या तथा चुनौतीहरूर त्यसको आगामी कार्यदिशा जस्ता गहन विषयमा विषय उठान गर्नुभएको थियो । उच्च शिक्षाले जागिर खोज्ने जनशक्ति मात्र उत्पादन नगरी जागिरका लागि विभिन्न अवसरहरूको सिर्जना गर्ने व्यक्ति पनि उत्पादन गर्नु पर्ने कुराहरू, नतिजामुखी अभियान सहितको उच्च शिक्षामा रूपान्तरणको आवश्यकता, नेपालमा उच्च शिक्षासँग सम्बन्धित नीतिहरू समय सान्दर्भिक हुनुपर्ने, उच्च शिक्षा प्रदानका लागि नयाँ विश्वविद्यालयहरूको स्थापनामा त्यसको आवश्यकता र औचित्य पुष्टि गरेर मात्र नयाँ विश्वविद्यालय स्थापना गर्ने कुराको विषयमा पनि उहाँले विषय प्रस्तुत गर्नुभएको थियो ।

साथमा उच्च शिक्षामा गरिएको र गरिनुपर्ने लगानी तथा त्यसका स्रोतहरूको विषय, चुनौती र त्यसलाई समाधान गर्न अपनाउनुपर्ने रणनीतिहरू पनि प्रस्तुत गर्नुभएको थियो । विश्वविद्यालयहरूको उच्च शिक्षामा पहुँच एवम् गुणस्तरीयताका कुरा, उच्च शिक्षामा सीमित एउटै सङ्कायप्रतिको विद्यार्थीहरूको आकर्षणका कारण भविष्यमा जनशक्तिको वितरणमा आउने असमानताको समस्या र यसलाई समाधान गर्न चाल्नुपर्ने कदम, उच्च शिक्षामा खोज तथा अनुसन्धानलाई अझ बढी प्राथमिकता दिइनुपर्ने जस्ता विषयहरू पनि उहाँले कार्यपत्रमा उठान गर्नुभएको थियो ।

शिक्षण पद्धतिलाई पाठ्यक्रमको संरचनामा मिल्ने भन्दा पनि बजार र भविष्यको सामाजिक, सांस्कृतिक साथै राष्ट्रिय आवश्यकतालाई समेट्ने गरी परिमार्जन गरिनुपर्ने विषय कार्यपत्रमा प्रस्तुत भएको थियो । कतिपय विदेशी विश्वविद्यालयहरूले विना अनुमति नै नेपालमा शैक्षिक संस्थाहरू आफू खुसी सञ्चालन गरिरहेका र ती शैक्षिक संस्थामा भर्ना, पढाइ तथा परीक्षा कुनै पनि विषयमा सरकारको अनुगमन नभइरहेको जस्तो अत्यन्त गम्भीर विषयलाई कार्यपत्रले उठान गरेको छ ।

शिक्षण सिकाइ क्रियाकलापलाई नतिजामुखी, उद्देश्य केन्द्रित तथा समाजको प्राथमिकतालाई समेट्न सक्ने गरी परिमार्जन गरिनुपर्ने कुरा, शिक्षण पेशाप्रति विद्यार्थीहरूको घट्दो आकर्षण र यसलाई रोक्न चाल्नुपर्ने कदमका कुरा, उच्च शिक्षाका लागि शिक्षकहरूको क्षमताभन्दा पनि बढी राजनीतिक हस्तक्षेपद्वारा नियुक्ति गरिने कुरा, समाजमा आवश्यक जनशक्ति निर्माणका लागि knowledge, skill र attitute को विषय पनि उहाँले आफ्नो प्रस्तुति दिनुभएको थियो ।

प्रा.डा. पुष्कर बज्राचार्यज्यूले प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि टिप्पणीकर्ता प्रा.डा तीर्थ खनिया, प्रा.डा. वासुदेव काफ्ले र प्रा.डा. ध्रुवकुमार गौतमले टिप्पणी गर्नुभएको थियो भने प्रा.डा. कुलप्रसाद कोइरालाले सत्रमा आएका सबै विषयलाई सङ्कलन गर्दै अध्यक्षीय मन्तव्य व्यक्त गर्नुभएको थियो । सत्रको अन्त्यमा कार्यपत्र प्रस्तुतकर्ता, टिप्पणीकर्ता र अध्यक्ष सबैलाई स्मृति चिह्न प्रदान गरिएको थियो ।

(**कार्यपत्रको पूर्ण पाठ अनुसूची २ मा समावेश गरिएको छ ।**

**टिप्पणीकर्ताहरूद्वारा व्यक्त विषयको सारांश यसको साथमा संलग्न गरिएको छ ।**)

# टिप्पणी

**प्रा.डा. ध्रुव कुमार गौतम**
निर्देशक, योजना महाशाखा, त्रि.वि.वि.

नेपालको परिप्रेक्ष्यमा उच्च शिक्षाको अवस्था, विश्वविद्यालयहरू खोलिएका र विश्वविद्यालयको वर्तमान विद्यार्थी सङ्ख्या र विद्यार्थीहरूको अवस्था मात्र नभई enrollment pattern कसरी छ ? कसरी गइरहेको छ र विभिन्न अनुसन्धानहरूमा विद्यार्थीहरू कसरी भर्ना भइरहेका छन् यसमा बहस हुनु आवश्यक छ । खास गरी उच्च शिक्षा निजी हुनुपर्छ कि सार्वजनिक हुनुपर्छ भन्ने सन्दर्भमा निकै ठुलो बहस छ । हाम्रो देशको संविधानले समाजवादप्रति प्रतिबद्ध राज्य भन्दै जाँदा र उच्च शिक्षालाई कसरी निःशुल्क गर्न सक्छौँ वा उच्च शिक्षामा हामीले निजी वा सार्वजनिकको बहसलाई कसरी बैठानमा पुऱ्याउन सक्छौँ भन्ने विषय गहन रहेको छ । कतिसम्म राज्यले लगानी गर्न सक्छ, कति विश्वविद्यालयहरूमा निजी स्रोतलाई वा अन्तर्राष्ट्रिय स्रोतलाई हामीले आह्वान गर्नुपर्छ र त्यस्ता विश्वविद्यालयहरू सञ्चालित हुनुपर्छ भन्ने कुरा एउटा एजेन्डा हो भन्ने मलाई लाग्छ । यसरी हेर्दा उच्च शिक्षाको लगानीमा राज्यतर्फको लगानी गर्ने कुराहरूमा जोड दिएका छौँ । तर शिक्षामा राज्यको लगानी कति छ भन्ने कुराको बहस पनि उठाउनुपर्ने हुन्छ । वास्तवमा नेपालमा २०२१ सम्म आउँदा शिक्षामा लगानी ११ प्रतिशतमा झरेको छ । शिक्षामा राज्यको लगानी घट्दै गएको अवस्थामा शिक्षा बजेटमा उच्च शिक्षाको बजेट लगभग ८ प्रतिशत मात्रै छ । एकातिर कुल बजेटको ११ प्रतिशत शिक्षालाई दिइएको छ, त्योमध्ये पनि ९० प्रतिशतभन्दा धेरै आधारभूत र माध्यमिक शिक्षामा गएको छ । उच्च माध्यमिक शिक्षामा त खासै भएको पनि छैन । यसरी हेऱ्यो भने स्कुलिङमा चाहिँ अत्यन्तै धेरै ८० प्रतिशतभन्दा बढी बजेट जान्छ भने बाँकी रहेको ८/९ प्रतिशत हाराहारीको बजेट उच्च शिक्षामा लगानी हुने गरेको छ । त्यही बजेटबाट हामी गुणस्तरको कुरा उठाइरहेका छौँ, भौतिक संरचनाको कुराहरू उठाइरहेका छौँ, विश्वविद्यालयभित्र अनुसन्धान तथा विकासका कुराहरू उठाइरहेका छौँ । तर त्यो स्रोत के हो भन्ने सन्दर्भलाई हामीले एउटा उठान गर्नुपर्छ । अहिलेको सन्दर्भमा हेर्ने हो भने १५ वटा विश्वविद्यालहरूमध्ये ९ वटा विश्वविद्यालयमा पाँच हजारभन्दा कम विद्यार्थीहरू छन्, यो बहसको विषय हो । बहु विश्वविद्यालयको अवधारणा भए पनि विश्वविद्यालयमा विद्यार्थी भर्नाको बेमेल अहिले पनि कायम छ । औसतमा हेर्दा ८० प्रतिशतको हाराहारी विद्यार्थी त्रिभुवन विश्वविद्यालयमा जान्छन् । अब यस्तो अवस्थामा बाँकी रहेका विद्यार्थीहरू मात्र अन्य विश्वविद्यालयहरूमा बाँडिएको अवस्था छ । त्यसै कारणले बहु विश्वविद्यालयमा गए पनि बहु विश्वविद्यालयहरूले विद्यार्थीलाई आकर्षण गर्न सकेनन् । यसले एउटा रूप के देखाउँछ भने विश्वविद्यालयको आकार घटाएर थुप्रै विश्वविद्यालय खोल्दैमा सानो विश्वविद्यालय बनाउँदैमा विश्वविद्यालय राम्रो भइहाल्छ, यो त गुणस्तरको हुन्छ, यो त प्रभावकारी हुन्छ, यो त विश्वस्तरको हुन्छ भन्ने कुरा पनि हाम्रो मनस्थितिमा राख्नु हुँदैन । वास्तवमा साना विश्वविद्यालयहरू हुँदैमा पनि

हुँदो रहेनछ । हाम्रै परिप्रेक्ष्यमा पनि हामीले उदाहरण देखिसक्यौँ कि हाम्रा अभिभावकहरूले ती साना विश्वविद्यालयहरू अथवा पछि खुलेका विश्वविद्यालयहरूलाई विश्वास गर्न नसकेको अवस्था हो कि युवा पिँढीले विश्वास गर्न नसकेको अवस्था हो, किन हो, विद्यार्थीहरू त्यहाँ गएको अवस्था छैन ।

जनशक्ति आवश्यकताको प्रक्षेपण पनि नेपालमा खासै हुन सकेको छैन । कुनै बेला कुनै सन्दर्भमा भएका होलान् । कतिपय त प्रतिवेदनका रूपमा प्रकाशन भएर पनि आउन सकेनन् । मलाई थाहा थियो किनभने यो १९-२० को परिवेशतिर चाहिँ नेपाल सरकारले एउटा जनशक्ति प्रक्षेपण गरेको थियो । म पनि त्यो समितिमा थिएँ तर राज्यले त्यसलाई बाहिर ल्याउँदै ल्याएन । कयौँ यस्ता प्रतिवेदनहरू बाहिर नआएका होलान् तर कुन क्षेत्रमा कति जनशक्ति चाहिने हो ?, हामीलाई विज्ञान पढेका कति चाहिने हो ?, शिक्षा पढेका, व्यवस्थापनका कति चाहिने हो ? अझ IT का कति ? मेडिकल पढेका कति ? राज्यसँग कुनै डाटा छैन । कति जनशक्ति यो देशलाई आवश्यक छ भनेर तोकेको छैन । जहाँ जुन ठाउँमा जे पायो त्यहीँ पढ्यो, त्यही विषयको हुँ म भनेर आयो । यसरी चाहिँ राज्यसँग जनशक्ति प्रक्षेपण नहुनु दूर्भाग्यपूर्ण अवस्था छ । जनशक्तिको प्रक्षेपण बिना विश्वविद्यालय भनेका के हुन् ? विश्वविद्यालय जनशक्ति उत्पादनका क्षेत्रहरू हुन् । जब राज्यले यति जनशक्ति चाहिन्छ भनेर तोक्छ त्यसपछि पो विश्वविद्यालय चाहिन्छ । जब यो देशमा जनशक्ति कति चाहिन्छ भन्ने आँकलन राज्यसँग छैन, तर पनि हामी दिनरात के भनिरहेका छौँ भने यति विश्वविद्यालय चाहिन्छ यति विश्वविद्यालय खोल्नुपर्छ तर के पढाउने हो थाहा छैन ।

राष्ट्रमा कति वटा विश्वविद्यालयको आवश्यकता छ भन्ने प्रसङ्गमा सरसर्ती हेर्दा बीस हजारदेखि चालिस हजार विद्यार्थी भएका विश्वविद्यालयहरू धेरै राम्रा र सफल देखिन्छन् । जनसङ्ख्याको आधारमा हेर्ने हो भने नेपालको जनसङ्ख्यासँग हाराहारी भएका देशहरू जस्तै : क्यानडामा ३.७७ करोड जनसङ्ख्या रहेको छ जहाँ ९६ वटा विश्वविद्यालयहरू छन् । मलेसियामा ३.२३ करोड जनसङ्ख्या छ जहाँ १२१ वटा विश्वविद्यालय छन्, जसमध्ये ४० वटा सार्वजनिक हुन् भने ८१ वटा निजी छन् । घानामा ३.१० करोड जनसङ्ख्या रहेको छ जहाँ ७४ वटा विश्वविद्यालयहरू छन्, जसमध्ये २४ वटा सार्वजनिक र ५० वटा निजी हुन् । नेपालमा २.९१ करोड जनसङ्ख्या छ जहाँ १५ वटा विश्वविद्यालय छन् । त्यसै गरी अस्ट्रेलियामा २.५४ करोड जनसङ्ख्या छ, जहाँ ४३ वटा विश्वविद्यालय छन् भने ताइवानमा २.८३ करोड जनसङ्ख्या छ, जहाँ १४० वटा विश्वविद्यालय छन् ।

एकल वा बहु विश्वविद्यालय कस्तो विश्वविद्यालय हुनुपर्छ भन्ने विषयमा हामी कहाँ पनि एकल र बहु विश्वविद्यालयहरूको केही अवधारणाहरू देखिन्छ । कृषि विश्वविद्यालय एकल विश्वविद्यालय हो कि भन्ने अनुमान गर्न सक्छौँ । तर पनि एकल विश्वविद्यालय भएका थुप्रै देशहरूमा हेऱ्यो भने सबैभन्दा नजिक इन्डिया छ जहाँ २० वटा IIM छ, २३ वटा IIT छ, ३१ वटा NIT छ, तर त्यहाँ पनि बहु विश्वविद्यालय बनाउने अवधारणा आएको छ । भारतको पछिल्लो शिक्षानीतिले IIT ले पनि मेडिकल चलाउनुपर्छ भनेको छ । किनभने विश्वविद्यालय भनेको के हो ? विश्वविद्यालय भनेको बहुआयामी

भनी भनेको छ। त्यसै कारणले बहुविश्वविद्यालयहरूको अवधारणा भएको छ। विश्वविद्यालय ज्ञानको उपार्जनको क्षेत्र हो, ज्ञान उपार्जन गर्ने ठाउँ हो । अब हामी सन्दर्भ हेरौँ हाम्रो विश्वविद्यालयको ज्ञान उपार्जनको अवस्था के छ ? अहिले पनि हामी हेर्‍यौँ भने विश्वमा कहिले ७८ कहिले ७९ यस्तै दरमा विश्वको rating मा आउने गर्छौं। विश्वविद्यालय भनेको त तीन वटा काम हुने मुख्य रूपमा भन्ने गर्छन्। एउटा भनेको ज्ञान decimate गर्ने, दोस्रो भनेको ज्ञान उत्पादन गर्ने र तेस्रो भनेको ज्ञानको प्रचार गर्ने हो । यी तीनवटा कामहरू हाम्रा विश्वविद्यालयहरूले कतिसम्म गर्न सकेका छन् भनेर हेर्‍यौँ भने ज्ञान उत्पादन गरेको मापन गर्ने को हो ? कसले मापन गर्छ भन्ने कुरा यसले कति प्रभाव पार्न सकेको छ, यो कति decimate भएको छ र यसलाई मापन गर्ने निश्चित प्रकाशनलाई मानिन्छ। जहाँ भन्ने हो भने विश्वस्तरका प्रकाशन सार्वजनिक ज्ञानलाई decimate गर्छन् । त्यहाँ हामी पुग्न सक्यौँ र कति प्रकाशन गर्न सक्यौँ यसलाई आधार मान्नुपर्ने हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक हामी कहाँ कसरी आएका छन् दुःखका साथ भन्नुपर्छ जुस खुवाएर पनि हामी कहाँ शिक्षक आउने गर्छन् । धर्ना दिएर शिक्षक आउने गर्छन्। Back door बाट पनि शिक्षक आउने गर्छन्। आन्दोलनबाट पनि शिक्षक आउने गर्छन्। अनि हामी अनुसन्धानका कुराहरू गर्ने, प्रकाशनका कुराहरू गर्ने, विश्वस्तरका कुराहरू गर्ने, विश्वका वैज्ञानिकहरूसँग हाम्रा शिक्षकहरू प्रतिस्पर्धा हुनुपर्छ भन्ने यो कुरा प्राज्ञिक विद्यार्थी परिषद्ले निकै गहनताका साथ उठाओस् भन्ने अनुरोध गर्दछु।, अर्को गहन विषय हाम्रो देशका विश्वविद्यालयहरूले ज्ञान दिइरहेका बेला अन्य देशका विश्वविद्यालयहरूले नेपालमा कलेजहरू खोलेका छन्, तिनीहरूको आवश्यकता छैन। यदि खोल्ने हो भने विदेशी लगानी र प्राध्यापक हुनु आवश्यक छ। नेपाल सरकारले यस प्रकारको अनुमति दिएको छ। थुप्रै विषयहरू छन् तर यी उठान मात्र हुन् बैठान हैनन् भन्दै मेरो कुराहरू यहीँ राखेँ धन्यवाद।

**प्रा.डा. वासुदेव काफ्ले**
प्राध्यापक, त्रिभुवन विश्वविद्यालय

मैले चाहिँ दुईचार वटा विषय उठाउन गर्न मात्र खोजेको हो । एउटा मुद्दा के हो भने उच्च शिक्षा कस्तो हुनुपर्ने त mass-friendly हुनु पर्ने कि elite friendly हुनुपर्ने त ? जुन एउटा मुद्दा यसरी उठोस् भन्ने मैले चाहेँ । mass-friendly भनेको जनमैत्री र elite friendly भनेको छनौटमैत्री । हुन त एउटा सन्दर्भमा पुष्कर बज्राचार्य सरले पनि भनिसक्नुभएको छ यो पहुँचने त ? पहुँच तचाहिँ कति ठुलो बनाउ हुनु पर्ने समतामूलक हुनुपर्ने कि छनौट मुलक हुनुपर्ने भन्ने विषय पनि उठाउनुभएको छ। उहाँको आशय चाहिँ के हो भने उच्च शिक्षामा जुन पहुँच छ त्यो पहुँच चाहिँ जनमैत्री हुनु हुँदैन । अर्को कुरा मैले के हेर्न पनि खोजे भने उच्चस्तरको गुणस्तर र गुणस्तरसँग आउने उत्कृष्टता र उत्कृष्टतासँग आउने सन्तुष्टि यी कुराहरू सँगसँगै आउनुपर्छ । सँगसँगै आउने पाँच वटा सूचकहरू छन् । त्यो सूचकहरूको बारेमा पनि हामीले कुरा गर्नुपर्छ कि भन्ने मलाई लाग्छ। पहिलो सूचक त के हो भने निश्चित अपेक्षा बोकेर आएका विद्यार्थी उच्च शिक्षामा प्रवेश गरुन् । यो अपेक्षा बोक्दै नबोकेको विद्यार्थी उच्च शिक्षामा प्रवेश नगरोस् भन्ने हो । त्यसो भएर एउटा परीक्षा आएको छैन त्यो पनि हुन सक्छ हुनुपर्छ भन्ने मलाई लाग्छ। अब higher education drive of change हो कि change is the driver of higher education ? यो धेरै ठुलो प्रश्न छ। नेपालको परिप्रेक्ष्यमा हेर्दा यो के हो त ? परिवर्तन उच्च शिक्षाले ल्याएको हो कि ? परिवर्तनले उच्च शिक्षालाई ड्राइभ गरिरहेको छ त ? यो चाहिँ अब हामीले पाठ्यक्रमको बारेमा कुरा गर्नुपर्ने हुन्छ। अब गन्तव्य के हो त ? प्रक्रिया के हो त ?

दोस्रो उच्च शिक्षाको गुणात्मकता, सन्तुष्टि अथवा उत्कृष्टताको परिचायक के पनि रहेछ भने प्रक्रियाको कुराहरू रहेछ । जुन प्रक्रिया हामीले उच्च शिक्षामा प्राय संस्थाहरूमा अपनाइरहेछौँ त्यो कति interactive छ र कति सहभागितामूलक छ र कति assimilative छ ? विद्यार्थीको सक्रियता सहभागितालाई यसले आह्वान गर्छ कि गर्दैन ? दोस्रो परीक्षा चाहिँ त्यो हो । तेस्रो चाहिँ के रहेछ भने Teaching, learning environment आफैँ गुणस्तरीय छ कि छैन ? कयौँ ठाउँमा हाम्रा प्रायः उच्च शिक्षा संस्थाहरू नै गोठ जस्ता छन् । अब गोठभित्र गाई पस्ने हो कि नपस्ने भन्ने कुरा आयो । सफा गोठ छ भने पस्छन् हैन अब गोठभित्र पस्न सकिँदैन भने पस्न चाहिँ गाह्रो हुन्छ। त्यही सूचकले गर्दा कति Stimulating छन् हाम्रो उच्च शिक्षा प्रदायकहरू ? हाम्रो शिक्षामा यी मुद्दाहरू छन् । चौँथो परीक्षा चाहिँ मैले निवेदन गर्न खोजेको कुरा के हो भने जुन content को कुरा सरले गर्नुभयो content भनेको पाठ्यवस्तुको विषय । पाठ्यवस्तु अथवा पाठ्यपुस्तक भनौँ, यिनीहरू के छन् त ? पुरातन नै छन् कि अत्यावधिक भएका छन् कि ? कसरी आएका छन् ? गंगाराम सरले केही वर्ष अगाडि एउटा सिकाइ पुस्ताको कुरा ल्याउनु भएको थियो । यो English मा मात्र लागू नभएर सबै ठाउँमा पनि लागू हुने कुरा हो । सिकाइ पुस्ता भनेको अबको २०-२५ वर्षमा अहिले हामीले जे सिकेका छौँ त्यसको उपादेयता हटिसकेको हुन्छ । त्यसो भएको हुनाले हाम्रो उच्च शिक्षाले यो कुरा सोच्ने कि नसोच्ने ? हामीले

भिजन २०२० अथवा भिजन २०३० बनायौँ भने Learning generation का कुराहरू, Learning management का कुराहरू उच्च शिक्षा संस्थाले सोच्नुपर्ने हुन्छ । अब यसो भन्दा भन्दै उच्च शिक्षाको गन्तव्यका कुराहरू हामीले गऱ्यौँ, गरौँला । यहाँ अनुसन्धान हुनुपऱ्यो, यहाँ प्रशिक्षण हुनुपऱ्यो, यहाँ पाठ्यक्रम हुनुपऱ्यो, यहाँ अनुसन्धानको प्रसारण पनि हुनुपऱ्यो आदि इत्यादि कुराहरू भए । अन्तिममा अब हाम्रो knowledge, skill and attitude मा यी साइटिकल अर्डरमा प्रायः उच्च शिक्षा संस्थाहरू जानुपर्छ कि भन्ने सरको जुन भनाइ हो त्यो भनाइलाई चाहिँ हार्वड युनिभर्सिटीले २०१० मा गरेको एउटा अनुसन्धानले अलिकति परिवर्तन गऱ्यो । उसले के भन्यो भने its not problem having no knowledge its neither problem having no skill. it is the problem having appropriate attitude. अब order चाहिँ परिवर्तन हुनुपऱ्यो । यसको पाठ्यक्रममा के पढ्नुपऱ्यो त? यसको order कसरी जानुपऱ्यो? its start with the Attitudinal Building. Attitude Building Processes बाट शुरु हुनुपऱ्यो । किनभने अब ज्ञानको स्रोत चाहिँ गुरु मात्र हैन, विश्वविद्यालय मात्रै हैन । यसको स्रोत चाहिँ बृहत् भइसक्यो । त्यसैले गर्दा we are knowledge provided institution भनेर भन्नुभन्दा पनि Are we building the Attitude a system? त्यो गरेको छ कि छैन, त्यहाँबाट शुरू हुनुपऱ्यो । त्यसो भएको हुनाले यो Knowledge Skill र Attitude जुन order छ त्यो order लाई हार्वडको अनुसन्धानले ब्रेक गऱ्यो । त्यसलाई के गऱ्यो भने पहिला KSA Knowledge Skill र Attitude थियो । अब यो चाहिँ Attitude, Skill and Knowledge मा जानुपऱ्यो । किनभने Knowledge को श्रोत चाहिँ धेरै छ र जहाँबाट पनि ज्ञान लिन सकिन्छ । त्यसैले गर्दा विश्वविद्यालय उच्च शिक्षाले मात्रै यो प्रदान गर्दछ भनेर भन्न मिल्दैन । त्यसकारणले के Building गर्नु जरुरी छ भने Skill and Knowledge हैन कि Attitude Building चाहिँ एकदम महत्वपूर्ण रहेछ भनेर त्यो अनुसन्धानले यी कुरालाई अगाडि बढाए । त्यसपछि हार्वड विश्वविद्यालयले आफ्नो कार्यक्रमहरूमा पूर्ण संशोधन पनि गऱ्यो र reorient पनि गरिसकेको अवस्था छ । अन्तिममा सरले के भन्नुभयो product का कुरा, product चाँहि productive human resource हुनुपऱ्यो । product को कुरो बजारमा कति बिक्रि योग्य छ ? बजारमा यसको बिक्रि क्षमता एकदम उच्च हुनुपऱ्यो भन्ने कुरा त्यसमा विमत्ति छैन । त्यसैले यी पाँचवटा परिचायकहरूको लागि सायद आगामी दिनमा जुन बहसूहरू हुन्छन् जुन मुद्दाहरूको बारेमा डा. ध्रुव गौतमले भन्नुभयो, ती मुद्दाहरूसँग यी कुराहरू मिसिनुपर्छ होला भन्ने मलाई लाग्छ । अहिले पछिल्लो अनुसन्धानमा युनेस्कोले चाहिँ के भनेको छ भने त्यसो हो भने हामीले उच्च शिक्षालाई साँच्चै नै अर्थपूर्ण बनाउने हो भने त के गर्नुपर्छ four E approach अपनाउनुपऱ्यो कि भन्ने विषयलाई अगाडि बढाए । पहिलो E engage भनेको we should engage our students. दोस्रो Enable, we should also enable them. तेस्रो enrich, we should also enrich them with meaningful experiences. अन्तिममा Empower उनीहरूलाई सशक्त बनाउने । यी चार विषयमा पनि हाम्रो शिक्षा केन्द्रित हुनु पर्दछ कि भन्ने विषयमा सबैले सोच्नु पर्दछ कि भन्ने मेरो धारणा हो । धन्यवाद ।

**प्रा.डा. तीर्थ खनिया**
पूर्व उपकुलपति, त्रिभुवन विश्वविद्यालय

मैले एउटा विषय मात्र उठान गर्दछु । पुष्कर सरकै कार्यपत्रमा टेकेर मैले एउटा चाहिँ नीतिको कुरा गर्छु । नीतिको कुरामा उहाँले UMBRELLA को कुरा जोड्नु भएको छ । उहाँ र म दुवैजना UNI को सदस्य भएर काम गर्दा हामीले umbrella को बारेमा कुरा गरेको हो । एउटा कानुन मन्त्री मन्त्रिपरिषद्मा प्रस्ताव लाने mini parliament को टिममा हुनुहुन्थ्यो । म UNI को सदस्य शिक्षा हेर्ने, उहाँले फटाफट विश्वविद्यालय खोल्ने कुरा गर्नुभयो, मैले विश्वविद्यालय खोल्न के के तयारी गर्नु पर्दछ सारा कुराहरू गरिसकेपछि उहाँले भन्नुभयो : सरको कुरा असाध्यै राम्रो, निर्णय हामी गर्छौं, विश्वविद्यालय खोल्छौं भन्नुभयो । यो अहिले पुष्कर सरले र अरू साथीहरूले भने जस्तै उहाँले खोलेको विश्वविद्यालय अहिलेसम्म नबनाएदेखि कहिँले पनि विश्वविद्यालय बन्दैन त्यस्तो विश्वविद्यालय खोल्न हामी हिँड्या छौं । मैले मेरो विगतका document मा पनि भनेको छु विश्वविद्यालय खुल्दैनन् विश्वविद्यालय बन्छन् । विश्वविद्यालय खुल्दैन विश्वविद्यालय बन्छ भनेको के हो भने एउटा कलेज विश्वविद्यालय सरह, विश्वविद्यालय जतिकै सम्मानित, योग्य, प्रतिस्पर्धात्मक, गुणस्तरीय, विषयवस्तुमा, प्रज्ञामा सबै कुरामा एउटा महाविद्यालय जब विश्वविद्यालय लायक हुन्छ अनि सरकारले यसलाई विश्वविद्यालय घोषणा गर्छ । त्यसैले नखुल्ने विश्वविद्यालयहरू हामीले खोल्यौं ।

कहिँले काहीँ मलाई के लाग्छ भने तपाईँ document राम्रोसँग हेर्नुभयो भने राणाहरू शिक्षा विरोधी पनि हुन्, विश्वविद्यालय विरोधी पनि हुन्, तर त्यो शिक्षा र विश्वविद्यालयको अभ्यास उनीहरूले नाटकै भए पनि गरे नि, तर २०६२/०६३ पछाडि शिक्षामा भएको नाटकभन्दा त्यो राणाको समयको नाटक राम्रो थियो ।

पुष्कर सरले ठुलो मात्रामा विद्यार्थी विदेश गए भन्नुभएको छ । म यसमा अलि विस्तृतमा जान्छु, यो कुरा कहाँबाट शुरु भयो भन्दा अहिलेको हाम्रो अवस्था, जहाँ विद्यार्थी विदेश पलायन भइरहेका छन्, अहिले पछिल्लो चरण उहाँले एक लाख तीन हजार विद्यार्थीले NOC भरेका छन् भन्नुभयो । मैले सम्बन्धित निकायसँग कुराकानी गर्दा एक वर्षभित्रमा एक लाख चौबिस हजार विद्यार्थीको NOC जम्मा भइसकेको थियो । त्यो पटक उच्च माध्यमिक शिक्षा परिषद्को १२ कक्षा पास गर्ने विद्यार्थी संख्या जम्मा दुई लाखको हाराहारीमा थियो । NOC एक लाख चौबिस हजारले दिँदा लगभग पचासी हजार विद्यार्थी बाहिर गएको अन्दाज गर्छु म । बाँकी कति नपढ्ने होलान् ।

हामीले प्रवेश परीक्षा, विविध कुराहरू गर्‍यौं । २०१९ सालमा इन्जिनियरिङ अध्ययन संस्थानमा प्रवेश परीक्षा दिने विद्यार्थीको संख्या लगभग १२ हजारभन्दा माथि छ । सिम्याट दिने विद्यार्थी संख्या पनि पन्ध्र हजार छ सय बाइस छ । २०२० मा इन्जिनियरिङ अध्ययन संस्थानमा प्रवेश परीक्षा दिने संख्या ११ हजार ५ सय थिए । सिम्याट दिने १८ आठ सय थिए । २०२१ मा इन्जिनियरिङ अध्ययन संस्थानमा मा प्रवेश परीक्षा दिने संख्या ११ हजार ५ सय छ, सिम्याट दिने १५ हजार ८ सय साठी थिए । २०२२ मा नौं हजार केही विद्यार्थीले इन्जिनियरिङ प्रवेश परीक्षा दिए । सिम्याट दिए जम्मा १२ हजार केहीले दोस्रो पटक सिम्याट लिँदा जम्मा १५ सयले निवेदन दिए ।

अहिले पनि पचासी हजार लगभग विद्यार्थी बाहिर पढ्न गए, यो learning र earning नमिलेर हो । विदेशमा earning र learning मिल्यो । हामीले earning र learning मिलाएनौं त्यसैले यहाँ बसेनन् । बस्ने वातावरण बनाउनु पर्‍यो । त्यसमा हामीले विस्तृतमा कुरा गर्न सक्छौं, तर एउटा गम्भीर विषय कहाँनिर छ भने त्रिभुवन विश्वविद्यालय बि.बि.ए भनेको आकर्षक कार्यक्रम हो । अघि नै उहाँले भन्नुभयो ४८ प्रतिशत व्यवस्थापनमा आए तर मेरो प्रतिवेदनमा ४३ प्रतिशतसम्म लिएको मलाई याद छ । कुल विद्यार्थीको एक तिहाइभन्दा पनि धेरै विद्यार्थी व्यवस्थापनमा जान्छन् । त्यहाँ बि.बि.ए पढ्ने विद्यार्थी नपाएर दोस्रो पटक सिम्याट दिएर १०+२ मा मौका परीक्षा पास गरेर आउनेहरू रहे पनि उनीहरूले पनि खोजेको संख्यामा हैन कि जम्मा पन्ध्र सय आवेदन दिए । जाँच दिन कति आए कति भर्ना भए थाहा छैन । मेरो anticipation के छ भने म यसको विस्तृतमा गएको छैन । अहिले बि.बि.ए का सिटहरू खाली छन् । विदेश अध्ययनका नाममा मेरो हिसाबमा लगभग १ खरब पैसा बाहिर गयो । शिक्षा मन्त्रालयका एक जना अधिकृत के भन्नुहुन्छ भने NOC बाट मैले नेपाल सरकारलाई आठ करोड कमाइदिए । त्यो चाहिँ मिडियामा समाचार आउँछ । मिडियाले एकदम मजाले यस्तो समाचारलाई बजाउँछ । तर उता पैसा खाएको कुरो उसले बुझ्दैन, एक खरब गएको बुझ्दैन, आठ करोड कमाएर शिक्षा मन्त्रालयले राजस्व बुझाएको मात्र उसले देखिरहेको छ । मैले यो कुराहरू किन भनिरहेको छु भने अहिले विश्वविद्यालयको विद्यार्थी सङ्ख्या दिनप्रतिदिन घटिरहेको छ । विद्यार्थी सङ्ख्यामा दिनानुदिन कमी आइरहेको छ । मलाई लाग्छ मै हुँ भन्ने क्याम्पसमा पनि विगतमा धेरै section हुन्थ्यो भने अहिले दुई वा एक section होला । केन्द्रीय क्याम्पसमा विद्यार्थी आधा नै घटे । म अध्ययन गर्दा मेरो अंग्रेजी विभागमा ६ सेक्सनसम्म विद्यार्थी हुन्थे, अहिले एक section मात्र छ । त्यो त स्नातकोत्तरको अवस्था हो । अहिलेको स्नातकको विद्यार्थी स्नातकोत्तरमा आउने बेलामा त के हुन्छ थाहा छैन ।

इन्जिनियरिङको प्रवेश परीक्षामा बाह्र हजारबाट नौ हजारमा झरे, तीन हजार त प्रवेश परीक्षा दिने कम भइसके । जब कि चार वर्षमा त प्रवेश परीक्षा दिने विद्यार्थीको सङ्ख्या बढ्नुपर्ने नि । २०१८ मा त १८ हजारले सिम्याट दिएका थिए, अहिले १२ हजारमा आएको छ । विद्यार्थी संख्या जुन घट्दो क्रममा छ यो गम्भीर विषय हो । मूल कुरा के मा आएको हो भने, अघि ध्रुवजीले पनि भन्नुभयो मेरो पनि इच्छाको विषय भएर मैले नजिकबाट हेरेको छु । चीनमा भारतमा, नेपालमा तीनै ठाउँमा WTO मा हस्ताक्षर भएर हामीले विदेशी विश्वविद्यालयहरूलाई यहाँ कक्षा चलाउन, पाठ्यक्रम चलाउन दिएका छौं । अहिलेको उच्च शिक्षाको एउटा सोचमा internationalization या higher education भनिन्छ । अफ्रिकाको बारेमा पाँचवटा पुस्तक पढ्नुभन्दा अफ्रिकामा दुई दिन बस्नु धेरै जानकार हुन्छ । त्यसो भएर विद्यार्थीहरू मिश्रित देशको विद्यार्थीहरूसँगै राख्यो भने पढाइ राम्रो हुन्छ । हार्वडमा १८ प्रतिशत विद्यार्थीहरू विदेशी हुन्छन् । internationalization भनेको times higher education थियो । एक हजारभित्र परेको उच्च शिक्षा संस्थाहरू ranking गर्दा कति अन्तर्राष्ट्रिय प्राध्यापक छन्, विद्यार्थी कति देशका छन् त्यसको पनि मूल्याङ्कन नम्बर पाइन्छ । यो internationalization चाइना, इन्डिया नेपालको कुरामा म तपाईंलाई गज्जबको कुरा के बताउँछु भने जति पनि विदेशी कलेजहरू नेपालमा पढाइरहेका छन् सबैभन्दा खतरामा हामी आइपुगेका छौं । २०५९ सालमा एउटा सामान्य निर्देशिका ल्याएर हामीले विदेशी विश्वविद्यालयलाई यहाँ खोल्न दियौं । त्यो निर्देशिकामा के छ भने Times higher education को एक हजारभित्र पर्ने विश्वविद्यालयले कक्षा चलाउन पाउने भन्यौं । मलाई लाग्छ नेपालमा

अहिले चौरासी वटा संस्था छन् विदेशी विद्यार्थीहरूलाई लिने । मैले अहिले हाम्रो विद्यार्थीहरू हामीसँग कम भएको एउटा स्रोत देखाइदिए तपाईँहरूलाई । त्यो कसरी भयोभन्दा यो चौरासीमा अहिलेको महालेखापरीक्षकको प्रतिवेदनमा पनि ६० वटाको चाहिँ कुनै विश्वविद्यालयको सम्बन्धन पत्र छ बाँकी २४ वटाको त पत्र पनि छैन । documentation को आधारमा आफूखुसी खोलेको भन्न सक्छौँ । उनीहरू प्रवेश परीक्षा पनि लिँदैनन्, शुल्क कति लिने कहिँ तय हुँदैन अनि अन्तिम परीक्षा पनि लिँदैनन्, अहिले विद्यार्थीहरू अन्तिम परीक्षा जहाँ दिनु पर्दैन त्यहाँ जान्छन् । अन्तिम परीक्षासँग विद्यार्थीहरूको रुचि नै छैन । यो विदेशी चौरासी वटा कलेजहरूको बारेमा गम्भीर विषय के छ भने यसको स्वीकृति UGC र शिक्षा मन्त्रालयले दिन्छ । समकक्षता त त्रि.वि.ले दिन्छ । जहाँ अन्तिम परीक्षा नै हुँदैन त्यसको परीक्षाको समकक्षता चैँ हाम्रो बि.बि.ए सरह हो भनेर दिने त हामी पनि भयौँ नि । अत्यधिक विद्यार्थीहरू त्यहाँ पढ्छन्, बाहिर जान्छन् अहिले हाम्रा विद्यार्थीहरू अल्मलिनुको कारण चाहिँ तपाईंहरूले हेर्नुहोला, त्यहाँ जाँच नै दिनु पर्दैन । अन्तिम परीक्षामा paper pencil test हुँदैन । उनीहरू आफ्नै ढंगले तय हुन्छ । यो कारणले गर्दा यो विषय कहाँनिर आउँछ भने ती कलेजको अनुगमन हुनुपर्थ्यो । जस्तो इन्डियामा र चाइनामा स्थानीय इन्स्टिच्युसन सँग आबद्ध नभए कक्षा चलाउन पाउँदैन । हामीले निर्देशिकाको आधारमा नेपालमा स्वतन्त्र रूपमा त्यस्ता शैक्षिक संस्था चलाउन दियौँ । अनुगमनका लागि कानुन नै बनेको छैन । तपाईँलाई अनौठो लाग्ला २०७२ को नीति डकुमेन्टमा यस्ता शैक्षिक संस्थाका अनुगमन कसले गर्ने भनेको छ भने गठन नै नभएको उच्च शिक्षा आयोगले जुन अहिलेसम्म पनि गठन नै भएको छैन । गठन नै नभएको उच्च शिक्षा आयोगले त्यसलाई अनुगमन गर्ने भनेको छ ।

अहिले उच्च शिक्षामा सबैभन्दा शक्तिशाली पुँजीवाद बनेको छ, शैक्षिक पुँजीवाद । हामी त्यसैले गोल चक्करमा फसिसक्यौँ । शंकरदेवमा बि.बि.एस पढ्नलाई पचास साठी हजारमा हुने अनि बि.बि.ए पढ्नलाई चार लाख किन चाहिने त ? पढाउने मान्छे उही । म उपकुलपति हुँदा निर्णय गरेको हुनाले मैले यो बहसमा भनिरहेको छु । हामी जानेर नजानेर पुँजीवादको शिकार भइरहेका छौँ । यसबाट बच्न सकिन्न । सतर्क भयौँ भने हामी कम शिकार हुन्छौँ । यही भएर मैले अहिले के भन्न खोजिरहेको छु भने २ लाख विद्यार्थी पास हुँदा हामी २ लाख नै नभए पनि एक लाख नब्बे हजार, एक लाख असी हजार यहाँ राख्न सकेको भए यो अहिलेको परिस्थिति सिर्जना हुँदैन थियो । यो त्रिभुवन विश्वविद्यालयमा अब हिजोको जस्तो तीन लाख साठी हजार सत्तरी हजार विद्यार्थीको अपेक्षा नगरौँ । मलाई लाग्छ अहिले तीन लाखभन्दा कम छ । यसको समाधान के हो भने यस्ता बहसहरू निरन्तर हुनु आवश्यक छ । अब एउटा फोर्स नै उच्च शिक्षाको सुधारमा नीतिगत रूपमा नै सरकारसँग भेटेर कार्य गर्नु आवश्यक छ । प्राज्ञिक विद्यार्थी परिषद्ले यो काम गरिरहोस् । नीतिगत रूपमा तपाईँहरूले यी कुराहरू सम्हाल्न सक्नुभएन भने यसको जिम्मेवार तपाईंहरू भनी हामीले बताइदिनुपर्छ । नभएदेखि जहाँको त्यहीँ विश्वविद्यालय खोल्छु भन्ने महाशयहरू धेरै आएर विश्वविद्यालय खोल्ने र उच्च शिक्षालाई तहस नहस गर्ने दिशामा जान सक्छ ।

# अध्यक्षको मन्तव्य

**प्रा.डा. कुलप्रसाद कोइराला**
पूर्व उपकुलपति, नेपाल संस्कृत विश्वविद्यालय

जसरी मानिसको जीवनको परिभाषा गर्न सकिँदैन, जीवन प्रत्येक मानिसको फरकफरक हुन्छ, त्यसरी नै उच्च शिक्षाको परिभाषा पनि कसैसँग मिल्दैन अर्थात् यसको परिभाषा गर्न सकिँदैन। तर पनि "नही ज्ञानेन सदृशम् पवित्रमेव विद्यते" यस दुनियाँमा ज्ञानभन्दा पवित्र चिज, आराध्य चिज, ज्ञानभन्दा प्राप्तव्य चिज दुनियाँमा केही पनि छैन। तपाईँ जसरी हुन्छ ज्ञान प्राप्त गर्नुस् आफूलाई सक्षम, योग्य, विश्वबजारमा बिक्री हुन योग्य बनाउनुहोस्। त्यसका लागि तपाइँका विद्यार्थीले लगानी गर्नुहुन्छ कि राज्यले लगानी गर्छ, अथवा तपाईँ आफैँ कमाउँदै ज्ञान आर्जन गर्दै गर्नुहोस्। यी तीनवटा बाटाहरू मात्र म देख्छु दुनियाँमा अरू कुनै बाटा छैनन्।

आजभन्दा ३७ हजार वर्ष पहिले यो भारतीय महाद्वीपमा ११४ वटा राज्यहरू थिए ती कति अव्यवस्थित थिए, एकजना कृष्ण आए र सबलाई सुव्यवस्थित बनाएर गए। समग्र विश्वसामु चिनिए, चिनाए पनि। तर अहिले हाम्रो व्यवस्थापन विभागले किन यस्ता कृष्णहरू उत्पादन गर्न सकिरहेको छैन। एउटा रुखमुनि बसेर टहरामा बसेर वशिष्ठले शिक्षा दिएका ती राम त्यत्रो तर्क गर्न सक्ने, त्यस्तो विद्वान् रावणको प्रकोपलाई नष्ट पार्न त्यो बेलाका आदिवासीहरूलाई साथ लगाएर त्यस्ता विभिन्न किसिमका राक्षसहरूलाई नष्ट गर्न सके। यी अवतारहरू भनेको त symbol मात्र हुन् वास्तवमा त्यो बेला ती सबै काम हामीजस्तै मान्छेले त गरेका थिए नि। खोइ त अहिले हाम्रा विश्वविद्यालयहरूले त्यस्ता जनशक्ति उत्पादन गर्न सकेका ? यो विषयमा हामी सबैले चिन्तन गर्नु जरूरी छ।

आज समस्या समाधान गरेर भोलि आनन्दले सुतौँला भनेर नसोच्नुस्, भोलि फेरि अर्को समस्या आउँछ, जुध्न तयार हुनुहोस्, पर्सि अर्को समस्या आउँछ त्योसँग पनि जुध्न तयार हुनुहोस् तर ज्ञानको आराधना नछोड्नुहोस्। नेपाल संस्कृत विश्वविद्यालयमा पनि अहिले त ज्ञानको उपासना हराएको रहेछ। ज्ञानको उपासना गर्नुभन्दा पनि आफ्नो जनै, टुप्पी र कन्दनी छोएर म ठिक छु म ज्ञानी छु भन्ने प्रचलन बढ्दै गएको देखिन्छ। त्यसकारण यो किसिमको प्रवृत्ति हाम्रा अन्य विश्वविद्यालयमा पनि नआएका होइनन्। तसर्थ यदि त्रिभुवन विश्वविद्यालयमा पनि यस्तो किसिमको प्रवृत्ति आएको छ भने पनि हामी correction गरेर अगाडि बढ्न सिकौँ, आफ्ना कमजोरीहरू नलुकाऔँ। प्रष्टसँग छलफल गरौँ कमजोरी बाहिर आयो भने न त्यसको समाधान गर्न सकिन्छ तसर्थ आफ्नो कमजोरी स्वीकार गर्न लाज नमानौँ। नजानेको कुरा जान्दिन भनौँ, जानेको कुरा जसरी हुन्छ यो पुस्तालाई वा देशलाई अगाडि

बढाउनका लागि, एक इन्च माथि उठाउनका लागि हामीहरूले काम गरौं । हाम्रो शैक्षिक इमान्दारिता यति नै हो ।

कार्यशालामा अगाडि पनि कुरा आए ज्ञानमा सम्झौता गर्दा कुहिराको काग भइने कुरा । नीति गलत भयो भने पनि गलत कार्य हुने कुरा यसमा मुलुक हाँक्ने वा सञ्चालन गर्ने नीति निर्माणकर्ता बेठिक भएर नै अहिले सबै कुरा गलत भएको हो । उनीहरूका क्रियाकलाप, चिन्तन आजको दिनमा गलत भए । हो हिजो हामीमध्ये कयौं मुलुकमा प्रजातन्त्र निर्माणका लागि सामेल भयौं होला, त्यतिबेला त्यो सही पनि थियो तर अहिले हामी त्यसो गर्नु हुँदैन । अब हामी फर्किनु पर्छ । हामी सबै आफ्नो कार्यक्षेत्रमा फर्किनुपर्छ जुनसुकै परिस्थितिमा अरूले जस्तोसुकै गरोस् त्यसमा ध्यान नदिनुस् । इमान्दारीपूर्वक तपाईं आफ्नो काम गर्नुस्, यो माटोको सेवा गर्नुस् । हामी उच्चशिक्षामा काम गर्ने सबैले यस्ता कुराहरूमा ध्यान दियौं भने १० वर्षपछि तपाईं हामीले यो रोदन गर्नु पर्दैन । त्यसपछि हामी आफैं वशिष्ठ बन्छौं, विश्वामित्र बन्छौं, हामी आफैं बलराम बन्छौं, कृष्ण बन्छौं, राम बन्छौं, लक्ष्मण बन्छौं र समग्र विश्व हाँक्न सक्छौं ।

## कार्यपत्र, टिप्पणी एवम् छलफलपश्चात् आएको निष्कर्ष

- उच्च शिक्षाले जागिर खोज्ने जनशक्ति मात्र उत्पादन नगरी जागिरका लागि विभिन्न अवसरहरूको सिर्जना गर्ने सोच र व्यक्ति पनि उत्पादन गर्नु पर्नेमा त्यसो हुन सकिरहेको छैन ।
- नेपालमा उच्च शिक्षासँग सम्बन्धित नीतिहरू समय सान्दर्भिक हुन सकिरहेका छैनन् साथमा शिक्षानीतिले स्पष्ट दिशा निर्देश गर्न सकिरहेको छैन ।
- नतिजामुखी नीति तथा कार्यक्रममा मात्र केन्द्रित रहने उच्च शिक्षाको दृष्टिकोणमा रूपान्तरणको आवश्यकता रहेको छ ।
- देशमा आवश्यकता र औचित्य पुष्टि नभई उच्च शिक्षा प्रदानका लागि नयाँ विश्वविद्यालयहरू स्थापना भइरहेका छन् भने कतिपय विश्वविद्यालय स्थापनाको प्रक्रियामा रहेका छन् तर स्थापना भइसकेका विश्वविद्यालयको विकास, विस्तार र कार्यभार वितरण समानरूपले हुन सकिरहेको छैन ।
- प्रति वर्ष ०.५ प्रतिशतका दरले मात्र उच्च शिक्षामा विद्यार्थी सङ्ख्या वृद्धि भइरहेको छ ।
- रोजगारीका अवसरहरूको अभाव, गुणस्तरीय शिक्षाको अभाव, शैक्षिक कार्यपात्रो निर्माण नहुनु, आफूले चाहेको विषयमा भर्ना नपाउनु जस्ता समस्याले विद्यार्थी विदेश पलायन भइरहेको कारण उच्च शिक्षामा ठुलो सङ्कट देखा परिरहेको छ ।
- विश्वविद्यालयले क्षमता, गुणस्तरीयता जस्ता महत्वपूर्ण पक्षहरूलाई ख्याल नगरी पहुँचका आधारमा शैक्षिक संस्थालाई सम्बन्धन प्रदान गरिरहेको छ ।
- उच्च शिक्षामा एउटै सङ्कायप्रति (विशेष गरेर व्यवस्थापन सङ्काय) विद्यार्थीहरूको आकर्षणले भविष्यमा जनशक्तिको वितरणमा असमानता आउने देखिन्छ ।
- उच्च शिक्षा पद्धतिले शिक्षामा व्यापारीकरण र सामाजिक असमानतालाई प्रश्रय दिएको पाइन्छ ।
- शिक्षामा राजनीतिकरण, शिक्षक छनोट प्रक्रियामा त्रुटि, शिक्षक योग्यता मूल्याङ्कनको अभाव, उचित शिक्षानीतिको अभाव, पर्याप्त लगानीको अभाव जस्ता कारणले उच्च शिक्षामा चुनौती देखिएको छ साथै विद्यार्थीको आकर्षण बढ्न सकेको छैन ।
- खोज तथा अनुसन्धानलाई कम प्राथमिकता दिनु, सिर्जनात्मक पक्षको विकासलाई ध्यान नदिनु, अनुगमन र आवश्यक पृष्ठपोषणको कमी पनि उच्च शिक्षामा भएको कमजोरी हो भनेर भन्न सकिन्छ ।
- शिक्षण पद्धति र पाठ्यक्रम परम्परागत संरचनामा मात्र आधारित रहँदा शिक्षाले वर्तमान र

भविष्यको आवश्यकतालाई केन्द्रमा राख्न सकिरहेको छैन साथमा सामाजिक, सांस्कृतिक साथै राष्ट्रिय आवश्यकता अनुसार परिमार्जन हुन सकेको छैन ।

- बहुविश्वविद्यालयको अवधारणामा अगाडि बढिरहँदा करिब ८० प्रतिशत भन्दा धेरै विद्यार्थीहरू एउटै विश्वविद्यालयमा अध्ययनरत छन् भने अन्य विश्वविद्यालयमा विद्यार्थी भर्ना तथा अध्ययन अध्यापनको अनुपात कसरी मिल्न सक्छ ? यस विषयमा राम्रोसँग अध्ययन हुन सकिरहेको छैन ।
- देशमा आवश्यक जनशक्तिको प्रक्षेपणविना जहाँ पायो त्यहीँ विभिन्न विषयको अध्ययन अध्यापन गराउने, विषयगत सम्बन्धन दिने तथा शैक्षिक संस्था खोल्ने क्रम बढिरहेको छ ।
- कतिपय विदेशी विश्वविद्यालयहरूले विना अनुमति नै नेपालमा शैक्षिक संस्थाहरू आफू खुसी सञ्चालन गरिहेका छन्, ती शैक्षिक संस्थामा भर्ना, पढाइ तथा परीक्षा कुनै पनि विषयमा सरकारको अनुगमन नहुनु अत्यन्त गम्भीर विषय हो ।
- शिक्षण सिकाई क्रियाकलाप नतिजामुखी, उद्देश्य केन्द्रित तथा समाजको प्राथमिकतालाई समेट्न सक्ने गरी परिमार्जन हुन सकिरहेको छैन ।
- वर्तमान विद्यार्थी वर्गमा शिक्षण पेसाप्रति आकर्षण घटिरहेको अवस्था छ ।
- उच्च शिक्षामा लगानीका स्रोतहरू सीमित हुँदै गइरहेका छन् भने राज्यले शिक्षामा गर्ने कुल लगानीको ७/८ प्रतिशत मात्र उच्च शिक्षामा लगानी भइरहेको छ, जसले गर्दा उच्च शिक्षामा गुणस्तर कम हुँदै गइरहेको छ ।
- उच्च शिक्षामा आवश्यक जनशक्ति नियुक्ति प्रक्रियामा व्यक्तिको शैक्षिक योग्यता, क्षमता, खोज अनुसन्धान, तथा प्रकाशनजस्ता विषयहरूलाई आधार नबनाई विभिन्न आन्दोलन, राजनीतिक दबाव एवम् भागबण्डा तथा वार्ता आदि माध्यमबाट सेवामा प्रवेश गर्ने/गराउने प्रवृत्ति बढिरहेको छ ।
- उच्च शिक्षा जनमैत्री हुनुपर्छ वा छनौटमैत्री हुनु पर्दछ । यसमा बहस आवश्यक देखिन्छ ।
- समाजमा आवश्यक जनशक्ति निर्माणका लागि परम्परागत प्रक्रिया knowledge, skill र attitute लाई परिवर्तन गरी attitute, skill र knowledge मा लिएर जानु पर्ने देखिन्छ ।
- विश्वविद्यालयका कुलपति कार्यकारी भूमिकामा रहेका प्रधानमन्त्री रहने पद्धतिले गर्दा विश्वविद्यालयका नियमित गतिविधि, विश्वविद्यालय सभा तथा नीति निर्माण हुन सकिरहेका छैनन् ।

सत्र-४

# माध्यमिक तहको शिक्षा : वर्तमान अवस्था र चुनौतीहरू

नेपाल संस्कृत विश्वविद्यालयका पूर्व अनुसन्धान निर्देशक प्रा.डा काशीनाथ न्यौपानेज्यूको अध्यक्षता सम्पन्न तेस्रो सत्रमा माध्यमिक शिक्षाको विषयमा तयार पारिएको माध्यमिक तहको शिक्षा : वर्तमान अवस्था र चुनौतीहरू विषयक कार्यपत्र शिक्षा मन्त्रालयका पूर्व सह-सचिव डा.तुलसी थपलियाले प्रस्तुत गर्नु भएको थियो। उक्त कार्यपत्र माथि राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा.महाश्रम शर्मा, काठमाडौं विश्वविद्यालयका सहायक डिन डा. धनपति सुवेदी र खुल्ला विश्वविद्यालयका प्राध्यापक डा. जीवन खड्काज्यूले टिप्पणी गर्नु भएको थियो। उक्त सत्रको सञ्चालन प्राज्ञिक विद्यार्थी परिषद्, नेपालका राष्ट्रिय उपाध्यक्ष श्री अच्युत पन्तज्यूले गर्नुभएको थियो।

उहाँले उक्त कार्यपत्रमा माध्यमिक शिक्षालाई कक्षा ९ र १० एवम् ११ र १२ गरी दुईवटा उपखण्डमा विभाजन गरिएको कुरा, ९ र १० मा रहेको विद्यार्थी सङ्ख्याको कक्षा ११ र १२ मा प्रवेश दर लगभग ५० % ले कम रहेको कुरालाई तथ्याङ्कीय रूपमा प्रस्तुत गरिएको छ। यसमा पनि छात्राको तुलनामा कक्षा छाड्ने वा दोहोऱ्याउने र कक्षामा अनुपस्थित हुने दर छात्रहरूको बढिरहेको छ वर्तमान अवस्थालाई पनि कार्यपत्रमा उल्लेख गर्नुभएको थियो।

त्यसैगरी माथिल्लो तहमा दलित विद्यार्थीको संख्या घट्दै जाने क्रमले पनि उनीहरूलाई शिक्षा प्रणालीले टिकाउन गरेका प्रयास पर्याप्त नभएको कुरा, विद्यार्थीको सिकाइ उपलब्धिमा पनि नेपाली मूल्य मान्यता तथा पूर्वीय ज्ञानमा आधारित पाठ्यक्रम र त्यसको सिकाइको अभाव देखिँदै गएको कुरा, प्राविधिक र व्यावसायिक धारमा कुल क्षमताको आधा खपत हुने गरी पनि भर्ना नहुँदा कार्यक्रमको सान्दर्भिकता भौगोलिक वितरण, श्रम बजारको मागको जानकारी आदिमै ठुलो समस्या र प्रश्न खडा भइरहेको यावत कुराहरूमा पनि विस्तृत व्याख्या गर्नुभएको थियो।

त्यस्तै श्रम बजारमा महिलाको सहभागिता, वैदेशीक रोजगारमा आवश्यक अध्ययन पुरा नगरी विदेशीने युवाको सङ्ख्यामा वृद्धि, कक्षा ११ र १२ का लागि पर्याप्त शिक्षक दरबन्दीको अभावको कुरा, भौगोलिक रूपमै शिक्षक दरबन्दीको असमान बाँडफाँडको कुरा, संघीय, प्रदेश र स्थानीय तहको अधिकार र जिम्मेवारीको अस्पष्टताको कारण, विद्यालय, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको भूमिकामा अन्यौलता देखिएको कुरा, नीतिअनुसार भनिएको निःशुल्क शिक्षाको सही कार्यान्वयन हुन नसक्नुका कारण र यसका समाधानको कार्यदिशा यावत कुराहरू कार्यपत्रमा उल्लेख गरिएको थियो।

कार्यपत्रमा शैक्षिक पाठ्यक्रममा हुनुपर्ने परिमार्जनका विषयदेख लिएर शिक्षामा लगानी सँगसँगै प्रतिफलका विषय, शिक्षक व्यवस्थापन तथा प्रधानाध्यापकको भूमिकालाई स्पष्ट परिभाषित गर्नुपर्ने विषय, शैक्षिक गुणस्तरको अवस्था, यावत विषयमा गहन चर्चा गरिएको थियो । तीन तहको अधिकार र जिम्मेवारीको स्पष्ट व्यवस्था गरिनुपर्ने विषयलाई पनि कार्यपत्रमार्फत् विषय प्रस्तुत गर्नुभएको थियो ।

डा. तुलसी थपलियाज्यूले प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि टिप्पणीकर्ता डा. महाश्रम शर्मा एवम् डा. धनपति सुवेदीज्यूले टिप्पणी गर्दै आफ्ना धारणा राख्नु भएको थियो भने सत्रको अध्यक्ष प्रा.डा. काशीनाथ न्यौपानेज्यूले समग्र विषयलाई समेटेर अध्यक्षीय मन्तव्यसँगै सत्रको समापन गर्नुभएको थियो । सत्रको अन्त्यमा कार्यपत्र प्रस्तुतकर्ता, टिप्पणीकर्ता र अध्यक्ष सबैलाई स्मृति चिह्न प्रदान गरिएको थियो ।

(**कार्यपत्रको पूर्ण पाठ अनुसूची ३ मा समावेश गरिएको छ ।**
**टिप्पणीकर्ता र अध्यक्षद्वारा व्यक्त विषयको सारांश यसको साथमा संलग्न गरिएको छ ।**)

# टिप्पणी

**डा.महाश्रम शर्मा**
अध्यक्ष, राष्ट्रिय परीक्षा बोर्ड

नेपालमा ८० प्रतिशत् विद्यालय सामुदायिक विद्यालय छन् । हामीले थोरै प्राइभेट स्कुललाई हेरेर सबै प्राइभेट स्कुल राम्रो सामुदायिकले केही पनि गरेन भन्नेभन्दा पनि हामीले कसलाई शिक्षा दिइरहेका छौँ र शिक्षा कसलाई दिनुपर्ने हो यो पनि बुझ्नु जरुरी छ। समग्र mass लाई हेरेर दिइने शिक्षा विद्यार्थी छनौट गरेर शिक्षा दिने विद्यालयभन्दा निश्चित नै फरक छ। अब यो लागू गर्ने को हो त भन्ने कुरामा यदि म शिक्षक हो भने विद्यार्थीप्रति, उनीहरूका अभिभावकप्रति म जिम्मेवार हो, प्रधानाध्यापक हो भने त्योभन्दा माथिल्लो निकाय, समग्र विद्यालयका विद्यार्थी, अभिभावकप्रति जिम्मेवार हो । सरकारको प्रतिनिधि हो भने त्यही हिसाबले समग्रमा देशको लागि जिम्मेवार हो । तसर्थ हामी कहीँ न कहीँ जिम्मेवार व्यक्तिहरू हौँ । त्यसकारण सरकारले एउटा नीति बनाउँछ, नीति कार्यान्वयन गर्ने ठाउँमा त हामी सबै छौँ, कार्यान्वयन गर्ने निकाय हामी सबै हौँ । हामी आफू बदलिन सक्यौँ भने धेरै कुरा सुधार हुन सक्छ।

शिक्षाले के के गरेको छ भन्ने कुरामा हामीले शिक्षालाई कसरी हेर्ने भन्ने कुरा हो, शिक्षाले सुमधुर समाज निर्माण गर्ने हो, अथवा समग्र समाजलाई बदल्ने हो । के साँच्चै शिक्षाले समाजलाई परिवर्तन गऱ्यो त ? मैले मलाई मात्र हेरेर म मात्र ठुलो मान्छे बन्न खोजे भने त शिक्षाले केही कुरा परिवर्तन त गर्दैन। तसर्थ शिक्षा हामीले जति ज्ञान प्राप्त गरेका छौँ त्यसलाई व्यवहारमा कति लागू गर्छौं, त्यसबाट कति सिक्यौँ भन्ने कुरा हो ।

पाठ्यक्रमको कुरा गर्दा, हाम्रो पाठ्यक्रम भनेको हामीले विद्यार्थीलाई कस्तो बनाउन खोजेको हो भन्ने कुरा हो नि तर विद्यार्थीलाई कस्तो बनाउनेभन्दा पनि कसरी धेरै grade ल्याएर विद्यार्थीलाई पास गराउने, कसरी आफ्नो ranking लाई माथि पुऱ्याउनेतर्फ अहिलेको trend चलिरहेको छ। तर त्यो साँच्चिकै quality हो या होइन भन्ने कुरा पनि हामीले मूल्याङ्कन गर्न जरुरी छ।

हामीले विदेशमा यस्तो भयो, हाम्रो देशमा भएन भनेर बाहिरसँग तुलना गर्दै गर्दा बेलायतमा पानी जहाजमा पनि विद्यालय सञ्चालन गरेको कुरा, जापानमा नैतिक शिक्षालाई बढी प्राथमिकता दिइएको कुरालाई पनि हेर्नुपर्ने हुन्छ। त्यो आधारमा हामीले चाहिँ आफ्नो शिक्षामा केलाई प्राथमिकता दिइरहेका छौँ, यो कुरा पनि मूल्याङ्कन गर्नुपर्ने हुन्छ। अहिले हामीले खुल्ला रूपले नैतिक शिक्षाको पाठ पढाउन नसकिरहेको अवस्था छ, पाठ्यक्रममा केही कुराहरू त समेटिएका छन् तर हामी त्यसलाई कसरी प्रयोग गर्ने भन्ने कुरा हो । अर्को हाम्रा अभिभावकको अपेक्षा भनेको बच्चाले टाइ लगाएर स्कुल गएपछि ६ महिनामा फरर अंग्रेजी बोलिदियोस् भन्ने हुन्छ र हाम्रा विद्यालयहरू त्यो बच्चाको इच्छा वा अपेक्षाभन्दा

पनि अभिभावकको अपेक्षा पुरा गर्नेतर्फ गइरहेको देखिन्छ । त्यही ट्रेन्डकै कारण म नेपाल सरकारको कर्मचारी हो । मैले सामुदायिक विद्यालय राम्रो बनाउनुपर्छ भन्ने तर मैले नै आफ्ना बच्चालाई प्राइभेट स्कुलमा पठाइरहेको अवस्था छ । हामीले आफ्नो दृष्टिकोण नै बदल्न सकेनौँ ।

नेपालको सन्दर्भमा २०१५ सम्म सबैका लागि शिक्षा भन्ने कुराले हाम्रो पहुँचको कुरालाई निकै माथिसम्म पुऱ्यायो । तर हामी चुकेका चाहिँ कहाँ छौँ त भन्दा नेपालमा करिब १२००० हाइस्कुलहरूमध्ये कम्तीमा ८००० विद्यालयहरूमा मात्र कक्षा १० सम्म पढ्ने विद्यार्थीहरू छन् र ४००० मात्रै ११ र १२ चल्ने छन् । ११ र १२ पढ्ने ४००० विद्यालयहरूमा पनि हामी शिक्षक दिन सकिरहेका छैनौँ, अनि हामी सबै विद्यालयहरूलाई नै १२ सम्म पढाइ हुने विद्यालय बनाउने भन्ने कुरा उठाइरहेका छौँ । त्यसो भएको हुनाले हामीले अबका दिनमा हाम्रा विद्यालयहरूलाई पुनः नक्साङ्कन गर्न आवश्यक छ । हिजो हामीले सबैका लागि शिक्षा भन्यौँ, प्रत्येक बालबालिकाले आधारभूतसम्म निःशुल्क शिक्षा भन्यौँ, सरकारले कक्षा १२ सम्म निःशुल्क शिक्षा भन्यो, हामीले त्यो अनिवार्य र निःशुल्क शिक्षा दिएको खोइ ? सामुदायिक विद्यालयले पनि पैसा उठाउँदा सरकारले हेरिरहेकै अवस्था छ । नियन्त्रण गर्न सकिरहेको छैन किनभन्दा त्यहाँनिर राज्यको स्रोत कम छ । त्यो एउटा बाध्यता पनि हो । अहिले अब विद्यालयतह शिक्षाको सबै जिम्मेवारी स्थानीयतहले पायो । शिक्षाको सन्दर्भमा संघीय सरकारले कति प्रतिशत बजेट स्थानीय तहलाई दिने र कति प्रतिशत बजेट स्थानीय सरकारले खर्च गर्ने भन्ने कुरा निश्चित हुनुपर्छ । हामीले जुम्लाको एउटा विद्यालयलाई दिने जुन किसिमको स्रोत वा बजेट छ, काठमाडौँका सटरबाट आम्दानी गर्ने विद्यालयलाई पनि त्यही स्रोत दियौँ । तराइका पोखरीबाट आम्दानी गर्ने विद्यालयलाई पनि त्यही किसिमको रकम हामीले दियौँ । तसर्थ अहिलेको अवस्थामा के सान्दर्भिक छ त्यो कुरालाई उठाउनु आवश्यक छ । अब चाहिँ funding policy clear हुन आवश्यक छ । कसले गर्ने भन्दा नेपाल सरकारको संघीय सरकारले शिक्षामा कति पैसा दिने हो, policy को कुरा त clear छ तर अब ऐन आउँदा त्यो लाइनबाट आउनु जरुरी छ । स्थानीय तहमा त्यो ऐनको कार्यान्वयनलाई जोड दिनुपऱ्यो । तसर्थ हामीले अरूलाई दोष दिनुभन्दा स्वयम् resource generation  गर्ने र अगाडि जाने कुरालाई जोड दिनुपर्छ ।

अब ११, १२ मा जाँदा शुल्क तिर्ने परिस्थिति नभएसम्म विद्यार्थी भर्ना हुन सक्दा रहेनछन् तसर्थ कक्षा १० एउटा check point रहेछ तसर्थ कक्षा १० पछि विद्यार्थीलाई बजारमा जान सक्ने बनाउने हो त्यो बजार हामीसँग अझै छैन । त्यसैले कक्षा १० पास गरिसकेका विद्यालयलाई ११ र १२ मा पढ्न जान सक्ने स्थिति बनाउनुपर्ने परिस्थिति छ । तसर्थ विद्यार्थीको dropout जुन घटेको छ त्यसलाई ११ र १२ सम्म जान सक्ने बनाउनका लागि सर्वप्रथम त विद्यालय नक्साङ्कन गराउने र स्रोत व्यवस्थापनमा स्थानीय तहको अधिक जिम्मेवारी छ, त्यसलाई कार्यान्वयनमा लैजानु आवश्यक छ । अर्को कुरा गुणस्तरको कुरा गर्दा प्रश्नपत्र निर्माण classroom delivery का कुरा, पाठ्यक्रम, उत्तरपुस्तिका परीक्षणको कुरा यी सबै कुराले समग्रमा परिणामलाई प्रभाव पारेको छ । तसर्थ हामीले प्रश्नपत्र निर्माण गर्दा यो वर्षको प्रश्नपत्रको

स्तर अघिल्लो वर्षको प्रश्नपत्रको स्तरसँग बराबर छ कि छैन त्यसलाई मूल्याङ्कन गरी बाह्य परीक्षालाई स्तरीकृत परीक्षाको रूपमा लैजानुपर्ने आवश्यक हुन्छ । अर्को हाम्रो वार्षिक परीक्षाको मूल्याङ्कनले मात्र विद्यार्थीको समग्रस्तर मूल्याङ्कन सम्भव हुँदैन तसर्थ हामीले classroom delivery मा आन्तरिक मूल्याङ्कनमा शिक्षकहरूले कक्षा १ देखि नै विद्यार्थीको समग्र मूल्याङ्कन गर्दै जानुपर्ने हुन्छ ।

तेस्रो प्राविधिक शिक्षातर्फ कुल स्कुलमा २९ प्रतिशत मात्र विद्यार्थी छन् । विद्यार्थी भर्ना नै हुँदैनन् । किन भन्दा हामीले १०+२ विज्ञान पढेर पनि त्यहीँ भर्ना हुने प्राविधिकमा त्यो भन्दा धेरै credit hour पढेर त्यहीँ जानुपर्ने अनि कुरो त मिलेन नि । हामीले प्राविधिक व्यावसायिक विषय कक्षा १२ सम्म दिनुको अर्थ के थियो भन्दा कम्तीमा विद्यार्थी entrepreneur बन्न सकोस् बजारमा फर्केर केही न केही earn गर्न सकोस् र त्यो earn गरेर फेरी पनि माथि जान सकोस् त्यसले नेपालको जनशक्तिलाई जागिर खान र पढ्न बाहिर विदेशतिर जाने प्रचलनलाई पनि रोक्न खोजेको हो तर त्यस्तो अवस्था सिर्जना हुन सकेन । हामीले यसलाई मिलाउनका लागि technical vocational education को पाठ्यक्रम review गर्नु आवश्यक छ । पाठ्यक्रमहरू समय अन्तरालमा परिवर्तन हुनुपर्छ, अहिलेको बजारले के खोज्छ बजार अनुसारको पाठ्यक्रम हामीले बनाउनु आवश्यक छ ।

शासकीय प्रबन्धको कुरा गर्दा राज्यको सुशासनका क्षेत्रमा accountability, transparency, rule of law का कुरा आदिमा हामी चुकेको अवस्था देखिन्छ । विद्यालयको क्षेत्रमा पनि हामीले विद्यालयलाई राम्रो गरौँ भनेर मिहेनत गर्नेभन्दा पनि अरूलाई दोष दिने परिपाटि, प्रवृत्ति तीब्र देखिन्छ । त्यसकारण सुशासन सुधार गर्ने क्रममा हामीले सर्वप्रथम आफूबाट सुरु गर्नुपर्ने हुन्छ ।

अर्को कक्षा ९ देखि १२ सम्मका शिक्षामा हामीले quality education को कुरा गर्दै जाँदा एउटा त हामीले आफ्नो resource को best utilization गर्नु हो तर हामीसँग पर्याप्त स्रोत छैन अर्थात्, शिक्षकहरू हामीले पर्याप्त दिन सकिरहेका छैनौँ । गणित, विज्ञान, अंग्रेजी जस्ता विषय शिक्षक दरबन्दी पनि दिन सकिरहेका छैनौँ । त्यो हुँदा हुँदै पनि स्थानीय तहमा हामीले आफूले गर्न सक्ने कामतर्फ पनि ध्यान दिनुपर्ने हुन्छ । पाठ्यक्रममा पनि कक्षा कोठाभित्र text book नलिएसम्म जान नसक्ने अवस्था छ त्यसलाई पनि अलिकति पाठ्यक्रम हेरेर आफ्नै context मा पाठ्यवस्तु तयार गर्न सक्ने हुनु आवश्यक छ । परीक्षा नियन्त्रण र शिक्षकले विद्यार्थीको आन्तरिक मूल्याङ्कन गर्ने कुरा, स्रोतको व्यवस्था स्थानीय निकायबाट गर्ने कुरा, technical vocational का कुराबाट विद्यार्थीलाई लाने कुराहरूमा विशेष ध्यान दिएर अगाडि बढ्न सकियो भने अवश्य शिक्षा क्षेत्रमा आवश्यक सुधार सम्भव छ ।

**डा.धनपति सुवेदी**
सह-प्राध्यापक, काठमाडौं विश्वविद्यालय

यसले धेरै मुद्दाहरू उठाएको छ। सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको सङ्ख्या हेर्दा के देखिन्छ भने सामुदायिक विद्यालयमा छात्राहरूको सङ्ख्या धेरै देखिन्छ भने संस्थागत विद्यालयमा छात्रहरूको सङ्ख्या धेरै देखिन्छ। २०२८ सालदेखि यत्रो वर्षसम्म हामी काम गर्‍यौं तर शिक्षा क्षेत्रमा छात्राहरूमा लगानी गर्नुपर्छ भन्ने जनचेतना अझै पनि अभिभावकहरूमा आउनसकेको छैन । अब हामीले परिवर्तन गर्न कहाँबाट अब सुरुवात गर्ने ? किन बाआमाहरू छोरीमा लगानी गर्न चाँहदैनन् ? शिक्षामन्त्रालयदेखि सरोकारवाला सम्पूर्णले यसमा ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ। दोस्रो कुरा कुल दरबन्दीमा करिब ११ लाखका लागि २१ हजार चार सय बयानब्बे र ७ लाख विद्यार्थीलाई जम्मा ६ हजार आठ सय चार लाख शिक्षकको व्यवस्था छ। किन नीतिगत रूपमै यति धेरै neglect गरेको ? त्यसो हो भने quality कसरी आउँछ ? अर्को अलग्गै प्रधानाध्यापकको दरबन्दी सिर्जना गर्न सकिएको छैन। एउटा विद्यालय राम्रो हुनका लागि प्रधानाध्यापक उद्यमशील leader पनि हुन सक्नुपर्छ। अबका दिनमा प्रधानाध्यापकमा उद्यमशील नेतृत्व गर्ने क्षमता छैन भने त्यो विद्यालयलाई राम्रो गर्न सक्दैन। यहाँनिर हामीले घचघचाउन सक्नुपर्ने आवश्यक देख्छु। ९८ प्रतिशत कुल भर्नादर ७६.०५ मा किन झर्‍यो भन्ने आधार शिक्षामन्त्रालयसँग हुनुपर्ने कि नपर्ने ? Scenario survey हामीले गर्नुपर्ने कि नपर्ने ? यदि यसो नगर्ने हो भने फेरि पनि घटेर जान्छ। किन घट्यो भन्ने बलियो आधार शिक्षामन्त्रालय र सरोकारवालाहरूले राख्न सक्नुपर्छ। तुलसी सरले दलित विद्यार्थी १३.४, १०.४ र १२.४ प्रतिशत छन् भन्नुभयो। गैर दलित विद्यार्थीहरू ४६, ३५, ५६ भनेपछि यहाँ यसलाई हामीले कसरी analysis गर्न सक्छौं भने, गैर दलित विद्यार्थीको सङ्ख्या घट्दो र दलित विद्यार्थीहरूको सङ्ख्या बढ्दो छ। गैरदलित विद्यार्थीका अभिभावकसँग पैसा भएर पठाइहाल्ने र दलित विद्यार्थीका अभिभावकसँग पैसा नभएर यो सङ्ख्या बढेको हो त ? हाम्रो शिक्षाको अनुसन्धान विदेशीहरूले गरिदिनुपर्छ भन्ने हैन।

पाठ्यक्रममा यति धेरै अमूर्त कुराहरू छन् भने त्यो विद्यार्थीले सिक्नै सक्दैन। हेर्दै जाँदा अहिले त पूर्वीय ज्ञानको आधारमा पाठ्यक्रमको विकास गर्ने नीति छ। पाठयक्रम त output base हुनुपर्ने, एउटा विद्यार्थी meter reading गर्न जान्दैन । अनावश्यक सूत्रहरू धेरै पढाइन्छ, हामीले व्यावहारिक शिक्षा पक्कै दिएको हैन। B.A, B.S.C. विभिन्न सङ्कायबाट स्नातक पास गरेर विद्यार्थीहरू एउटा System मा आएर एक वर्षको अनुभव लिएर मात्र curriculum कसरी design गर्ने ? दार्शनिक कुरा कसरी गर्ने र राम्रोसँग कसरी पढाउने भन्ने कुरा नजानी कक्षाकोठामा प्रवेश गराइन्छ र त्यो curriculum को जिम्मा दिइन्छ भने त्यसले दुर्घटनातिर लान्छ। curriculum पनि output base बनाउनुपर्छ।

प्राविधिक धारतिर केहि पनि छैन भन्ने मानसिकताले विदेश गएको भन्ने कुरा पनि गलत रहेछ। प्राविधिक शिक्षामा जति विद्यार्थी भर्ना हुनुपर्ने किन त्यति विद्यार्थी छैनन् त ? प्राविधिक धारतर्फ

विद्यार्थीहरूको इच्छा भएन त ? एउटा ९ देखि १२ धारणा छ, एउटा फेरि CTEVT बाट १० देखि १३ को धारणा छ। त्यसैले दोधार परेको हुन सक्छ।

शिक्षक दरबन्दी सुनिश्चित गर्नमा विद्यार्थी सङ्ख्या यति हुनेछन् भने projection पनि त चाहिन्छ। विद्यालयलाई अनुमति दिँदा पनि पचासौं वर्षसम्म loyalty लिनुपर्छ भन्ने calculative risk हरू analysis नगरी दिनु भनेको खुट्टामा बन्चरो हान्नु जस्तो हैन ? त्यसैले पहिलो कुरा जबसम्म financial हामी stand हुन्छौं भन्ने आधारहरू पर्याप्त रूपमा calculation नगरीकन कुनै पनि कदम चाल्नु भनेको खाल्टोमा जानु नै हो। यहाँनिर सबैभन्दा ठुलो परिवर्तन नेपाली शिक्षानीतिमा कहाँबाट बजेट ल्याउने भन्ने कुरा हो। तुरुन्त यसको समाधान खोज्नुपर्छ नत्र भने हाम्रो शिक्षा साच्चिकै राम्रो हुन सक्दैन।

नतिजा प्रवृत्ति प्रकृतिका आधारमा S.L.C सन् १९३२ देखि सन् २०१६ सम्मको गणनालाई अध्ययन गर्दा हामी सन् १९४२ मै गोल्डेन एजमा पुगिसकेका रहेछौं। त्यसपछि हाम्रो शैक्षिक अवस्था खस्कँदो अवस्थामा छ। यो खस्कँदो अवस्था Political कारण हो ? Global Impact ले हो ? आर्थिक कारण हो ? वा हाम्रो सामाजिक सांस्कृतिक कारणले हो ? भन्ने कुरा यत्रो वर्षसम्म हामी निचोडमा नपुगेको अवस्था छ। द्वन्द्वको समयमा ठ्याक्कै तल झरेको र Restoration of democracy का लागि शिक्षकहरू सडकमा उत्रेका थिए, त्यतिबेला शिक्षाको गुणस्तर घटेको छ। पुनः Restoration of democracy भइसकेपछि बढेको अवस्था छ, भनेपछि शिक्षा सुधारका लागि Politics, Global impact stability पनि जिम्मेवारी हुँदोरहेछ भन्ने कुराको पनि अध्ययन गर्न जरुरी छ। अर्को कुरा Lowest grade, Highest grade घट्दै जाने अवस्थाले के देखाउँछ भने अब आउने दिनहरूमा Science, Engineering, Medical Science पढाउने University हरू खाली हुँदैछन् भन्ने Indication हो। D grade मा पनि परिवर्तन ल्याउनुपर्छ। जति ल्याउनेले पनि पढ्न पाउनुपर्छ। यसो गर्दा फेरी ती विद्यार्थीहरू पास गर्न नसक्ने अवस्था हुनसक्छ। त्यसले समाजमा बिचलन ल्याउन सक्छ। यति ठुलो चुनौतीहरू हाम्रो सामु उपस्थित छन्।

**डा. जीवन खड्का**
सह-प्राध्यापक, नेपाल खुल्ला विश्वविद्यालय

हामी विभिन्न देश तथा संघसंस्थाहरूले बनाएको मापदण्डलाई आधार मानेर एकोहोरो त्यही मापदण्डको Quality तिर लगेका छौँ । हाम्रो देशको अवस्था अनुसारको शिक्षाको गुणस्तर के हो ? हाम्रो शिक्षाले हामीलाई २४ घण्टामा कति घण्टा engage गराउँछ ? दिनमा ६ देखि ७ घण्टा जागिर गरिरहेको मान्छेलाई पनि त्यो समयभन्दा बाँकि रहेको समयमा हाम्रो शिक्षा प्रणालीले कति engage गराउँछ त्यो कुराले पनि हाम्रो शिक्षाको गुणस्तरलाई मापन गर्दछ । मानिसलाई शिक्षाले जति धेरै engage गराउँछ त्यति नै धेरै output निस्कने गर्दछ । हाम्रो शिक्षा प्रणालीले १८/१९ घण्टा सायद कमै व्यक्तिलाई मात्र engage गराएको छ होला । तसर्थ हामीले Quality को बारेमा कुरा गर्दैछौँ भने कुन context मा Quality को कुरा गर्ने हो एकपटक यसलाई पनि बहसको विषय बनाइनुपर्छ जस्तो मलाई लाग्छ ।

यहाँ सामुदायिक र संस्थागत विद्यालयको भर्नादर हेर्दा private भन्दा public मा कक्षा ९ देखि १२ सम्म ४ दोब्बर छ । त्यसले गर्दा हाम्रो फोकस Public स्कुलमा नै हुनुपर्छ भन्ने यो तथ्याङ्कले देखाउँछ । २८२९६ school level को शिक्षक हुनुहुन्छ भने विद्यार्थीको संख्या चाहिँ १७ लाख ७० हजार १५४ जना देखिन्छ । यसको ratio गर्दा १:६० आउन गयो अर्थात् १ जना शिक्षकलाई ६० जना विद्यार्थी भागमा पर्दो रहेछ । यसको मूल्यांकन गर्दा OECT country का अनुसार ९ देखि १२ कक्षासम्मको ratio १:१३ छ । अर्थात् एक जना Teacher लाई १३ जना विद्यार्थी भागमा पर्ने रहेछ । त्यस्तैगरी विश्व बैंकले पनि १:१७ ratio निकालेको छ । हाम्रो तथ्यांकमा यत्रो अन्तर देखिनुको कारण यहाँ हामीसँग Private स्कुलका तथ्यांकहरू उपलब्ध छैनन् । जसले गर्दा समग्रतामा Quality विश्लेषण गर्दा सहि तथ्यांक पनि नआउने र यसको विश्लेषण गर्न पनि अलिक गाह्रो हुने देखिन्छ । अर्को राज्य पनि उदासिन र अनुत्तरदायी देखिन्छ । किनभने सामुदायिक स्कुललाई पनि राहत भनेर कोटाहरू दिएको छ त्यसैलाई बाँडचुँड गरेर मलाई लाग्छ एकजना शिक्षकलाई दिनुपर्ने तलब पाँच जनासम्मलाई दिइरहेको छ । शिक्षकहरूले पनि आफ्नो salary scale भन्दा तल रहेर पढाउनुपर्ने स्थिति छ । यसैबाट थाहा हुन्छ कि Input मा कमी आएपछि Output मा पनि स्वतः कमी आउँछ ।

१० कक्षासम्म विद्यार्थीको enrollment ७०% को हाराहारीमा छ । ११/१२ पुग्दा ३६ को हाराहारीमा enrollment छ, यसको मुख्य कारण युवाहरूको विदशीने परिपाटी हो । अर्को विद्यार्थीहरू विद्यालय नगएर घरमै बस्ने बानी बढिसकेको छ, उनीहरूलाई पढेर के हुन्छ भन्ने बानी बसिसकेको छ, अर्थात् उनीहरू demotivate भइसकेका छन्, अर्को आर्थिक कारणले

पनि विद्यार्थीको सङ्ख्यामा कमी भएको देखिन्छ र यसलाई न्यूनीकरण गर्न उनीहरूलाई यहिँ engage गराउने, रोजगारी दिने, उद्यमशीलतामा जोड दिने, उनीहरूलाई उद्यमी बन्न प्रेरित गर्ने, street intervention गर्ने समस्या यो भयो भन्ने भन्दा पनि यसको समाधानका लागि के उपाय अपनाउने त भन्ने कुरामा ध्यान दिने हो भने उच्च शिक्षा अध्ययन गर्नेहरूको सङ्ख्यामा कमी पनि आउँदैन र विद्यार्थी विदेशीने परिपाटीमा पनि सुधार हुँदै जान्छ। अर्को हाम्रो Gender Parity Index अनुसार कस्तो देखिन्छ भन्दा भर्नादर ०.९ भनेपछि १०० जनामा ९ जना छात्रा र बाँकी छात्र भन्ने बुझिन्छ। विकसित देशहरूमा भने छात्राहरूको भर्नादर बढी देखिन्छ। शिक्षामा पढाइ छोड्ने दरमा सामाजिक, सांस्कृतिक, पारिवारिक विभिन्न कारणले छात्राहरूको संख्या धेरै देखिन्छ भन्ने तथ्याङ्क अनुसन्धानहरूले देखाइरहेका छन् ।

एकल पथीय पाठ्यक्रमको कुरा चल्दै गर्दा त्यसको पूर्ण कार्यान्वयन अझै भइनसकेको अवस्था छ । संस्थागत विद्यालयहरूले अझै पनि एकल पथीय पाठ्यक्रम बाहिर भने पनि व्यवस्थापनको छुट्टै, शिक्षाको छुट्टै र विज्ञानको छुट्टै गरेर कक्षा सञ्चालन गरिरहेका छन् । यसले संस्थागत विद्यालयहरूको अनुगमन तथा सुपरीवेक्षणमा कमी भएको देखाउँछ । त्यसले गर्दा अझै पनि संस्थागत विद्यालयहरूले सरकारी विद्यालयबाट विद्यार्थी तान्न सफल नै छन् । त्यसको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी कसरी एक पथीय वा Single तयका पाठ्यक्रम लागू गर्ने भन्ने कुरा महवपूर्ण कुरा हो । शिक्षकहरूको Recruitment process जुन छ, शिक्षक सेवा आयोगबाट शिक्षकहरूको माग गरिन्छ तर त्यसको ५ प्रतिशत कोटा पनि पूरा हुँदैन । यो समस्या विश्वविद्यालयमा हो कि ? शिक्षक सेवा आयोगको समस्या हो कि ? उसको प्रकृयामा समस्या हो कि ? खाली विश्वविद्यालयलाई मात्र गाली गरेर हुँदैन । शिक्षक सेवा आयोगले पनि आफ्नो पाठ्यक्रम हेर्नुपर्छ त्यसले लिएका शिक्षकहरूको performance कस्तो छ, यो विषयमा पनि प्रश्न खडा गर्नुपर्ने आवश्यकता देखिन्छ। संस्थागत स्कुलका तालिम अप्राप्त शिक्षकहरूले पढाएका विद्यार्थीको नतिजा चाहिँ राम्रो भनेर अनुसन्धानले देखाइसकेको छ तर विश्वविद्यालयका तालिमप्राप्त लाइसेन्स प्राप्त शिक्षकहरूले शिक्षण गरेका विद्यार्थीको performance कमजोर छ । हुन त त्यति मात्रैले गुणस्तरीय शिक्षालाई निर्धारण त गर्दैन गुणस्तरीय शिक्षक मात्र नभइ विद्यार्थी पनि त्यही पृष्ठभूमिको हुनुपर्छ त्यसमा धेरै कुराहरू हुन्छन् । अर्को मुख्य कुरा भनेको विज्ञान आदि विषय पढ्दा उच्च श्रेणी ल्याएको हुनुपर्ने, तर शिक्षा पढ्न चाहिँ कम ग्रेड वा कुनै विषयमा फेल भएको भए पनि हुने । अनि शिक्षकमा गुणस्तर खोजेर कसरी हुन्छ ? जस्तो बिऊ रोप्यो फल पनि त त्यस्तै लाग्ने हो । तसर्थ शिक्षाको अध्ययन गर्ने विद्यार्थीले उच्च अंक ल्याएको हुनुपर्ने र शिक्षकहरूको सेवा सुविधा अन्य पेशाभन्दा धेरै हुनुपर्ने भयो भने अवश्य पनि विद्यार्थीको प्रवाह शिक्षण सेवामा बढ्दै जान्छ । यसतर्फ पनि सम्बन्धित निकायको, राज्यको ध्यान जानु आवश्यक छ । त्यसपछि मात्रै सकारात्मक नतिजा आउन सक्छ ।

शिक्षक सेवा आयोगको गठनमा पनि राजनीतिक नियुक्ति बढी हावी भएको देखिन्छ त्यसले गर्दा पनि त्यसको निस्पक्षतामा प्रश्न चिन्ह खडा गर्नुपर्ने आवश्यकता देखिन्छ । अर्को प्रधानाध्यापकको चयनले पनि शिक्षाको गुणस्तरमा प्रभाव पार्दछ । प्रधानाध्यापक पनि शिक्षकहरूबाट नै मनोनित हुनुपर्दछ, प्रधानाध्यापक हुनलाई त्यही गुणस्तरको हुनुपर्छ त्यो पालना नभएको जस्तो देखिन्छ । २०७२ देखि २०७८ सम्मको नतिजा ग्रेडिङमा छ । एउटा अध्ययन JER (Journal of Education Research) अध्ययनमा सन् १९९० देखि २०१८ सम्मको डाटा क्याल्कुलेट गर्दा नेपालको शिक्षाको विकास भयो तर सरकारको असर अर्थात् political violence ले शिक्षा क्षेत्रको विकासमा कुनै असर पार्दैन भनेर त्यो अनुसन्धानले देखाउँछ । त्यसको व्याख्या गर्ने हो भने विकासोन्मुख देशहरूमा थोरै प्रयास गर्दा पनि धेरै प्रतिफल हामीले प्राप्त गर्न सक्छौं । हाम्रो देशमा फेल हुनेलाई पास गराउन खास मिहिनेत गर्नु पर्दैन तर विकसित देशहरूमा ९० प्रतिशत ल्याउने विद्यार्थीलाई १०० प्रतिशत ल्याउने बनाउन धेरै मिहिनेत गर्नुपर्छ । त्यसैले सरकारी गैरसरकारी संस्था र सानो लगानीले ठुलो परिवर्तन ल्याउन सकिन्छ । ५ वर्षको तथ्यांकलाई ९ वटा  categories मा बाँडेर जुन रिजल्ट देखाएको छ यसलाई तथ्यांकीय विश्लेषण गर्दा यो ५ वर्षको तथ्यांकमा कुनै significant difference छैन । अर्थात् E देखि A+ ल्याउनेसम्म २०/१९ मात्र तल माथि हो । हाम्रो Mini Years of schooling हेर्दा ५.१ वर्ष मात्रै छ तर नर्वे जस्तो विकसित राष्ट्रको १३ वर्ष छ । तसर्थ यो dropout को विषयलाई पनि हामीले सोच्नुपर्ने आवश्यकता देखिन्छ । तसर्थ हामीले कहाँकहाँ कमजोरी छन् त्यहाँ त्यहाँ प्रहार गर्न सक्यौं भने परिवर्तन चाहिँ अवश्य सम्भव छ ।

# अध्यक्षको मन्तव्य

**प्रा.डा. काशीनाथ न्यौपाने**
बौद्ध दर्शन विभाग प्रमुख
वाल्मीकि विद्यापीठ, ने.सं.वि.

प्राचीनकालमा शिक्षाको उद्देश्य के थियो भने "**निष्कारणो धर्मः षडङ्गो वेदोऽध्येयो ज्ञेयः**" अर्थात् विना कारण व्यक्तिले समग्र शास्त्र पढ्नु । अहिलेचाहिँ हामी सानैदेखि बच्चाहरूलाई के बन्ने भन्दै दबाव दिइरहेका हुन्छौँ । त्यो दबावले बच्चाहरूलाई शिक्षा लिने हो या के लिने हो अत्यन्त कठिन भइरहेको छ र अलिकलि केही हुने बित्तिकै आत्महत्या गर्नका लागि बच्चाहरू प्रेरित हुने क्रम बढ्दै गइरहेको छ । अर्को शब्द हामीले बढो राम्ररी प्रयोग गर्दै आएका छौँ, 'यस्तो खालको जनशक्ति उत्पादन गर्ने, यो कुनै उद्योग होइन उत्पादन गर्नलाई, कुकुरहरूलाई training दिएर एकैजस्तो बनाउन सकिन्छ तर यहाँ त Human Being को कुरा भइरहेको छ । मानिसलाई त training दिने होइन उनीहरूलाई educate गर्ने हो, चिजहरू सिकाउने हो ।

अर्को सरकारी स्कुल र प्राइभेट स्कुलको कुरा आइरहँदा सरकारीमा नपठाउनुको कारण त्यहाँ जिम्मेवार कोही पनि छैन । जसरी हामी कसैको घरमा पाहुना भएर गयौँ त्यहाँ राम्रो बाथरूम पनि छैन सुत्ने बिस्तरा पनि छैन, भोजन पनि राम्रो छैन र पनि हामी दुइ दिन त हो भनेर सहने गर्छौँ । त्यस्तै सरकारी स्कुलमा पनि म त दुइचार दिन यहाँ काम गर्ने हो अनि म हिँडिँहाल्ने हो जे सुकै होस् भन्ने हाम्रो मनस्थिति भयो । प्राइभेटमा के हुन्छ यो त मेरो हो मैले जसरी पनि गर्नुपर्छ भन्ने मनस्थिति हुन्छ । त्यसैले मानव बनाउनको लागि जुन शिक्षा चाहिने हो त्यो शिक्षातिर हाम्रो कतै पनि चिन्तन रहेन, यो हामी सबैको दोष हो । एउटा व्यक्तिले चाह्यो भने पनि धेरै परिवर्तन हुनसक्छ । तसर्थ व्यक्ति राम्रो पुग्यो भने संस्था राम्रो हुन्छ, व्यक्ति खराब पुग्यो भने संस्था बर्बाद हुन्छ यसमा कुनै संशय छैन । प्राज्ञिक विद्यार्थी परिषद्को मूल उद्देश्य व्यक्ति निर्माण नै हो । तसर्थ हामीले शिक्षामा के प्रयास गरौँ भने राम्रा मान्छेहरू त्यहाँ लैजाऔँ । त्रिभुवन विश्वविद्यालयजस्ता विश्वविद्यालयले स्नातक तहको नतिजा निकाल्न १५/१६ महिना लगाउँछ त्यो शिक्षा पढेर हामी के गरौँला ? तसर्थ यस्ता निकायलाई पनि हामीले घच्घच्याइरहनु पर्छ । यस्तो बेथिति हुँदा पनि सामुदायिक विद्यालयहरू जसलाई हामी सरकारी पैसा दिन्छौँ यी विद्यालयहरू अहिलेसम्म टिकिरहेका छन् । किनभन्दा पार्टीका कार्यकर्ता त्यहाँ शिक्षकको रूपमा कार्यरत छन्, तसर्थ अहिलेसम्म चलेका हुन् । शिक्षाले चलेका होइनन् यो वास्तविकता हो । हरेक शिक्षक कुनै न कुनै पार्टीमा आबद्ध छौँ र पार्टीमा भएका सबैलाई सरकारले पैसा पनि दिइरहन्छ अनि किन बोल्ने ? भि.सी देखि रजिष्टारसम्म, रजिष्टारदेखि सामान्य शिक्षकसम्म सबै कुनै न कुनै पार्टीका व्यक्ति हुन् । तसर्थ २४/२५ महिनासम्म रिजल्ट निकाल्न नसक्ने विश्वविद्यालय हामीलाई किन चाहियो ? हामी कोही पनि किन बोल्न सहिरहेका छैनौँ ? किनकि हामीलाई यसले पैसा दिइराखेकै छ । तसर्थ शैक्षिक क्षेत्रमा देखिएको यो राजनीतिक परिपाटीको अन्त्य हुन सक्यो भने मात्र परिवर्तन सम्भव छ । त्यसकारण सही व्यक्ति सही निकायमा पठाऔँ, व्यक्ति राम्रो भयो भने सब सम्भव छ ।

# कार्यपत्र, टिप्पणी एवम् छलफलपश्चात् आएको निष्कर्ष

- माध्यमिक शिक्षालाई कक्षा ९ र १० एवम्  ११ र १२ गरी दुई उपखण्डमा विभाजन गरिएको छ।
- शिक्षालाई समस्या समाधान क्षमता, समालोचनात्मक सोचसहितको व्यावहारिक एवम् सिपयुक्त शिक्षा आर्जनसँगै सार्थक जीवन जिउने आधारस्तम्भको रूपमा हेरिएको छ।
- कक्षा ९ र १० मा रहेको विद्यार्थी सङ्ख्या कक्षा ११-१२ मा प्रवेश गर्दा लगभग ५०% कम हुने गरेको तथ्याङ्कहरूले देखाउँछ। छात्राको तुलनामा कक्षामा अनुपस्थित रहने, कक्षा छोड्ने वा दोहोऱ्याउने संख्या छात्रहरूको बढिरहेको छ।
- विद्यार्थीको सिकाइ उपलब्धि हेर्दा नेपाली मूल्य र मान्यता तथा मौलिक ज्ञानमा आधारित पाठ्यक्रम निर्माण हुन नसक्दा सिकाइ उपलब्धिमूलक हुन सकेको छैन।
- प्राविधिक र व्यावसायिक विषयमा कुल क्षमताको ५० प्रतिशतमात्र विद्यार्थी भर्ना भइरहँदा प्राविधिक विषयको सान्दर्भिकता बुझाउन सकेको छैन। विषयको भौगोलिक वितरण, श्रम बजारमा जनशक्ति मागको जानकारी आदिमै ठुलो समस्या र प्रश्न रहेको छ।
- वैदेशिक रोगजारीका लागि जाने ३५ वर्षमुनिका युवाहरू पनि माध्यमिक तहको अध्ययन पुरा नगरी विदेसिनेको सङ्ख्या ठुलो मात्रामा छ। जसले माध्यमिक तह उत्तीर्ण विद्यार्थीको अवस्थालाई चित्रण गरिरहेको छ।
- कक्षा ९ देखि कक्षा १२ लाई एकीकृत गरिसकेको अवस्थामा कक्षा ११ र १२ मा आवश्यक शिक्षक दरबन्दी पूर्ण हुन सकेको छैन। ११ र १२ का लागि विषयअनुसार आवश्यक शिक्षक दरबन्दी उपलब्ध नगराउँदा विद्यालयहरूले अस्थायी, राहत वा निजी स्रोतबाट शिक्षकको आवश्यकता पूर्ति गर्नु परेको परिस्थिति छ।
- भौगोलिक रूपमै शिक्षक दरबन्दीको असमान बाँडफाँड भइरहेको छ।
- सङ्घीय, प्रदेश र स्थानीय तहको अधिकार र जिम्मेवारीको अस्पष्टताको कारण विद्यालय, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको भूमिकामा अन्यौलको अवस्था सिर्जना भएको छ।
- शिक्षाको उपलब्धिबारे समीक्षा गरिरहँदा विभिन्न विदेशी मापदण्ड एवम् विभिन्न देशसँग हाम्रो उपलब्धिको तुलना गर्दा हामीले हाम्रो देशको परिस्थिति र प्राथमिकतालाई केन्द्रविन्दुमा राख्न नसकेको अवस्था छ।
- शिक्षामा राज्यको पर्याप्त लगानी नहुँदा र संविधानमा उल्लिखित निःशुल्क शिक्षालाई अनिवार्य

गर्न नसक्दा कक्षा १२ सम्मको शिक्षामा सामुदायिक विद्यालयहरूले पनि विभिन्न तरिकाले शुल्क लिइरहेका छन् ।

- पाठ्यक्रम निश्चित समय अन्तरालमा परिमार्जन हुनुपर्छ । वर्तमानको आवश्यकतालाई हेरेर पाठ्यक्रम निर्माण तथा परिमार्जन हुन सकिरहेको छैन ।
- शिक्षक विद्यार्थी अनुपातलाई हेर्दा हामीले शिक्षामा गरेको लगानीले कसरी राम्रो परिणाम दिन सक्छ ? लगानी सँगसँगै प्रतिफल कसरी धेरै अपेक्षा गर्ने ? यसमा चिन्तन हुन सकिरहेको छैन ।
- शिक्षा ऐन (२०२८) लागू भए पश्चात् भूगोल, इतिहास, संस्कृति, अर्थशास्त्र, जनसङ्ख्या जस्ता विषयलाई सामाजिक अध्ययनमा समावेश त गरिएको छ तर उक्त पाठ्यक्रम र सिकाइ विद्यार्थीका लागि अपूरो र अधुरो नै भएको देखिन्छ ।
- सङ्घीय शिक्षा ऐन जारी हुन नसक्दा शिक्षामा सङ्क्रमण काल बढिरहेको छ जसले गर्दा तीन तहको शिक्षा व्यवस्थापनमा अस्तव्यस्तता देखिन्छ ।

# सफलताको अनुभव कथन एवम् अन्तरक्रिया

कार्यशालाको दोस्रो दिनको एक सत्रमा सफलताका अनुभव एवम् विभिन्न विषयमा अन्तरक्रिया सम्पन्न भएको थियो उक्त सत्रको सञ्चालन कार्यक्रम संयोजक प्रा.डा. रामजी गौतमज्यूले गर्नु भएको थियो । उक्त सत्रमा विशेष गरेर नेपालको उत्कृष्ट विद्यालय कालिका नमुना विद्यालय, बुटवलका पूर्व प्रधानाध्यापक डा. घनश्याम पाठकले विद्यालय नमुना बनाउँदाका संघर्ष र सफलताको बारेमा आफ्नो अनुभव राख्नु भएको थियो भने निजी क्षेत्रको उत्कृष्ट विद्यालय डि.ए.भि. स्कुल, जावलाखेलका सञ्चालक अनिल केडियाले आफ्नो अनुभव राख्नु भएको थियो ।

डा. घनश्याम पाठकले आफनो अनुभवमा भन्नु भयो : विद्यालय सुधार गर्नका लागि मुख्य कुरा नेतृत्वको भूमिका रहेको व्यक्तिमा विद्यालयप्रति चासो र चिन्तन हुनु जरुरी हुन्छ । विद्यालय सुधारका लागि हामी तीनवटा कुराहरूको बारेमा योजना बनाएर अगाडि बढेका थियौँ । जसमा (भौतिक पूर्वाधार सुधारसम्बन्धी योजना, शैक्षिक गुणस्तर सुधार गर्नको लागि योजना एवम् विद्यालय र समाजमाझ सुमधुर सम्बन्ध) यी तीन मुख्य विषयमा हामी केन्द्रित रह्यौँ र जसले हामीलाई सफलता दिलायो ।

उहाँले भन्नुभयो : हामीले विद्यालय र विद्यालय रहेको समाजसँगको सुमधुर सम्बन्ध कार्यान्वयन र परिणाममुखी कसरी गराउन सकिन्छ भनेर सोच्यौँ र कार्यान्वयनमा लाग्यौँ । साथै त्यस समाजमा रहेका विद्यालयको विरोध गर्ने व्यक्तिहरू पहिचान गरी उहाँहरूसँग बारम्बारको सम्पर्कबाट राम्रो सम्बन्ध स्थापित गरी विद्यालय सुधारका लागि उहाँहरूलाई नै मुख्य भूमिकामा राखेर कार्य गर्नका लागि अनुरोध गर्दै जिम्मेवारी पनि दिँदै गयौँ र साथ पनि दियौँ । जब समाजले विद्यालयमा आफ्नो पनि लगानी गर्दछ तब त्यस समाजलाई पनि चासो र माया लाग्न सुरु हुन्छ । समाजको लगानी भएपछि त्यसलाई कसरी राम्रो बनाउन सकिन्छ भन्ने चिन्तन बढ्न थाल्यो र जवाफदेहिता पनि बढ्दै गयो ।

विद्यालयलाई सफल बनाउनका लागि फेलरहित विद्यालयको परिकल्पना लिएर हरेक विद्यार्थीको बारेमा चासो दिएर पास कसरी गराउन सकिन्छ त्यसका लागि हामीले सोच्न थाल्यौँ । विद्यालयको सफलता निरन्तर दीर्घायु बनाउनका लागि आफू पछाडि आउने नेतृत्व पनि तयार गर्नु पर्दछ अन्यथा आफू जिम्मेवारीमा रहँदासम्म राम्रो चल्ने र आफ्नो अवकाशपछि विद्यालय पुरानै अवस्थामा अधोगतितर्फ जानेछ भन्ने मैले राम्रोसँग बुझेको थिएँ, त्यसमा मैले विशेष ध्यान दिइरहेको थिएँ । त्यसैले नेतृत्व गर्ने मात्रै होइन नेतृत्व जन्माउनु ठुलो कुरा हो । पेसाप्रति निष्ठावान् भएर लाग्ने हो भने कुनै पनि क्षेत्रलाई

आदर्श र नमुना बनाएर लैजान सकिन्छ भन्ने मेरो जीवनको अनुभव हो । निष्ठा नभएमा जस्तोसुकै जिम्मेवारीमा रहेर काम गरे पनि परिणाममुखी हुन सक्दैन ।

विद्यार्थीहरूको आधारभूत आवश्यकता कम्तिमा पुरा भएको हुनुपर्दछ अन्यथा विद्यालयमा मात्रै राम्रो कुरा सिकाउन खोजेर हुँदैन । बालबालिकाको भोजन, विद्यालयको पोषाक र शैक्षिक सामग्रीको उपलब्धता अनिवार्य हुनुपर्दछ नभए आदर्श विद्यालय नारामा मात्रै सीमित रहन्छ व्यावहारिक हुन सक्दैन । विद्यार्थीहरूको राम्रो नतिजा आउने गरी कार्य गर्नका लागि शिक्षकहरूको मिहेनत जति सानो कक्षा बालविकासदेखि ५ कक्षासम्ममा लगाउनु पर्दछ । साथसाथै ६-१२ कक्षाका विद्यार्थीहरूमा ध्यान दिन जरुरी हुन्छ भन्ने हामीले बुझ्यौँ र सोहीअनुसार योजना बनाउँदै अगाडि बढ्दै गयौँ ।

समग्रमा भन्नु पर्दा प्रधानाध्यापकले एउटा नेतृत्वकर्ताको रूपमा कार्य गर्न सक्नुपर्दछ । त्यससँगै मुख्य योजनाकारको भूमिका पनि निभाउन सक्नुपर्दछ । विद्यालय राम्रो बनाउन पहिले नै भूगोल साथै सामाजिक अवस्थाको बारेमा पनि राम्रोसँग अध्ययन गरेर सोही अनुरूप अगाडि बन्नुपर्दछ । व्यावहारिक योजनालाई लिएर आफैबाट सुधार गरेर अगाडि बढ्नु पर्दछ र अन्त्यमा चासोका साथ लक्ष्य प्राप्तिका लागि लाग्दा कामहरू गर्दै सिक्दै र अनुभवका आधारमा अगाडि बढ्न सकिन्छ, मनमा सङ्कल्प शक्ति लिएर अगाडि बढेपछि असम्भव केही हुँदैन  । उहाँले आफ्नो अनुभव सुनाउनु भयो ।

त्यसै गरी अनिल केडियाज्यूले भन्नुभयो : वर्तमान समयमा पूर्वीय सनातन संस्कृति खस्किँदै गइरहेको छ, जुन कुरा विद्यालयमा सिकाउनुपर्ने हो, तर विद्यालय शिक्षामा त्यो नैतिक शिक्षा र संस्कारका कुराहरू अत्यन्तै कम भएका कारणले हाम्रा बालबालिकाहरू संस्कारविहीन हुन पुगेका छन् । विद्यालय शिक्षामा नैतिक शिक्षा अत्यन्तै आवश्यक छ । त्यसैले हामीले हाम्रो विद्यालयमा पूर्वीय दर्शनमा आधारित शिक्षा र नैतिक शिक्षालाई प्राथमिकतामा राखेर अगाडि बढेका छौँ ।  उहाँले भन्नुभयो : आज समाजमा स्कुल छन् विद्यालय छैनन्, शिक्षक छन् गुरु छैनन्, स्टुडेन्ट छन् विद्यार्थी छैनन् ,किनकी विद्यालयमा विद्यार्थीले संस्कार पाउनुपर्ने हो तर आज अभाव छ । गुरुको भूमिका मार्गदर्शकको हो, विद्यार्थीलाई प्रेरणा प्रदान गर्ने हो आज त्यसको अभाव छ । त्यसैगरी विद्यार्थीले विद्या आर्जन गरेर असल व्यक्तिसँगै स्वरोजगार बन्नु पर्ने हो तर त्यसको अभावका कारण समाज संस्कार विहीनताले जगडिएको छ ।

पूर्वीय चिन्तन अत्यन्तै धनी छ जसले सम्पूर्ण विश्वलाई नै मार्ग प्रशस्त गर्न सक्दछ तर हामीले हाम्रो चिज चिन्न नसकेकाले पछाडि परेका छौँ । यसलाई हाम्रो पाठ्यक्रममा राखेर सिकाउनु,  अध्ययन गराउनु अति आवश्यक छ । विद्यार्थीलाई नितान्त पास गराउने, कक्षा स्तरोन्नति गर्नमा मात्रै ध्यान दिएकाले पनि विद्यार्थीहरूमा रचनात्मकता घट्दै गएको छ । विद्यार्थीमा रचनात्मकता ल्याउन र उसलाई जागृत गराउनका लागि पुरस्कार र सजायको व्यवस्था अनिवार्य गर्नुपर्दछ । जबसम्म पुरस्कार र सजायको

कुरा हुँदैन तब त्यसको परिणाम राम्रो आउँदैन । fair बाट Discipline, Discipline बाट Education, Education बाट wisdom, wisdom बाट salvation आउँछ तर वर्तमानमा हामीले बच्चालाई डर दिने काम बन्द गर्‍यौँ, डरको ठाउँमा love (माया) राखिदियौं सबै कुरा सकियो । अनुशासनविना विद्यार्थी थप कुरा सिक्न सक्दैनन्, अनुशासनबाट नै संस्कार आउने हो ।

शिक्षानीति सही तरिकाले नबन्दा र कार्यान्वयन नहुँदा operation is successful but patient is die. भन्ने जस्तो भएको छ। त्यसैले नीतिमै सुधार आवश्यक छ, नतिजा राम्रो बनाउनका लागि सरकारी र निजी विद्यालयलाई हेर्ने दृष्टिकोण समान गराउनु आवश्यक छ । त्यसको साथ साथै स्वरोजगार भएकाहरूलाई हौसला भन्दा पनि समस्या थपिदिने गरेकाले क्षमता भएका व्यक्तिहरू पनि निस्क्रिय भएर बस्न बाध्य छन् । शिक्षा आय आर्जनका लागि हो भने विद्या त सही र खराब छुट्याएर मुक्तिको मार्ग देखाउने माध्यम हो । त्यसैले शिक्षा होइन विद्या जीवन उपयोगी बनाउन आवश्यक छ। अबको दिनमा शिक्षक होइन गुरुको भूमिका निर्वाह गर्न सक्ने खालको हुनु आवश्यक छ। अध्यापक आफू पनि ध्यान गर्ने र विद्यार्थीमा पनि गुणको विकास गराउन सक्ने गुरुको भूमिका वर्तमान शिक्षामा आवश्यक छ।

# आधारभूत तहको शिक्षा : वर्तमान अवस्था र रूपान्तरण सम्भावना

कार्यशालाको दोस्रो दिन दोस्रो सत्रमा आधारभूत तहको शिक्षाः वर्तमान अवस्था र रूपान्तरण सम्भावना विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो। उक्त कार्यपत्र शिक्षा मन्त्रालय भाषा आयोगका सचिव श्री जयराम अधिकारी र शैक्षिक गुणस्तर परीक्षण केन्द्रका शाखा अधिकृत श्री देवीराम आचार्यज्यूद्वारा संयुक्त रूपमा प्रस्तुत गरिएको थियो । उक्त कार्यपत्रमा समाजशास्त्र केन्द्रीय अर्थशास्त्र विभागका उपप्राध्यापक डा.प्रमोद भट्टज्यू, शिक्षा परामर्श केन्द्रका सदस्य डा. विष्णु कार्की र शिक्षा मन्त्रालयका पूर्व उपसचिव डा. कुलप्रसाद खनालले टिप्पणी गर्नुभएको थियो । उक्त सत्र प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको राष्ट्रिय छात्रा प्रमुख लक्ष्मी कर्णज्यूले सञ्चालन गर्नुभएको थियो ।

कार्यपत्रको आधारमा विषय राख्दै जयराम अधिकारीले आधारभूत शिक्षा तथा प्रारम्भिक शिक्षाको वर्तमान शैक्षिक अवस्था, त्यसमा पनि ठुलो संख्यामा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूमा न्यूनतम मापदण्ड रहेको र बालबालिकाको भर्ना दरमा असमानताहरू रहेको कुरालाई विशेष प्राथमिकताका साथ उल्लेख गर्नुभएको थियो । गरिब, आर्थिक विपन्न तथा अन्य कमजोर समूहको भर्नादर त्यसमा पनि छात्राको भर्नादर अत्यन्त न्यून रहेको कुरा, अपाङ्गता भएका बालबालिकाको सहभागिता पनि अत्यन्त न्यून रहेको कुरालाई पनि उल्लेख गर्नुभएको थियो ।

त्यस्तै बालविकासमा भर्नाको प्रदेशगत अवस्था, आधारभूत तहको पाठ्यक्रम संरचना आदि विषयलाई तथ्याङ्कीय रूपमा प्रस्तुत गर्नुभएको थियो। पाठ्यक्रम निर्माण तथा त्यसको कार्यान्वयनमा देखिएका समस्या लगायत नीतिनिर्माणदेखि कार्यान्वयन तहसम्मले त्यसको सही कार्यान्वयनका लागि निर्वहन गनुपर्ने भूमिकाको बारेमा पनि स्पष्ट रूपमा विषय प्रस्तुत गरिएको थियो ।

पाठ्यपुस्तकका विषयको वर्तमान अवस्थाको विषयमा पनि कार्यपत्रमा विषय उल्लेख गरिएको थियो। पाठ्यक्रम, पाठ्यपुस्तक र विधिमार्फत् नेपालको भाषा, इतिहास, संस्कृति र भूगोलसापेक्ष शिक्षा कसरी र कति समेटिएका छन् र सन्दर्भ सामग्री तथा अनुसन्धानको माध्यमबाट त्यसको सम्बोधन कसरी गर्न सकिन्छ भन्ने कुराहरूको विषय उठान पनि उहाँहरूले गर्नुभएको थियो ।

त्यस्तै मूल्याङ्कन, परीक्षा, मापन, शिक्षामा विद्यार्थी पहुँच, समावेशिता, न्याय, समानता र समताका कुरा, शिक्षक दरबन्दी, शिक्षक विद्यार्थी अनुपात, आन्तरिक सक्षमता गुणाङ्क, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन यावत विषयहरूलाई तथ्याङ्कीय तथा विषयगत रूपमा कार्यपत्रमार्फत् प्रस्तुत गर्नुभएको थियो। कोभिड-१९ ले सिर्जना गरेको थप सिकाइ क्षतिबाट सिकाइलाई कसरी माथि

उठाउने, सिकाइमा निरन्तरता, आधारभूत शिक्षाको तह पूरा गर्ने सुनिश्चितता, सिकाइ उपलब्धिमा बढोत्तरी कसरी गर्ने लगायत विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावकलाई सुधारका सहजकर्ताका रूपमा लैजाने कुरा र त्यसमा राजनीति र दलको भूमिका, नीति, कार्यक्रम र अभ्यासहरू गर्ने कुरालाई पनि कार्यपत्रमा विशेष रूपमा प्रस्तुत गरिएको थियो । तसर्थ समग्रमा कार्यपत्रमा आधारभूत शिक्षाका वर्तमान अवस्था, चुनौती तथा सुधार गर्नुपर्ने विषयलाई उहाँहरूले आफ्नो प्रस्तुतिमा समावेश गर्नुभएको थियो ।

जयराम अधिकारी र देविराम आचार्यज्यूले संयुक्त रूपमा प्रस्तुत गर्नुभएको कार्यपत्र माथि टिप्पणीकर्ता डा. प्रमोद भट्ट, डा. विष्णु कार्की र डा. कुलप्रसाद खनालले टिप्पणी गर्नुभएको थियो ।

सत्रको अन्त्यमा कार्यपत्र प्रस्तुतकर्ता, टिप्पणीकर्ता र अध्यक्ष सबैलाई स्मृति चिह्न प्रदान गरिएको थियो ।

(**कार्यपत्रको पूर्ण पाठ अनुसूची ४ मा समावेश गरिएको छ । टिप्पणीकर्ताहरूद्वारा व्यक्त विषयको सारांश यसको साथमा संलग्न गरिएको छ ।**)

# टिप्पणी

**डा. विष्णु कार्की**
परामर्शदाता, शिक्षाक्षेत्र

यस कार्यपत्रमा समेटिएको वस्तु-स्थितिले शिक्षाको राम्रो चित्रण गरेको छ । भोलिका दिनमा हाम्रो सोचाइ कस्तो हुनुपर्छ भन्ने विषयमा दुई चारवटा कुरा राख्न चाहन्छु । सुरूवातमा वहाँहरूले सिकाइलाई केन्द्रमा राखेर शिक्षाको बारेमा सोच्नुपर्छ भन्नुभयो । तर यसका लागि पाठ्यक्रम कार्यान्वयन मूल मार्ग हो भन्नुभयो, जुन मलाई गलत लाग्यो । यदि पाठ्यक्रम मात्रै मूल मार्ग हो भने हामीसँग शिक्षाको formal, informal, traditional, religious गरी अरू थुप्रै माध्यमहरू छन् । हामीलाई हाम्रो घर परिवार, समाज पहिलो पाठशाला हो भनेर सिकाइँदा पाठ्यक्रम थिएन । त्यसो भए के हामीलाई गलत सिकाइएको थियो त ? तपाईंले जति सिके पनि र जति ठुलो डिग्री लिए पनि पुनः फर्किने त समाजमा नै हो । अहिलेको समाजमा हाम्रो सोच र चिन्तनलाई पनि अझै फड्को मार्न लगाउनुपर्छ । हामीले हाम्रो सोचमा diversification ल्याएनौं भने सम्पूर्ण कुरा त्यही ढङ्गका हुन पुग्छन् । शिक्षा दिने र लिने भनेको विद्यालयमा मात्रै होइन भन्ने कुरा हामीले गाँठो पार्नु पर्‍यो । अहिले हामी open learning Distance learning को कुरा गर्छौं, त्यसो हुँदा विद्यालयलाई पनि open गरौं । विद्यार्थीले विद्यालयभन्दा धेरै समय बाहिर बिताउँछन्, त्यसमा पनि ठुलो सिकाइ हुन्छ । त्यो बच्चा विद्यालय गएन, परीक्षा दिएन वा फेल भयो भने उसले केही सिकेन भन्ने हुँदैन । विद्यालय एउटा Platform वा शिक्षाको बाटो हो जहाँ अनुशासन लगायत multicultural, multilingual, moral values र ज्ञान हासिल गर्न सक्छौं । हाम्रो शिक्षाप्रणाली समग्रमा अहिले मात्र विद्यालय र पाठ्यक्रमभित्र सीमित हुन पुग्यो । पाठ्यक्रम बाहिर लाखौं कुरा जाने पनि सिकाइको जाँच पाठ्यक्रमको घेराभित्र नै हुन्छ । अहिलेको २१ औं शताब्दीमा पनि आधारभूत शिक्षा एक foundation system हो जसले भविष्यको आधार तय गर्छ । सुरूवात उद्देश्यबाट गर्नुपर्छ किनकि पाठ्यक्रम पनि कुनै उद्देश्यका लागि नै हो । हामीलाई शिक्षक, विद्यालय, पाठ्यक्रम, पाठ्यपुस्तक आदि केही चाहिएको होइन । हामीलाई सिकाइ चाहिएको हो । सिकाइका लागि सबै कुरा supporting mechanism मात्र हो । सिकाइको वैकल्पिक माध्यमलाई पनि ध्यानमा राख्नुपर्छ । सर्वप्रथम त आधारभूत शिक्षाको उद्देश्य के हो ? हामी त्यो आधारभूत शिक्षा के का लागि दिँदैछौं भनेर प्रष्ट हुँदैनौं भने शिक्षक, पाठ्यक्रम, मूल्याङ्कन वा सिकाइ कस्तो चाहिन्छ भन्ने थाहा हुँदैन । अझैसम्म पनि हामीलाई उद्देश्य थाहा छैन । शिक्षाका लागि शिक्षा भन्ने चाहिँ हुँदैन । अरू विषयमा हुँदो रहेछ, कृषि उत्पान बढाउनका लागि हो, इन्जिनियरिङ्गको आफ्नै उद्देश्य होलान्, तर तपाईंले शिक्षा लिएर फेरि थप शिक्षा लिने भन्ने कुरा हुँदैन । कृषि विकास, पशुपक्षी संरक्षण, खानेपानी तथा बिजुली उत्पादन आदिका लागि शिक्षा चाहिएको होला । मानिसले शिक्षा नलिए पनि बजारमा काम चाहिँ गरिरहेका छन् । आधारभूत किन १ देखि ८ भयो ? किन १ देखि ९ भएन ? यदि जागिर खानका लागि नै हो भने

उमेरको तालमेल हेर्दा कक्षा ९ सम्म त लानै पर्छ। किनकि १६ वर्ष नपुगी जागिर खान पाइँदैन। कक्षा ८ पास गर्दा त प्रायः विद्यार्थी १६ पुगेका हुँदैनन्, यो विभिन्न उदाहरण हो। हामी एउटा ठोस उद्देश्यका लागि शिक्षा लिन्छौँ। सामान्य सुरक्षित जीविकोपार्जनको मात्र उद्देश्य हो भने हामीले फेरि पाठ्यक्रम, शिक्षानीति सबै संरचना नै फेर्नु पर्ने हुन्छ। हामी आफ्नो उद्देश्यमा प्रष्ट छैनौँ भने हिजो जे गरिरहेका थियौँ आज पनि त्यही नै गर्दैछौँ।

पाठ्यक्रम पढाउने हो कि पाठ्यपुस्तक पढाउने हो ? अघि साथीले भनेजस्तो अहिलेसम्म कर्णालीमा किताब भने पुगेको छैन तर शैक्षिक सत्र सुरू भइसक्यो। हामी किताब पढाउछौँ, त्यहाँ नै हामी चुकिरहेका छौँ। किताब होइन पाठ्यक्रम पढाउने हो। यदि हामीले सही ढङ्गमा पाठ्यक्रम विकास गरेका छौँ भने त्यसको उद्देश्य नै सिकाइका लागि हो। आज २१ औँ शताब्दीमा पुग्दा पनि हामीले आफूलाई जति प्रजातान्त्रिक वा विज्ञ भने पनि किताब पुगेको छैन। हाम्रो यथार्थ त्यही हो। किताब नपुगी त हामीले सिकाउन सक्दैनौँ। हामी ५०० वर्ष पुरानो system follow गर्दै छौँ। इतिहास हेर्दा formal system fixed system हो। विद्यालय गएर, पढेर जाँच दिने भए पास हो नत्र फेल हो। Nothing is flexible। यस्तो अवस्थामा विश्व बजारमा कसरी चल्ने त ? त्यसैले यसबाट बाहिर निक्लनु पऱ्यो। शिक्षा विद्यालय बाहिर पनि हुन्छ। Non school based teaching-learning process नयाँ होइन। बाहिर school without walls भन्ने प्रणाली देख्नुहुन्छ जुन विश्वविद्यालयमा हामीले लागू गरिसक्यौँ। हिजो कोभिडको समयमा र पहिला भुँइचालो गएपछि हाम्रा विद्यालय लामो समयसम्म बन्द रहिरहे। तथ्याङ्कअनुसार सबैभन्दा बढी विद्यार्थीहरू सोही समयमा पास भएका थिए। विद्यालय बन्द हुँदा विद्यार्थी पास हुन्छन् भने किन खोल्नुपऱ्यो र ? त्यसको सिकाई यो रह्यो कि वास्तवमा शिक्षक, पाठ्यक्रम, विद्यालय केही पनि चाहिँदो रहेनछ, सिकाइ जारी नै रहने गर्छ। विद्यालय र विश्वविद्यालयमा अनेकौँ समस्या छन्। पाठ्यपुस्तक पनि पुगिरहेको हुँदैन। अहिलेको माग के छ भने वैकल्पिक सोचका साथ विद्यालयभन्दा बाहिर पनि शिक्षालाई लग्नुपर्छ। हाम्रो प्रणालीलाई बुझ्न मात्र गाह्रो भएको हो।

कुनै राजनीतिक, आर्थिक त कुनै व्यक्तिगत कारणले गर्दा सबैभन्दा पहिला विद्यालय बन्द हुन्छ। हामीले कोभिडलाई सिकाइ गुमाएकोमा दोष दियौँ। हाम्रो सिकाइ त पहिलादेखि नै हराएको थियो। Systemic loss is pathetic। विभिन्न कारणले जब विद्यालय बन्द हुन्छ, तब ज्ञान हराउँछ। तीस प्रतिशतको मार्जिनमा उत्तीर्ण अंक राख्दा पनि धेरै विद्यार्थी फेल भएका छन्। कोही मार्जिनमा पुगेर मात्र पास भएका पनि छन्। उनीहरूले सिक्नुपर्ने कुरा ७० प्रतिशत नै सिकेका छैनन्। भोलिको अवस्था देख्ने क्षमता तपाईहरूसँग नै छ। अलिकति सोचिदिउँ कि नयाँ ढङ्गमा कसरी जाने ? समस्या सुधार गरेर शिक्षामा सोचेजस्तो हुँदैन। किनकि हामीले अहिलेको शिक्षा सुधार खोजेका छैनौँ। हाम्रो शिक्षाप्रणालीले भोलिको आवश्यकता मिलाउन सक्ने हुनपऱ्यो। जति सुकै हामीले nationalistic view बाट शिक्षालाई हेरे पनि global influence छ नै। हाम्रो शिक्षामा पनि विश्वको ट्रेन्डले प्रभाव पारेको छ। त्यसबाहेक हामी नितान्त नेपाली शिक्षा मात्र दिन्छु भन्ने हो भने प्रगति हुँदैन। एकातिर flexible हुन जरूरी छ भने अर्कोतिर हाम्रो आफ्नै समस्या र आवश्यकता पनि ध्यानमा राख्नुपर्छ।

**डा. कुलप्रसाद खनाल**
पूर्व उप-सचिव शिक्षा मन्त्रालय

यस कार्यपत्रलाई प्रस्तुतकर्ताहरूले धेरै सुन्दर ढङ्गले प्रस्तुत गर्नुभएको छ। रूपान्तरणका लागि एउटा departure विन्दु देखाउनका लागि यो कार्यक्रम राम्रो platform हो। पहिला त म यस विषयमा छलफल गर्न चाहन्छु कि अन्तिमसम्म आउँदा यो कार्यपत्रको स्वरूप पढ्ने मान्छे र सरोकारवालाले राम्ररी बुझ्न सकून्। मेरा विचारका बुँदाहरूलाई सोही रूपमा जोड्न चाहन्छु। पहिलो नम्बरमा छ यसको विद्यमान अवस्था। हामीले शिक्षाको बारेमा समीक्षा गर्ने केही parameter बनाउनुपर्‍यो। उदाहरणका लागि Investmets, नीति कार्यान्वयन, प्रक्रिया, नतिजा, पहुँच वा गुणस्तरको अवस्था आदि यी पारामिटर हुनसक्छन्। आधारभूत तह आफैँमा पूर्ण भनेर बुझिन्छ तर यसमा अझै विशेषता ल्याउन सकिन्छ। Global trade and local priority को बारेमा अहिलेसम्म के भइरहेको छ, आदि कुरा राखेर अहिलेको अवस्थाको परिदृश्य निक्लिन्छ। मेरो दोस्रो प्रस्ताव छ सान्दर्भिक साहित्य र दस्ताबेज अध्ययन। हाम्रो phylosophical orientation के हो र हाम्रो गन्तव्य कहाँ हो ? Related literature र त्यसअन्तर्गत theory, concept, policy and practice लाई review गर्नुपर्छ। Eastern philosophy perspective बाट हाम्रो शिक्षण अघि जानुपर्छ भनेर हाम्रा पाठ्यक्रम र फरमल डकुमेन्टमा पनि भनिएको छ। श्रीमद् भगवत्गीताले भन्छ :

**कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन। मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि॥**

यो एउटा श्लोकलाई हामीले प्राथमिक तहमा पनि राख्न सक्छौँ र मास्टर तहमा पनि राख्न सक्छौँ। यसले हामीलाई कर्मशील हुन प्रेरणा दिन्छ। यस श्लोकले भन्छ आफ्नो कर्म मिहिनेत साथ गर्नुपर्छ, त्यसको राम्रो फल अवश्य प्राप्त हुन्छ। भूत, वर्तमान र भविष्यको कस्तो नाता हुन्छ भन्ने माथिल्लो तहमा राख्न सकिन्छ।

त्यसैगरी बुद्धिजम्मा पनि बुद्धको पञ्चशील सिद्धान्त, वातावरणीय ज्ञान, vocational शिक्षा धेरै पाठहरू छन्। त्यस्ता कुनै कुरा निकालेर हामीले यस आधारभूततहमा राख्न सकिन्छ। त्यसलाई विशेष गरी यो pre-vocational education को रूपमा आधारभूत तहमा जोड्न सकिन्छ। यो समाजवाद उन्मुख शिक्षा र जनमुखी शिक्षा भनेर चर्चा गरिन्छ र संविधानमा पनि उल्लेख पाइन्छ। कस्तो शिक्षालाई समाजवाद उन्मुख भन्ने र त्यसको concept हाम्रो basic शिक्षामा कसरी लागू हुन्छ ? जनमुखी भनेको के हो ? त्यसबारे एक किसिमको review हुनसक्छ। Given these same resources and legal environment, some committee schools are doing better than others। यो कुरा हामीले महशुस गरिरहेका छौँ। त्यसैगरी नीति, संरचना र institutional capacity पनि त्यतिकै महत्वपूर्ण हुन्छ। Social perspective बाट समाज विकासको अध्ययनमा दुईटा विचारहरूसँगै आएका हुन्छन्। एउटा संरचना अर्को एजेन्सी। कहिले यी दुई एक आपसमा अन्तरसम्बन्धित हुन्छन् भने कहिले कुनै एक अर्कोमाथि

हाबी हुन्छ । हाम्रो सन्दर्भमा अहिले स्थानीय तहमा शैक्षिक अधिकार विभेद र नेतृत्वको कामको कुरा गर्दा के हो audidominancy ? कुनै ठाउँमा एजेन्सीको त कुनै ठाउँमा संरचनाको प्रभाव बढी पाइन्छ ।

अर्को विषय छ राजनीतिका घोषणापत्रले के कुरालाई प्राथमिकता दिएका छन् ? राजनीतिक एजेन्डासँग हाम्रो शैक्षिक संरचना र पद्धतिलाई कसरी जोड्न सकिन्छ ? तेस्रो पक्ष चाहिँ रूपान्तरित आधारभूत शिक्षाको आधारमा शैक्षिक रूपान्तरणका मुद्दाहरूमा समीक्षा गरिसकेपछि मात्र हामीहरूसमक्ष समस्या र त्यसको समाधान आउँछ । कस्तो मूल्यको शिक्षा आधारभूत तहमा हुनुपर्ने हो ? त्यसको मूल्याङ्कन हुनुपर्छ । त्यसपछि vocational वा प्राविधिक शिक्षा कक्षा ९ देखि १२ सम्म जोडिन सक्ने गरी कक्षा ८ सम्म पनि basic vocational शिक्षा दिन सकिन्छ । Investment, Governance and management, Autonomy and accountability of school leaders, यी सबैबारे कुरा गर्न सकिन्छ । स्थानीय ज्ञान, सिप र मागमा आधारित उत्पादनसँग जोडिएको शिक्षाबारे अर्को category हुनसक्छ । Teaching-learning को मूल्याङ्कनका लागि पनि हामीले attitude जाँच्ने गरी assessment का साधन बनाउन सकिन्छ । त्यसैगरी क्रमशः अवसर र चुनौतीको कुरा गरौँ । स्थानीय तहमा आधारभूत शिक्षा व्यवस्थापन गएको त अवसर हो नि । नजिकबाट शिक्षाको supervision, अभिभावकले सबै बुझ्न सक्छन् र जनतामा अधिकारको पहुँच छ । यो अवसरलाई सदुपयोग गर्न सकिएन भने अवसर दिएर मात्र केही हुँदैन । अहिले planning and implementation सबै तलबाट हुने हो । वास्तवमा अहिले top down follow up policy direction एउटा अवसर हो । स्थानीय तहको प्राथमिकताबारे कुरा गर्दा मैले लुम्बिनी नगरपालिकामा काम गर्दा त्यहाँ स्थानीय पाठ्यक्रम बनाइयो र पुस्तक छापियो तर त्यी पुस्तक कुनै विद्यालयले लगेनन् । बुद्धिजमूलाई लिएर विशेषगरी मुस्लिम कमिटिले नकारदियो कि उनीहरूको संस्कृतिबारे उल्लेख कतै भएन । त्यसैले हामीले लुम्बिनी प्रदेशका सबै जातजातिको संस्कार संस्कृतिबारे सम्मान रूपले उल्लेख गर्नुपर्ने थियो कि ? यि सबै विषयमा ध्यान पुऱ्याउनुपर्छ ।

उल्लिखित सबै कुरा समेटेर अब हाम्रो सुधारको माध्यमतर्फ लागौँ । उदाहरणका लागि लगानी र स्थानीय स्रोतको परिचालनबारे स्थानीय शिक्षा विकास कोष बनाउन सकिन्छ । पाठ्यक्रमको स्थानीयकरण गर्ने विषयमा अघि भने जस्तो मुसलमानको पनि व्यक्तिगत र सामाजिक जिम्मेवारी हुने रहेछ । यस्ता कुराहरू पनि हामीले नैतिक शिक्षामा संलग्न गराउन सकिन्छ । School based teacher training हुन आवश्यक छ । जसका लागि संघको शिक्षा विकास समन्वय इकाइको भूमिकाको बारेमा पुनःसमीक्षा गर्नुपर्छ । यदि हामीले रूपान्तरण गर्ने हो भने शिक्षाको अधिकार शिक्षा प्रमुखलाई र स्वास्थको अधिकार स्वास्थ्य प्रमुखलाई दिनुपर्छ । विद्यालय परीक्षण र अनुगमन सहयोग अहिले भाँचिएको छ । यसका लागि अब हामी स्थानीय तहमा जान्छौँ । स्थानीय तहमा सेवा नियुक्त विज्ञहरू छन् । उनीहरूलाई कामको आधारमा परिचालन गरेर एउटा नेटवर्क ब नाएरaccountability mechanism बनाउन सकिन्छ । स्थानीय तहले धेरै सम्भावनाहरू व्यवस्थापन गर्न सक्छन् । अन्तिममा एउटा plan या implementation जरूरी छ जस्तो मलाई लाग्छ । यि सबै कुरालाई सहज ढङ्गले उतार्न कसले के कति लगानी गर्ने भनेर हामीले तोक्यौँ भने निकै सहज हुन्छ । धन्यवाद ।

**डा. प्रमोद भट्ट**
उप-प्राध्यापक
समाजशास्त्र केन्द्रीय विभाग, त्रि.वि.

शिक्षा भन्ने कुरा संसारमा कहीँ कतै पनि पूर्ण रहेनछ। हामीले हेर्दा फिनल्याण्डको विद्यालय शिक्षा धेरै उत्कृष्ट पाउछौँ तर त्यहाँका फिनिसहरूले त्यही शिक्षा पद्धतिमा अझै पनि समस्या देखिरहेका हुन्छन् । शिक्षा धेरै गतिशील हुँदो रहेछ लक्ष्य असीमित हुने रहेछ। यदि शिक्षाको उद्देश्य सिकाई हो भने त्यो सिकाइ भनेको चाहिँ के हो त ? कहिलेकाहिँ घर फर्कदा बाटोमा स्कुल बसको पछाडि परिन्छ, तब बसको झ्यालबाट कहिले प्लास्टिक त कहिले केराको बोक्रा तल खसिरहेको हुन्छ। मानिसले भन्छन् प्राइभेट स्कुलका बालबालिकाहरू त सरकारी स्कुलका भन्दा राम्रा हुन्छन् वा राम्रा पढेका हुन्छन् । एस.इ.इ तथा नासा आदिले गरेको परीक्षणमा पनि उनीहरूको अंक राम्रो आएको देखिन्छ। फोहोर बाटोमा फाल्न हुँदैन जस्तो साधारण कुरा त उनीहरूलाई सिकाइएको होला तर किन सिकेनन्। त्यसैले आखिर सिकाइ भनेको के हो त ? पाठ्यक्रममा भएको कुरा पढाउनु भनेको मात्र सिकाइ हो कि सम्पूर्ण जीवनउपयोगी व्यवहार सिकाउनु हो ?

तथ्याङ्कअनुसार अहिले ९६ प्रतिशत बालबालिका विद्यालय जान्छन् । विद्यालय जानु भनेको शिक्षित हुनु र विद्यालय नजानु भनेको अशिक्षित हुनु भनेर बुझिन्छ। गएको ४० वर्षमा संसारभर यसरी विद्यालय शिक्षाको institutionalize भएको छ। सिकाइ त जीवनपर्यन्त छ तर विद्यालय गएर मात्र विद्यार्थीले सिक्छ र सिकाउने ठाउँ भनेको विद्यालय हो भन्ने मान्यता हामीमा बसेको छ। त्यसैले यस्ता विद्यालयहरूले के सिकाइरहेका छन् भन्ने कुरा एकदम महत्वपूर्ण रहेको छ। तथ्याङ्कअनुसार कक्षा तीनका १८ प्रतिशत विद्यार्थीहरूले मात्र वाक्यहरू पढ्न सक्छन्। कक्षा ५ मा आएर ३२ प्रतिशत विद्यार्थीले सोही क्षमता बोकेका छन्। कक्षा ८ वा १० मा पनि हालत त्यही छ। सिक्नु पर्ने जति सिकाइ कक्षा ३ का बालबालिकाले सिकेका छैनन् र त्यही ५ कक्षामा पुग्दा पनि ५ कक्षाको पाठ्यपुस्तक पनि जाति चाहिन्छ त्यति सिक्दैनन् । त्यसैगरी कक्षा ८ देखि १० पुग्दा वा १० देखि १२ पुग्दा पनि उनीहरूले पर्याप्त शिक्षा सिक्न सक्दैनन्, तर नसिक्नुको कारण के होला त ? किन सिकिरहेका छैनन त ? तुलनात्मक रूपमा हामीलाई त्यसबारे अलि कम जानकारी भएको जस्तो लाग्छ। शिक्षक नआएर हो कि वा शिक्षकले सिकाएको नबुझेर हो ? विद्यार्थीले नै पढ्न अल्छी पो गरेको हो कि ? उनीहरूले किताब नबुझेको हो कि ? विद्यालयको वातावरण अनुरूप नभएको हो कि ? आखिर समस्या कहाँ छ त ? नेपालको शिक्षा र शिक्षकको सबैभन्दा ठुलो चुनौती नै त्यही हो।

केही बर्षअघि मलाई पि.एन क्याम्पसमा बोलाउनुभएको थियो। त्यहाँ मलाई शिक्षामा के कस्तो अनुसन्धान आवश्यक होला सर भनेर सोधियो ? मैले भने हामी विद्यालयमा विद्यार्थीको कपी त जाँच्ने गर्छौं तर जाँचपछि सबै कपी एक ठाउँमा राखेर धेरै विद्यार्थीलाई यो विषय सजिलो लाग्ने रहेछ

र यसमा कठिनाइ हुँदो रहेछ भनेर त्यस किसिमको विश्लेषण चाहिँ गर्दैनौं । त्रि.वि.केन्द्रीय क्याम्पसको अगाडि laboratories school छ । । त्यो एउटा प्रयोगात्मक स्कुल हो जहाँ शिक्षाका नयाँ विधिहरू शिक्षक उत्पादनको क्रममा उनीहरूलाई परिचित गराउने गरिन्छ । त्यो ल्याब स्कुललाई त्रि.विको शिक्षासङ्कायअन्र्तगत ल्याएर शिक्षासङ्कायले शिक्षा निमार्ण गर्ने काम त्यो स्कुलबाट गर्नुपर्छ भन्ने किसिमको बहस कहिल्यै पनि भएको छैन । त्यसैगरी अहिले त्रि.वि. मा सम्बान्धन १३०० मध्येका ५०० क्याम्पसहरूले शिक्षा पढाउने गर्छन् । ती शिक्षा पढाउने क्याम्पस विद्यालयमा नै छन् । कुनै सामुदायिक सार्वजनिक विद्यालयमा नै बिहान क्याम्पस हुन्छ । यद्यपि ती क्याम्पसमा जुन शिक्षकहरू उत्पादन हुन्छन्, तिनको विद्यालय शिक्षासँग केही सम्बन्ध छ जस्तो मलाई लाग्दैन । त्यसो हुने हो भने ती शिक्षकहरूले त्यहि विद्यालयमा आफ्नो इनोभेसन देखाउन सक्नुपर्ने हो । नेपालमा शिक्षक उत्पादन गर्ने कलेज र विद्यालयको सम्बन्धको बारेमा अझै पुनर्विचार गर्नुपर्ने हुन सक्छ । हामीले आधारभूत तहलाई चाहिँ अनिवार्य र निःशुल्क भन्यौं । २०१७ मा National Campaign for Education संस्थाले एउटा अध्ययन गरेको थियो । जसमा भनिएको थियो ः यदि नेपालमा सबैका लागि ऐनले तोकेबमोजिम शिक्षालाई अनिवार्य र निःशुल्क बनाउने हो भने अहिले जति नेपाल सरकारले बजेट छुट्याउने गर्छ, त्यसको दुईगुणा चाहिन्छ ।  शिक्षा सुधारका लागि हामीसँग भएको बजेट एक किसिमले पर्याप्त छैन । दातृनिकायहरूको सहयोगले हाम्रो शिक्षाक्षेत्रलाई झन्झन् बिगारेको छ भन्ने कुराहरू पनि सुनिन्छ । धेरै ठाउँमा शिक्षा राज्यको अनिवार्य दायित्वमा पर्नेगर्छ । हामीलाई कम्तीमा पनि अहिलेको लगानीभन्दा दोब्बर चाहियो । यसका लागि पैसा कसरी जुटाउने त ? Nothing is free भनिन्छ । हरेक चिजको शुल्क हुन्छ मात्र कसले कति व्यहोर्ने भन्ने कुरा हो । अहिले हामीले जेलाई सार्वजनिक, सरकारी विद्यालय भन्छौं, त्यो खास अर्धसरकारी विद्यालय हो । राज्यले शिक्षक दिँदैन र विद्यालयले आफैँ राख्नु परेको छ । ती शिक्षकको तलबका लागि विभिन्न किसिमले शुल्क उठाउनु पर्‍यो । यसलाई हामीले यदि सार्वजनिक विद्यालय भित्रको अदृश्य निजीकरण भनेर हेर्‍यौं भने त्यसलाई घटाउने तरिकाहरू के होला त ? यसबारे पनि बहस जरूरी छ ।

पाठ्यक्रमको कुरा गर्दा अघिको तथ्याङ्कअनुसार २१ प्रतिशत विद्यालयमा पुस्तकालय छन् । कति विद्यार्थीहरूले पुस्तकालयको प्रयोग गर्छन् भन्नेबारे हामी अनविज्ञ छौं । धेरै विद्यार्थीहरूले आफ्नो जीवनमा पढ्ने किताब भनेको त्यही हो । त्यो किताबलाई गतिलो बनाउने काम चाहिँ हामीले गर्न सकेका छैनौं । academic educate का लागि संसारमा सबैभन्दा गाह्रो काम भनेको पाठ्यपुस्तक लेख्ने हो । मलाई मनपरेको किताब त जसले पनि लेख्न सक्छ नि तर विद्यार्थीका लागि पाठ्यपुस्तक लेख्नु र पाठ्यसामाग्री निर्माण गर्नु सबैभन्दा कठिन काम हो । कहिलेकाहिँ नेपाली किताबहरूमा लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटाको कविता, भीमनिधि तिवारीको नाटक मात्र हुने गर्छन् । त्यसबाहेक पाठ्यपुस्ताकमा सीमित व्यक्तिहरूले पाठ्यसामग्री पनि निर्माण गरिरहेका हुन्छन् । जब कि पाठ्यसामग्री बृहत् रूपमा निर्माण गरेर त्यसभित्रको गतिलो परिणामलाई पुस्तकमा समावेश गर्नुपर्ने हो ।

# कार्यपत्र, टिप्पणी एवम् छलफलपश्चात् आएको निष्कर्ष

- आधारभूत तहको शिक्षा : वर्तमान अवस्था र रूपान्तरण सम्भावना कार्यपत्रको निष्कर्ष
- ठुलो सङ्ख्यामा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूमा न्यूनतम मापदण्ड पूरा भएको छैन र बालविकास केन्द्रहरूमा समतामूलक पहुँच र सहभागिता पुग्न सकेको छैन ।
- साना कक्षामा विद्यार्थी सङ्ख्या ज्यादै कम छ। कतिपय विद्यालयहरूमा न्यूनतम पूर्वाधार र सुरक्षित सिकाइ वातावरण सिर्जना हुन सकेको छैन। शिक्षाको आधार, आधारभूत तहको सिकाइ कमजोर छ र समग्रमा साना कक्षाहरू उपेक्षामा परिरहेका छन् ।
- कक्षा ८ को अन्तिम नतिजा प्रकाशनमा भने कृपाङ्क र पुनः परीक्षाको अभ्यास गरिएको छ । कृपाङ्कको व्यवस्था गरी विद्यार्थी उतीर्ण गर्ने अभ्यासले परीक्षाको औचित्यमा प्रश्न उठेको छ।
- देशभरका जम्मा विद्यालयमध्ये २० प्रतिशत विद्यालयमा मात्र इन्टरनेट सुविधा उपलब्ध छ। २७ प्रतिशत विद्यालयमा पुस्तकालय छ, आधारभूत विद्यालयमा यस्तो सुविधाको उपलब्धता अझ कमजोर छ।
- पाठ्यक्रम कार्यान्वयनमा शिक्षकलाई तालिमद्वारा पूर्णता दिलाउने, स्थानीय पाठ्यक्रम समावेश गर्ने साथै नवीनतम प्रविधिको प्रयोग हुन सकिरहेको छैन ।
- विद्यार्थीलाई समयमै पाठ्यपुस्तक पुऱ्याउने, धेरै वर्ष प्रयोग गर्न मिल्ने पुस्तक बनाउने, नेपालको भाषा, इतिहास, संस्कृति र भूगोलजस्ता विषय पाठ्यक्रममा समावेश हुन सकिरहेका छैनन् ।
- विद्यार्थीलाई परम्परा, मौलिक ज्ञान, अभ्यासमा आधारित शिक्षा, उत्पादित मालको बजार एवम् जीविकोपार्जनका लागि आवश्यक सिप प्रदान गर्न सकिएको छैन।
- परम्परागत मूल्याङ्कनलाई मात्र प्राथमिकता दिँदा सही मूल्याङ्कन हुन सकिरहेको छैन।
- विद्यालय उमेरका बालबालिकाहरूलाई १०० प्रतिशत भर्ना गराई उनीहरूमा आधारभूत तहको सिकाइको पूर्णतासँगै माध्यमिक तहमा प्रवेश गराउन सकिएको छैन।
- बालबालिकाहरूलाई उपलब्ध गराउने दिवा खाजा तथा स्वास्थ्य सुविधाको सुनिश्चिता पूर्णरूपमा भइरहेको छैन।
- विद्यालयमा बालबालिकाको सहभागिताका लागि अभिभावकको सक्रियता एवम् जागरूकता निराशाजनक छ।
- कतिपय विद्यालयमा शिक्षक र विद्यार्थी अनुपात मिलिरहेको छैन भने शिक्षक र विद्यार्थीको अनुपात मिलेका विद्यालयमा पनि सिकाइ उपलब्धि लक्ष्य अनुरूप हुन सकेको छैन।

- प्रधानाध्यापक नियुक्ति एवम् विद्यालय व्यवस्थापन समितिसँगै शिक्षकहरूका बीचमा दलीय राजनीति हाबी भइरहेको कारण शिक्षाक्षेत्र धरासायी बन्दै गइरहेको छ ।
- बालबालिकाको सिकाइ पाठ्यक्रम, पाठ्यपुस्तक एवम् कक्षाकोठाभित्र मात्र सीमित रहेको कारण बालबालिकामा सिर्जनात्मक क्षमता वृद्धि हुन सकिरहेको छैन ।
- जीवन उपयोगी व्यवहार, संस्कार र नैतिक आचरण सिकाउने खालका पाठ्यक्रमहरू तयार हुन सकिरहेका छैनन्, जसको कारण समाजमा नैतिक मूल्यमा ह्रास आइरहेको छ ।
- संविधानमा शिक्षालाई मौलिक अधिकार एवम् निःशुल्क शिक्षाको रूपमा व्याख्या गरिए तापनि त्यसको कार्यान्वयन हुन सकिरहेको छैन ।
- शिक्षामा विदेशी लगानी बढिरहेको र स्वदेशी लगानी घटिरहेको अवस्था छ ।
- नीति तथा सामुदायिक विद्यालयबीचको पाठ्यक्रम, शिक्षण पद्धति तथा नीतिमा एकरूपता आउन सकिरहेको छैन ।

# उच्च शिक्षा ऐन र उच्च शिक्षानीति

**प्रा.डा. यादव प्रसाद लामिछाने**
उपकुलपति, नेपाल संस्कृत विश्वविद्यालय

वर्तमान परिदृश्यभित्र केन्द्रित भएर हेर्दा, हामी गन्तव्यविहीन भएर अगाडि बढिरहेको अवस्थामा अबको आगामी कार्यदिशा धेरै पेचिलो कुरा छ। Stable government हुँदैन। शिक्षाको क्षेत्रमा राज्यले स्पष्ट नीति तयार गर्नुपर्‍यो। जो शिक्षामन्त्री आउनुहुन्छ उहाँहरूलाई यो स्कुलको ministry हो कि अरू नै हो भनेर अलमल हुन्छ, उहाँहरू आफै भन्नु पनि हुन्छ। उच्च शिक्षा र स्कुल शिक्षामध्ये शिक्षा मन्त्रीले स्कुल शिक्षामा खर्च गर्नुपर्ने हुन्छ र यसको नीति कसरी बनाउने ? ऐनलाई कसरी परिमार्जन गर्दै लिएर जाने भन्ने कुरामा दुविधा हुँदाहुँदै सरकार परिवर्तन भइहाल्छ। शिक्षामन्त्रीले त्यसलाई लागू गर्ने क्रममा पनि आफ्नो स्पष्ट दृष्टिकोण राख्न नपाइकन जानुपर्ने खालका अवस्थाहरू देखिन्छन्।

उच्च शिक्षाको कुरा गर्दा त्यहाँ ऐनको अभाव छ। विगत १५ वर्षदेखि उच्चशिक्षा ऐनको draft हुन्छ त्यसमा एउटा धारणा बनायो त्यसको केही समयपछि त्यो draft फेरि change हुन्छ। फेरि त्यसमा सुझावका लागि एउटा धारणा बनायो फेरि आउँदा परिवर्तन भएर आउँछ। हामी लामो समयदेखि शिक्षाक्षेत्रमै लागेका मान्छेलाई पनि रनभुल्ल पार्ने खालको परिस्थिति देखापर्छ। अहिले जति पनि ऐनका draft भएका छन् त्यो bureaucracy शिक्षा मन्त्रालयका कर्मचारीबाट निर्देशित भएर जाने खालका मचबात हरू भएका छन्।

विश्वविद्यालय अनुदान आयोग छ जसले उच्च शिक्षाको कार्य हेर्छ, त्यसले राम्रोसँग काम गर्न सकेन कि भन्ने जनगुनासो पनि छ। उच्च शिक्षाको सन्दर्भमा विश्वविद्यालय अनुदान आयोग बलियो हुनुपर्छ त्यो निरङ्कुश होइन बढी बलियो हुनुपर्छ। अनुदान आयोगको काम अनुदान दिनेमात्र होइन त्यहाँ शब्द अनुदान भए पनि यसले गर्ने कार्यक्षेत्र फराकिलो हुन्छ। अहिले विश्वविद्यालयहरू खुल्ने होडबाजी नेपालमा चलिरहेको छ, ३ करोड जनता भएको देशले कति वटा विश्वविद्यालय धान्न सक्छ। धमाधम अन्तर्राष्ट्रिय नीतिभन्दा बाहिर गएर सम्बन्धन दिन नपाउने विश्वविद्यालयहरू, प्रादेशिक विश्वविद्यालयहरू, अहिले कार्यरत छन्। अनुदान आयोगले प्रदेश विश्वविद्यालय चिन्दैन, जो प्रदेश विद्यालय अहिले सञ्चालित छन् उनीहरू अनुदान आयोगलाई चिन्दैनन्। यो परिस्थिति किन सिर्जना भइरहेको छ भन्दा, स्पष्ट नीति छैन, स्पष्ट ऐन बनेको छैन, कस्तो ढङ्गले सञ्चालन गर्ने हो भन्ने खालको स्थिति छैन। सञ्चालन भइरहेका विश्वविद्यालयहरू राम्रोसँग चलेका छन् कि छैनन् त्यतातिरको ध्यान छैन। अझ विश्वविद्यालयको स्थापना गर्ने प्रस्तावनामा के आउँछ भन्दा, हाम्रो विश्वविद्यालय दर्तामात्र गरिदिनुस् हामीलाई कुनै आर्थिक वा भौतिक पूर्वाधारका कुरा केही चाहिँदैन भनेर पहिल्यै भनिएको छ। स्थापना भइसकेपछि पालनपोषण त गर्नैपर्यो। त्रिभुवन विश्वविद्यालय जो २०१६ सालमा स्थापना भयो त्यसले मात्र धानेन भनेर अन्य विश्वविद्यालय स्थापना भए, तर धेरै विश्वविद्यालयहरू विषयगत रूपमा त्रिभुवन विश्वविद्यालयकै वरिपरि छन्। त्यही program पढाइ हुने हो भने किन अलग विश्वविद्यालय खोल्नुपर्थ्यो र ? अरु विश्वविद्यालयहरू विशिष्टीकृत ढङ्गले स्थापना भएका छन् भने

त्यो अगाडि जानैपर्छ तर सरकारबाट स्थापित भएर चलिरहेका विश्वविद्यालयका program हरू पनि उथलपुथल हुनेगरी जान भएन । नीति निर्माण गर्ने क्रममा certificate level phase out त गरिदिनुभयो तर त्यसको पठनपाठनको व्यवस्थापन चाहिँ राज्यले गरेन । नेपाल संस्कृत विश्वविद्यालयमा certificate level phase out गरिसकेपछि स्नातक तहमा जाने त्यो जनशक्ति नै रहेन । माथि जा भन्ने तर माथि जाने भऱ्याङ नै निकालिदिएपछि कसरी माथि पुग्ने ? संस्कृत विश्वविद्यालयको शास्त्री तहमा पढ्ने विद्यार्थी उत्पादनको स्रोत नै छैन । भाषाको प्राक्शास्त्रीबाट आएको विद्यार्थीले शास्त्री गएर पढ्न सक्दैन त्यो bridge course हो । सारा पश्चिम पूर्वतिर फर्किरहेको छ तर हामी organic भनिरहेको विश्वविद्यालयलाई collapse गरिरहेका छौँ । अरू विशिष्टकृत विश्वविद्यालयको पनि आफ्नै समस्या छ । उनीहरूको आफ्नै अस्तित्व छ तर हामी सबै विश्वविद्यालयलाई एउटै basket मा हालिदिन्छौँ । नीतिकै कुरा गर्दा विदेशी विश्वविद्यालयका program हरू पनि नेपालका केही विश्वविद्यालयमा चल्दै गर्दा र त्यसैको नाममा अत्यधिक शुल्क लिँदै गर्दा त्यसभित्रको पाठ्यक्रम कस्तो छ ? परीक्षा प्रणाली कस्तो छ ? त्यसको समकक्षता कसरी दिने हो कुनै निश्चित छैन । त्यस्ता program चलाउने ८६ वटा संस्था छन् तर त्यसको monitoring न अनुदान आयोगले गर्छ । सुनिन्छ शिक्षा मन्त्रालयले यसको monitoring गरेको छ तर त्यो transparent छैन । हाम्रा अभिभावकबाट डलर त विश्वविद्यालयले लगेको छ तर विद्यार्थीले पास गरिसकेपछि ति विश्वविद्यालयमा जाने अवसर पाएका छैनन  त्यसको monitoring छैन ।

अर्को शिक्षा मन्त्रालयले no objection letter दिनै दिएको छ । कति हजार विद्यार्थीहरू युरोप, अमेरिका, अष्ट्रेलिया वा अरू देशहरूमा गइरहेका छन् ? किन गइरहेका छन् ? त्यसको monitoring छैन । सबैभन्दा महङ्गो कन्सल्टेन्सीहरूको व्यापार अहिले चलिरहेको छ । उनीहरूले यसरी भ्रममा पारेका छन्, स्वर्गका सपना देखाएका छन्, तर त्यहाँ जानेहरूले गएर कति हन्टर खाएका छन् ? कतिले आत्महत्या गरेका छन् ? त्यसको मूल्याङ्कन पनि हामीले गर्नु जरूरी छ । राष्ट्रको धनसम्पत्ति पनि सबै गइरहेको छ र गुणस्तरीय शिक्षाको नाममा हामी फस्दै गइरहेका छौँ । no objection letter मागिसकेपछि दिनैपर्छ र हामीसँग तलाइँ राक्छौँ भन्ने हाम्रो नीति छैन । यस्ता कुराहरूलाई पनि हामीले address गर्नुपर्ने हुन्छ । विश्वविद्यालयसँग सरकारको समन्वय नै छैन । तपाइँहरूका समस्या के हुन्, विश्वविद्यालय प्रमुखले पनि हाम्रो विश्वविद्यालयमा यस्तो समस्या छ भनेर सरकारप्रमुखसँग भन्ने अवसर नै पाउँदैन । सरकारले शिक्षकहरूको तलब बढायो तर विश्वविद्यालयका प्राध्यापकहरूले तलबै पाउँदैनन् हाम्रो विश्वविद्यालयमा त झन विद्यार्थीहरूलाई छात्रवृत्तिमा पढाउनुपर्छ । शिक्षकहरूलाई तलब कसरी दिने ? आम्दानीको अन्य स्रोत हुने विश्वविद्यालयलाई त त्यति समस्या नहोला तर आफ्नो स्रोत नहुनेले कसरी आफ्ना शिक्षक तथा कर्मचारीलाई तलब दिने यस्ता विषयमा सरकारको हामीसँग अन्तरक्रिया नै हुँदैन । तसर्थ नीतिमा सुधार गर्नुपर्छ । गुणस्तरीय शिक्षातर्फ लाग्ने हो या व्यापारको रूपमा मात्रै लाग्ने हो ।

विद्यार्थीहरू विदेसिनुमा पछिल्लो समयका विद्यार्थीहरूको दोष छैन । दोष त हाम्रो हो, हामीले किन उनीहरूलाई राष्ट्रप्रति, राष्ट्रियताप्रति, सार्वभौमिकताप्रति शिक्षित गर्न किन सकेनौं ? हामीले नैतिक शिक्षा दिन किन सकेनौं ? खेतमा ब्याडबाट आएको जुन बेर्ना हो त्यो बेर्नालाई नै हामीले मलजल गर्न सकेनौं भने त्यसबाट आउने फलको के आशा गर्ने । तसर्थ अब सबै व्यक्ति यस विषयमा सजग हुन जरूरी छ ।

# समापन सत्र

दुई दिनसम्म सञ्चालित कार्यशालाको समापन सत्रमा परिषद्का राष्ट्रिय अध्यक्ष डा. गोपीनाथ कण्डेल, राष्ट्रिय महासचिव छितराज न्यौपाने, राष्ट्रिय सङ्गठन सचिव नारायणप्रसाद ढकाल, परिषद्का राष्ट्रिय उपाध्यक्ष पुष्पराज खतिवडा एवम् कार्यक्रम संयोजक प्रा.डा. रामजी गौतमको विशेष उपस्थिति रहेको थियो। समापन सत्रमा विद्यार्थी परिषद्का राष्ट्रिय सङ्गठन सचिव श्री नारायण प्रसाद ढकालले दुई दिनसम्म सञ्चालित कार्यशालाको पूर्ण सङ्कलन गर्दै आगामी दिनमा विद्यार्थी परिषद्को जिम्मेवारी अझ थपिएको बताउँदै यस प्रकारका कार्यशाला प्रदेशस्तर र स्थानीय तहसम्म गर्नुपर्ने आवश्यकताको अनुभूति भएको बताउनु भएको थियो।

समापन सत्रमा बोल्दै उहाँले भन्नुभयो : यो दुई दिनको कार्यशालामा हामीले शिक्षानीति र विभिन्न तहको शिक्षाबारे छलफल गर्‍यौं। नेपालको शिक्षा क्षेत्रमा आफ्नो समग्र जीवन लगाएका व्यक्तिहरूले यहाँ आएर विचार राख्दै गर्दा कोही पनि सन्तुष्ट नभएको अनुभूति भयो। एउटा शिक्षाविद्ले एउटा उपकुलपतिले राज्यले आफ्नो कुरा नसुनेको गुनासो राख्नुभयो। हामीले बनाएको नियम कार्यान्वयन हुँदैन तर प्रशासकले यसो गरौं भन्दै गर्दा सोही कुरा कार्यान्वयन भइदिन्छ। यसकारण निष्कर्ष निकाल्न सकिन्छ कि नेपालको शिक्षानीतिको सबैभन्दा ठुलो समस्या विदेशी लगानी हो, यो बहसलाई हामीले राष्ट्रव्यापी बनाउनुपर्छ। राष्ट्रमा राम्रो नेतृत्व ल्याउनका लागि समाजमा व्यक्तिनिर्माण गर्नुपर्छ। समाजलाई जागरूक गराउनुपर्छ। पैसा बाहिरबाट ल्याउन सकिन्छ तर नेतृत्व बाहिरबाट ल्याउन सकिँदैन। कृषि विकास बैंकको सि.इ.ओ ल्याउन सकिएला तर देशको शिक्षा चलाउने व्यक्ति ल्याउन सकिँदैन। अर्को कुरा सरकारले शिक्षकहरूलाई अत्यधिक सुविधा दिनुपर्छ। शिक्षकको आजको स्थिति कस्तो छ भने एउटा नेता आयो भने चाहे ऊ पढेको होस् वा नपढेको होस् तर उसको पछि लाग्नुपर्ने अवस्था छ, यो गलत हो। खासमा नेताहरू चाहिँ शिक्षकको पछि दौडिनुपर्छ। एउटा शिक्षक वा प्राध्यापकले जीवनभर काम गरे पनि एउटा व्यवस्थित जीवन जिउने सपना देख्न सक्दैन। त्यस दिशामा सरकारलाई घचघच्याउनु पर्छ।

नैतिक शिक्षा हुनुपर्छ भनेर विद्यार्थी परिषद्ले स्थापना कालदेखि नै भनेको छ। प्रत्येक वर्ष हामीले केन्द्रीय कार्यकारिणी समिति बैठक, राष्ट्रिय अधिवेशनबाट सुझाव दिइरहेका छौं। समाजलाई शिक्षित गराउनुपर्छ, शिक्षामा नैतिक शिक्षा हुनुपर्छ, पृथ्वीनारायण शाहको सम्मानमा राष्ट्रिय एकता दिवस मनाउनुपर्छ, संस्कृति जोगाउनुपर्छ भन्दा हिजोका दिनमा हामीलाई राजावादी पनि भनियो तर विद्यार्थी परिषद्ले आफ्नो काम छोडेन र जसले हिजो यी सबै कुराको विरोध गरेर हटाउनुपर्छ भने सोही व्यक्ति प्रधानमन्त्री हुँदा आधिकारिक रूपमा पृथ्वीनारायण शाहको सम्मान गनुपर्छ भन्ने नीति बन्यो। तसर्थ परिस्थिति जस्तोसुकै होस् हामीले सत्य कुरालाई सदैव लिएर अगाडि बढ्नु पर्दछ।

नेपालमा ठुलो सङ्ख्या निजी क्षेत्रमा छ। सरकारी कलेज, बोर्डिङ स्कुलमा सरकारी निकायका कर्मचारीहरू गएर व्यक्तिगत स्वार्थका लागि निजी क्षेत्रलाई प्रयोग गर्ने गरेको विषय चर्चामा आयो, यो

कुरा गलत हो । हामीले निजी क्षेत्रलाई नियमवन र अनुगमन गर्नुपर्छ, हामी सकारात्मक भएर अघि बढ्नुपर्छ । यो कुरा पनि विद्यार्थी परिषद्लाई मह□वपूर्ण लाग्छ ।

नैतिक शिक्षा पाठ्यक्रममा राखेर मात्र कोही असल हुँदैन, त्यसका लागि दुइवटा कुरा हुनुपर्छ । शिक्षकले आफूलाई विद्यार्थीको शिक्षक होइन अभिभावक हो भनेर सोच्नुपर्छ । त्यसैगरी विद्यार्थीले पनि आफ्नो आमा बुवालाई दिने सम्मान शिक्षकलाई दिनुपर्छ । विश्वको एक विकसित राष्ट्र जापानका विद्यार्थीले आफ्नो शिक्षकलाई झुकेर सम्मान गर्छन् । उनीहरूको स्कुलिङ यति राम्रो भयो कि हामीसँग कुरा गर्दा पनि झुकेर नमस्कार गर्छन् । भारतमा पि.एच.डि गर्दै गरेको विद्यार्थीले आएर आफ्नो शिक्षकको खुट्टा छुन्छ । हाम्रो नेपालमा भने विद्यार्थीहरू शिक्षक देख्दा पनि गाह्रो मानेर नमस्कार गर्छन् । त्यो विद्यार्थीको होइन, हाम्रो सिकाइको दोष हो । सानैदेखि बालबालिकालाई अनुशासन चाहिँ सिकाउनपर्छ । विद्यार्थी परिषद्का कार्यकर्ताको अनुशासनले गर्दा धेरै प्रभावित हुनुभएको छ । शिक्षामा राष्ट्रहित र विश्व कल्याणको कल्पना पनि हुनुपर्छ । हाम्रो विद्यार्थी विश्वमा जाँदा हाम्रो विचार, संस्कार, चिन्तन र संस्कृति लिएर जानुपर्छ ।

हाम्रो गुरूकुलीय शिक्षा परम्परा जुन थियो, त्यसका राम्रा पक्षहरू अहिलेको आधारभूत शिक्षामा ल्याउनपर्छ । आज उपस्थित शिक्षकहरूले हिम्मत गरेर कक्षा १ को विद्यार्थीलाई लक्षित गरेर भुँइमा बसाएर नैतिक शिक्षा दिने नीति ल्याउनु जरूरी छ, अभ्यास गर्नु आवश्यक छ । यसको सुरूवात कतै भयो भने राम्रो कुराको चाख बढ्दै जान्छ ।

यो कार्यक्रम नेपालको सरकार शिक्षा मन्त्रालयले गर्नुपर्ने हो र यदि गरेको भए कुनै दातृसंस्थाको पचास लाख लगानीमा हुन्थ्यो भनेर कसैले भन्नुभयो । यस्तो कार्यक्रम नेपाल सरकारले आयोजना नगरेको धेरै वर्ष भयो । एउटा सामाजिक विद्यार्थी सङ्गठनले एक एक रूपैँया सङ्कलन गरेर नेपालको शिक्षाबारे चिन्तन गर्दै छौँ । विद्यार्थी परिषद्ले जे गर्छ, यही समाजको सहयोग लिएर गर्छ ।

अन्त्यमा भन्न चाहन्छु कि यो लामो यात्रा हो । हिजोका दिनमा विद्यार्थी परिषद् यो गर्न सक्ने क्षमतामा थिएनौँ । तर २८ वर्षको निरन्तरको यात्रापश्चात् सबैमा सकारात्मक धारणा विकसित गर्दै समाजमा प्राज्ञिक जस्तो सङ्गठनको आवश्यकताको अनुभूति गराउँदै गर्दा हरेक कार्यक्रममा सबैको उपस्थिति गराउन सफल भएका छौँ । यो कार्यक्रमलाई हामीले अघि बढाऔँ भन्ने सबैको अपेक्षा र रहेको कुरा हामीले सुन्यौँ । उहाँहरूले भने जस्तै गुनासो सुनाउन र विकल्प निकाल्नका लागि सबै उपकुलपति र र प्रधानमन्त्रीसहितको कार्यशाला पनि राखौँला, चिन्तन सबैभन्दा जरूरी हो । १५ वर्ष अघि हामीले यस्तै विषय लिएर बोल्न खोज्दा धेरै गाह्रो हुन्थ्यो तर हामीले त्यही कुरा निरन्तर रूपमा भनिरहेकोले गर्दा आज सम्पूर्ण राष्ट्रको समर्थन छ । निरन्तर काम गरिरर्‍यौँ भने नेपालको शिक्षालाई आगामी १० वर्षमा सही दिशा दिन सकिन्छ । यही कोठाभित्र बसेको शक्तिले नै भविष्यमा सारा परिवर्तनको जिम्मा लिनुपर्छ । त्यसका लागि हामीले मिहिनेत, थोरै त्याग र निरन्तर प्रवास पनि गर्नुपर्छ । यस कार्यशालामा आएका विभिन्न कुराहरूलाई समेटेर छिट्टै पनि एउटा प्रतिवेदन, सुझावपत्र तयार गर्नेछौँ । त्यसलाई प्रधानमन्त्री, शिक्षा मन्त्रालय, सरोकारवाला सबैलाई दिनेछौँ । धन्यवाद ।

# निष्कर्ष एवम् सुझाव

- शिक्षानीति निर्माणमा वैदेशिक लगानी एवम् दातृसंस्थाहरूको प्रभावलाई कम गर्नका लागि शिक्षामा स्वदेशी लगानी बढाउँदै जाने र वैदेशिक लगानीलाई पूर्णरूपमा बन्द गर्ने दिशामा अगाडि बढ्नु पर्दछ ।
- शिक्षामा कुल बजेटको २० प्रतिशत बजेट विनियोजन तथा लगानी हुनु पर्दछ ।
- शिक्षानीति निर्माणमा दलीय प्रभाव र एजेण्डाभन्दा बढी बौद्धिक बहस, समाजको परिस्थिति र हाम्रो प्राथमिकतालाई विशेष ध्यानमा राख्दै वैश्विक परिवेशमा समेत प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति निर्माणलाई आधार बनाएर अगाडि बढ्नु पर्दछ ।
- संविधानमा निर्दिष्ट गरेको माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्थालाई अनिवार्य रूपमा कार्यान्वयन गरिनु पर्दछ ।
- संघीय शिक्षा ऐन निर्माण गरी यथाशीघ्र कार्यान्वयनका लागि संघीय सरकार तथा सरोकारवाला पक्ष गम्भीर हुनु पर्दछ ।
- राष्ट्रिय शिक्षानीति २०७६ ले शिक्षाका समग्र विषयलाई समेट्न नसकिरहेको हुँदा उक्त राष्ट्रिय शिक्षानीतिको पुनर्लेखन गर्नु आवश्यक छ ।
- शिक्षानीतिसँगै त्यसको कार्यान्वयको पक्षमा सबै निकाय जवाफदेही र परिणाममुखी हुनु पर्दछ । नीतिमात्र ठिक भएर नहुने हुँदा, नीति निर्माता, अभिभावक, शिक्षक, राजनीतिज्ञ सबैको नियत ठिक हुनु पर्दछ ।
- शिक्षाको सबैस्तरमा हुने नियुक्तिमा दलीय राजनीतिको प्रभाव, हस्तक्षेप र भागबण्डाको अन्त्य गर्दै दक्ष, क्षमतावान् व्यक्तिलाई नियुक्ति गर्ने परिपाटीको विकास गर्नु पर्दछ ।
- शिक्षक र विद्यार्थीको अनुपात, दरबन्दी र भौतिक सुविधा उपलब्धता एवम् स्रोतको वितरणमा समानता हुनुपर्दछ ।
- विद्यार्थी भर्नादर, उत्तीर्ण र सिकाइको विश्लेषण गर्दै समय समयमा हाम्रो पाठ्यक्रम, मूल्याङ्कन पद्धति र शिक्षणविधिलाई परिमार्जन गर्दै जानुपर्दछ ।
- पाठ्यक्रम, पाठ्यवस्तु विद्यालय हाता भित्रको शिक्षासँगै व्यावहारिक एवम् सामाजिक विषयको सिकाइमा विशेष जोड दिनु पर्दछ । बालबालिकाले पाठ्यपुस्तक अध्ययन गरेर मात्र सबै कुरा सिकिरहेका हुन्छन् भन्ने सामाजिक भाष्यलाई परिवर्तन गर्नुपर्दछ ।
- परीक्षामा प्राप्त अङ्कको आधारमा मात्र विद्यार्थीको मूल्याङ्कन नगरी व्यावहारिक तथा सामाजिक विषय सम्बन्धी सिकाइसँगै उसको अनुशासन, आचरण र संस्कार आदि मूल्याङ्कनका लागि समेत नवीनतम उपायहरू लागू गर्नुपर्दछ ।
- बालबालिकाले परिवार, समाज, अग्रज, प्रविधि आदि सबैबाट धेरै कुरा सिकिइरहेको हुन्छन् त्यसैले हामीले बालबालिकाको सिकाईका लागि कस्तो वातावरण तयार गर्ने भन्ने विषयमा सबै केन्द्रित हुनु आवश्यक छ ।

- सिकाइका लागि मौलिक कुरामा विशेष जोड दिँदै मातृभाषा वा नेपाली भाषामा आवश्यक पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरिनुपर्दछ।
- पाठ्यक्रम निर्माण गर्दा विद्यार्थीलाई के आवश्यक छ, उसको सिकाइ क्षमता कति छ त्यसको आधारमा पाठ्क्रम निर्माण गरिनु पर्छ साथै आधारभूत तहदेखि नै बालबालिकालाई कर्मशील बनाउने, सेवा भावको साथमा संवेदना जागृत गर्ने, इतिहासप्रति गौरवबोध, देशका महापुरुषप्रति श्रद्धा र विश्वास तथा राष्ट्र प्रथम भावको विकासका लागि आवश्यक विषयवस्तु पाठ्यक्रममा समावेश गरिनु पर्दछ।
- सबै तहका पाठ्यक्रममा नेपाली भाषा, संस्कृति, भूगोल, इतिहास, जीवनपद्धति, मानवीय मूल्य र नागरिक शिक्षा, पेशा सिर्जना गर्न सकिने, कृषि उत्पादन जस्ता विषयहरू समावेश गरिनुपर्दछ।
- देशका धेरै स्थानमा बसाईँसराइ तथा निजी विद्यालयको बढ्दो सङ्ख्यासँगै सामुदायिक विद्यालयमा विद्यार्थी र विद्यालय सङ्ख्याको अनुपात नमिलिरहेको अवस्थामा विद्यालयको पुनः संरचना तथा नक्साङ्कन गरिनु आवश्यक छ।
- माध्यमिक तहमा अध्यापन हुने प्राविधिक शिक्षालाई भौगोलिक आवश्यकताको आधारमा व्यावहार मुखी र बजारमुखी बनाउँदै लिएर जानु आवश्यक छ।
- सबै कर्मचारी र शिक्षक आफ्ना सन्ततिका लागि निजी विद्यालय खोज्दै जाने प्रवृत्तिको अन्त्य गर्नका लागि सरकारी कर्मचारी एवम् शिक्षकले आफ्ना बालबालिका अनिवार्य रूपमा सामुदायिक विद्यालयमा पढाउनु पर्ने नीति निर्माण गर्नु आवश्यक छ।
- शिक्षाको अधिकार स्थानीय तहमा गइरहेको अवस्थामा शिक्षामा स्थानीय लगानी र स्रोतको व्यवस्थापनका लागि विशेष काम गर्नु पर्ने आवश्यकता छ। साथमा संघीय, प्रदेश र स्थानीय तह बिचको अधिकार एवम् जिम्मेवारी बाँडफाँडसम्बन्धी स्पष्ट निर्देशिका तयार गरी कार्यान्वयनको प्रक्रियामा जानु अनिवार्य छ।
- राज्यले विद्यालयलाई दिने दरबन्दी तथा स्रोतको विभाजन भूगोल र परिस्थितिको आधारमा गर्नु पर्दछ।
- सबै तहको शिक्षामा अनिवार्य रूपमा नैतिक शिक्षा र संस्कृति शिक्षालाई लागू गर्नु आवश्यक छ। योग शिक्षा तथा आयुर्वेदजस्ता विषयलाई शिक्षाको प्राथमिकतामा राखेर अध्ययन अध्ययापन गर्ने नीति कार्यान्वयन गर्नु आवश्यक छ।
- शिक्षालाई सैद्धान्तिक ज्ञानसँगै प्रयोगात्मक र व्यावहारिक तथा जीवनोपयोगी बनाउनका लागि सबै तहको शिक्षामा सोहीअनुसारका पाठ्यक्रम निर्माण गर्नु पर्दछ।
- मूल्याङ्कन पद्धति, ग्रेडिङ्ग पद्धतिको बारेमा पुनः मूल्याङ्कन गरिनु पर्दछ।
- निजी र सामुदायिक विद्यालयको पठनपाठन, पाठ्यक्रम, परीक्षा र परिणाममा एकरूपता ल्याउनु आवश्यक छ साथै सामुदायिक एवम् निजी शैक्षिक संस्थाहरूको लागि नीति र नीतिगत व्यवहारमा समानता हुनुपर्दछ।

- अनावश्यक रूपमा खोलिँदै गएका र खोल्ने तयारीमा रहेका विश्वविद्यालयहरूको भौतिक तथा शैक्षिक अवस्था, शिक्षक तथा विद्यार्थीको अनुपात, विद्यार्थीको आकर्षण आदि विषयसँगै विश्वविद्यालयको आवश्यकता र औचित्यका बारेमा विश्लेषण गर्दै विश्वविद्यालय खोल्ने, अनुमति दिने र प्रभावी बनाउने दिशामा अग्रसर हुनु पर्दछ।
- विश्वविद्यालयबाट देशका लागि आवश्यक मानवस्रोत निर्माणका लागि आचरण निर्माण, सिपको सिकाइ र ज्ञान वृद्धिको अवधारणालाई अगाडि बढाउनु पर्दछ।
- विश्वविद्यालय तहमा घट्दै गइरहेको विद्यार्थी सङ्ख्या र विश्वविद्यालयप्रति विद्यार्थीको घट्दो रुचिप्रति गम्भीर बन्दै समयमा यसको सुधारका लागि अग्रसर हुनु पर्दछ। जसका लागि शैक्षिक पात्रो निर्माणसँगै कार्यान्वयन, जनशक्तिको आवश्यकता अनुसारको शिक्षा र पाठ्यक्रम निर्माणसँगै गुणस्तरीय शिक्षा प्रदान गर्नमा सबै पक्ष जिम्मेवार हुनु पर्दछ।
- अनुमति र नियमनविना सञ्चालनमा रहेका क्याम्पसमा पढाइ भइरहेका विदेशी विश्वविद्यालयका पाठ्यक्रम, परीक्षा प्रणाली र भर्ना आदि विषयमा सरकार गम्भीर बन्दै त्यस्ता शैक्षिक संस्थालाई नियमन गर्ने र यथाशीघ्र बन्द गर्ने दिशामा सबै एकजुट हुनु पर्दछ।
- अनुमतिविना सञ्चालनमा रहेका विदेशी विश्वविद्यालयबाट सञ्चालित शैक्षिक संस्थाका विद्यार्थीलाई प्रदान गरिने समकक्षताको बारेमा विश्वविद्यालयले विचार गर्नु पर्दछ।
- प्राविधिक शिक्षामा घट्दो विद्यार्थीको आकर्षण र बढ्दो विदेश पलायनलाई रोक्नका लागि सिकाइसँगै कमाइको अवधारणालाई प्रभावी बनाउनु पर्दछ। व्यावहारिक र सिपयुक्त शिक्षाका लागि प्राविधिक क्षेत्रमा विशेष कार्य गर्नु पर्ने देखिन्छ।
- उच्च शिक्षाका पाठ्यक्रममा देशको मौलिक विचार, पूर्वीय दर्शन, नेपाली समाज सुहाँउदो शिक्षा र नेपालका लागि आवश्यक जनशक्तिको मागअनुसार मानवशक्ति निर्माणसँगै विश्व बजारमा प्रतिस्पर्धा गर्नका लागि आवश्यक पाठ्यक्रम र शिक्षाप्रणाली तयार गरिनु पर्दछ।
- विश्वविद्यालयमा हुने अनुसन्धानमुखी कार्यमा मौलिकता सिर्जना गर्ने, राष्ट्रिय नीति निर्माणमा विश्वविद्यालय तथा प्राज्ञिक समूहको सहभागिता तथा बौद्धिक क्षमता सदुपयोगको सुनिश्चितता गरिनु पर्दछ।
- राजनीतिक आस्थाका आधारमा आंशिक वा करार शिक्षक छनोट गर्दा सक्षम व्यक्तिले अवसर नपाउने र शिक्षाको गुणस्तरमा कमी आउने भएकोले विश्वविद्यालयमा प्राध्यापन गर्न विश्वविद्यालय अनुदान आयोगमार्फत् प्राध्यापन अनुमति पत्रका लागि परीक्षा लिने नीति निर्माण गर्नु अपरिहार्य छ।
- कार्यकारी पदमा भएको व्यक्ति प्रधानमन्त्री विश्वविद्यालयको कुलपति हुने व्यवस्थाका कारण विश्वविद्यालयका पदाधिकारी नियुक्तिमा दलीय हस्तक्षेप बढी हुने भएकोले कार्यकारी भूमिकामा नरहेको प्राज्ञिक, बौद्धिक व्यक्तिबाट कुलपति बनाइनु पर्ने नीति निर्माण हुनु पर्दछ।

# नेपालको समग्र शिक्षानीतिको अवस्था र प्रभाव

**डा. भोजराज काफ्ले**

## १. विषयवस्तुको उठान

आधुनिक एकाइसौं शताब्दिको सुरूवातमा नेपालमा शिक्षाक्षेत्रका भित्री अवयवमा नपसेरै समग्रतालाई हेर्ने हो भने हामीले शैक्षिक पहुँचमा राम्रै उपलब्धि प्राप्त गरेका छौं । शैक्षिक गुणस्तरको पक्ष भने कमजोर छ । शिक्षा आर्जन गर्न शिक्षण संस्थामा पुगेका सिकारुले के सिके र किन सिक्न सकेनन् भन्ने कुरा सबैलाई चिन्ताको विषय भएको छ। परम्परागत मूल्य र मान्यतालाई अवलम्बन गर्न नचाहने, जागिरमा प्रवेश गर्न पनि नस्कने, निश्चित व्यवसाय गर्न पनि नसक्ने खालको शिक्षाको उत्पादन मुलुकको चिन्ताका विषय बन्न पुगेको छ। हामीले पश्चिमा शैलीको रोजगारमुखी शिक्षालाई हाम्रै माटो अनुसार अनुकूलन गर्न सकिएन र पूर्वीय दर्शनका मुलभूत मान्यता पनि भुल्दै गयौं भन्ने चिन्ता व्यक्त गर्न थालिएको छ । सायद यी र यस्तै विषयवस्तुले पिरलिएर होला प्राज्ञिक विद्यार्थी परिषद नेपालले नेपालको समग्र शैक्षिक सुधारका विषयमा विमर्श गर्ने जमर्को गऱ्यो । “नेपालको समग्र शिक्षानीतिको अवस्था र प्रभाव” विषयमा छलफल अग्रसारित गर्ने जिम्मा मलाइ दियो ।

वास्तवमा यो उपलब्ध गराइएको विषय व्यापक (vague) छ । शिक्षानीतिको अवस्था भन्नाले वर्तमान अवस्थामा के कस्ता शिक्षानीतिहरू छन् भन्ने तथ्यगत अवस्था जनाउछ; तिनको कार्यान्वयनको अवस्था, समस्या र चुनौतीका विषय समेत बुझ्नपर्ने हुन्छ भन्ने लाग्दछ । शिक्षानीतिको प्रभावले शिक्षा क्षेत्रमा देखिएका उपलब्धि र प्राप्त गर्न नसकिएका अपेक्षा हुन भन्ने अर्थमा यहाँ चर्चा गरिएको छ । सुरुमा पृष्ठभूमिका रूपमा सामान्य र अलि व्यापक रूपमा चर्चा गर्ने प्रयास गरिएको छ । त्यसपछि आयोजकबाट आग्रह गरिएका अपेक्षित विषयविन्दुहरू मा केन्द्रित भई विषयवस्तु प्रस्तुत गरिएको छ।

## २.नीति के हो ?

सरकारी अभिव्यक्ति एवम् घोषणा नीति हो । सरकारले गर्नु पर्छ र गर्नु हुँदैन भनेका कथन नीति हुन् । त्यसैले यो राज्यसँग सम्बन्धित विषय हो । राज्य नभई नीति हुँदैन । त्यसैले संविधान राज्यको नीति हो । यसलाई मूल नीति वा मूल कानुन भनिन्छ । ऐन र सो अन्तरगत बनेका नियमावलीहरू नीति हुन् । सरकारले जारी गरेका औपचारिक जानकारी सबैलाई नीति मान्दा हुन्छ । त्यसैले सरकारले जारी गरेका निर्देशिका र कार्यविधिहरू सबै नीति हुन् । सरकारको अधिकार प्रयोग गरी अन्तर्गतका निकायले जारी गरेका सरकारी दस्तावेज नीति हुन् । नीति नै भनेर जारी गरेका दस्तावेज नीति हुने नै भए । जस्तो वैदेशिक रोजगार नीति, विकास सहायता नीति, राष्ट्रिय कृषिनीति, राष्ट्रिय शिक्षानीति आदि ।

नीति नै भनेर जारी गरिएका दस्तावेज सामान्यतया कानूनी रूपमा बाध्यकारी नहुन सक्छन् । तर गर्नु पर्ने कामको दृष्टिकोण दिएको हुन्छ । त्यसैका आधारमा क्रमशः कार्यान्वयनमा लाग्नु पर्ने हुन्छ । कानुनी आधार चाहिने भए नीति कार्यान्वयन गर्न कानुन निर्माण गर्नु पर्ने हुन्छ । संविधान आफैमा नीति हो तापनि यसमा राज्यको नीति भनेर छुट्टै व्यवस्था गरिएको छ । जसमा १३ वटा क्षेत्रगत नीतिहरू छन् । राष्ट्रिय सुरक्षा नीति, उर्जा, कृषि, शिक्षा, स्वस्थ्य, शासकीय प्रबन्ध, उद्योग, व्यापार, वैदेशिक सम्बन्ध आदि क्षेत्रगत नीतिको बारेमा उल्लेख गरिएको छ । ती नीतिहरू राज्य सञ्चालनका लागि मार्गदर्शक कथन हुन् । सरकारका विभिन्न निकायले साधन र स्रोत तथा सामर्थ्यका आधारमा आवश्यकताअनुसार कानुन निर्माण गरेर कार्यान्वय गर्दै जानु पर्ने भनी संविधानमा नै उल्लेख गरिएको छ ।

नीति विहङ्गम, मध्यम र विशिष्टीकृत हुन सक्छन् । एउटै नीतिबाट धेरै नीति जन्मिन पनि सक्छ । नीति नै राज्यको क्षमता जाँच गर्ने कसी मानिन्छ । राज्यका नीति कस्ता थिए र कसरी कार्यान्वयन भए, त्यसबाट राज्यको शासकीय स्वरूप र शासकीय गुण प्रतिबिम्बित हुन्छ । जनताका नीतिप्रतिको जिम्मेवारी र खबरदारीले यसलाई वैधता दिएको हुन्छ ।

### ३. शिक्षानीति के हो ?

राज्यका क्षेत्रगत नीतिमध्येको एउटा नीति शिक्षानीति हो । शिक्षा सम्बन्धी राज्यको दृष्टिकोण यसले दिएको हुन्छ । शिक्षासम्बन्धी राज्यले जारी गरेको यो गर्नु पर्छ र यो गर्नु हुँदैन भन्ने अभिव्यक्तिहरू शिक्षानीति हुन् । शिक्षानीतिका थुप्रै अवयवहरू हुन्छन् । आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, बालविकास र शिक्षा, अनौपचारिक शिक्षा, प्रविधिक तथा व्यावसायिक शिक्षा आदि । यसलाई अर्को तरिकाले पनि बुझ्न सकिन्छ - पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षक व्यवस्थापन र विकास, शैक्षिक सेवा प्रवाह, शिक्षण सिकाइ क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन, शिक्षण संस्थाको भौतिक पक्षको व्यवस्थापन आदि । शिक्षामा क्षमता विकास, गुणस्तर र पहुँच गरेर पनि शिक्षानीतिलाई हेर्ने चलन छ ।

शिक्षानीतिको गुदो कुरो सिकाइमा हुन्छ । शिक्षा भनेको सिकाइ प्रक्रिया हो । त्यसैले शिक्षाका सबै नीतिगत प्रयास सिकाइसँग जोडिएको हुनै पर्छ भन्ने मान्यता छ । शिक्षा सिकारु केन्द्रित हुनु पर्छ । त्यसैले शिक्षाका नीतिको दिव्यदृष्टि सिकारु केन्द्रित भयो कि भएन भन्ने कुरामा ख्याल गरिन्छ । शिक्षानीति भनेको हामी आफैले विकसित गरेको शैक्षिक अवस्थालाई हेर्ने, रूपान्तरित गर्ने र अरू ज्यादा मानवोचित बनाउने दृष्टिकोण हो र साधन पनि हो । जति ज्यादा प्रविधिहरू, साधनहरू र सम्बन्धहरूलाई विश्लेषण गरेर शिक्षानीति विकास गरिन्छ, त्यति नै नीतिले उचाइ हासिल गर्छ अर्थात् कार्यान्वयन योग्य हुन्छ अनि सिकारु मैत्री हुन्छ ।

### ४. हामीसँग शिक्षासम्बन्धी कस्ता र कति नीति छन् ?

नीति राज्यको मामिला भएकाले राज्यको संविधानलाई मूल आधारको रूपमा समाउन पर्ने हुन्छ । संविधानबाट नै दार्शनिक, सैद्धान्तिक र व्यावहारिक आधार भेटिन्छ । संविधानको प्रत्याभूतिलाई

आधार लिँदा नीति वाचा कार्यान्वयन गर्ने आधार पनि मिल्छ। स्रोत खोजी गर्ने प्रमाण पुग्छ। त्यसका आधारमा बनेका सबै नीति पहिलिन्छन्।

संविधानअनुसार नेपालको सन्दर्भमा पनि संविधानले शिक्षासम्बन्धी निश्चित विषयवस्तुको प्रत्याभूति दिएको छ। संविधानको मौलिक हकले आधारभूत तहको शिक्षालाई निःशुल्क र अनिवार्य हुने कुरा उल्लेख छ। माध्यमिक शिक्षालाई निःशुल्क भनेको छ। कमजोर वर्ग र समुदायका बालबालिकलाई उच्च तहसम्म नै निःशुल्क हुने भनिएको छ। विद्यालय शिक्षाभन्दा पहिलाको बालविकास र शिक्षालाई सर्वपक्षीय क्षमता विकासको रूपमा विकास गर्न पर्ने कुरा उल्लेख छ। आधारभूत तहसम्मको शिक्षा मातृभाषामा लिन सकिने व्यवस्था संविधानले गरेको छ। समाजका कमजोर वर्ग र समुदायका बालबालिकालाई शिक्षामा विशेष व्यवस्था गर्न पर्ने कुरा उल्लेख छ। यसरी संविधानको मौलिक हकमा उल्लेख गरिएका विषयवस्तुलाई अधिकारको रूपमा अवलम्बन गर्नु पर्ने हुन्छ तापनि सोअनुसार हुन सकेको छैन।

संविधानले राज्यका सिद्धान्तअन्तर्गतका विषयवस्तुमा नेपाल राज्य समाजवाद उन्मुख हुने भनी उल्लेख गरिएको छ। समाजवाद उन्मुख भनेको के हो ? शिक्षामा यसलाई कसरी अर्थ्याउने ? कहीँ कतै स्पस्ट गरिएको छैन। नेपालमा समाजवाद उन्मुख शिक्षा कस्तो हुने होला ? परिभाषा गर्नु जरुरी छ। सामान्य अर्थमा बुझ्दा समाजवाद शब्दले आदर्श समाजको परिकल्पना गरेको हुन्छ। जुन समाजमा धनी मानिस र गरिब मानिसका घरपरिवारले पाउने शिक्षा समान प्रकृतिको हुन्छ। राज्यको उच्च ओहोदामा भएका र सामान्य श्रम गरेर जीवन निर्वाह गर्नेका बालबालिकाले पाउने शिक्षाको अवसर समान हुन्छ। हाम्रो जस्तो देशमा यो विषय कल्पना गर्दा पनि अस्वाभाविक र असान्दर्भिक जस्तो लाग्छ तापनि विश्वका धेरै देशमा यो सम्भव भएको छ। यही पृथ्वीमा त्यस प्रकारको अभ्यास गरिरहेका छन्। स्क्यान्डेभियन मुलुकहरू लगायत विश्वका कतिपय मुलुकमा त्यो देख्न पाइन्छ। त्यसैले हामीले पनि यसलाई परिभाषित गर्नु छ। सोअनुसार अभ्यास र साधना गर्नु छ।

संविधानको राज्यका नीतिमा शिक्षालई नागरिकको आधारभूत आवश्यकताको रूपमा प्रस्तुत गरेको छ। शिक्षा वैज्ञानिक, प्राविधिक, जनचाहनाअनुसारको हुनुपर्ने र यो नै मुलुकको मानव संसाधन विकासको आधार हुने कुरा उल्लेख छ। उच्च शिक्षालाई समेत क्रमशः निःशुल्क गर्दै लग्ने कुरा उल्लेख गरिएको छ। निजी क्षेत्रको शिक्षामा योगदान सेवामूलक हुनु पर्ने प्रत्याभूति संविधानमा छ। नागरिकको व्यक्तित्व विकासको लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालय स्थापना गर्नु पर्ने कुरा उल्लेख छ। यी व्यवस्थाहरू क्रमशः राज्यको साधन र स्रोतका आधारमा अभ्यास गर्दै लग्नु पर्ने हुन्छ।

संविधानको अनुसूचीमा शिक्षा सबै तहको सरकारको जिम्मेवारी भएको कुरा उल्लेख छ। संविधानले राज्यको संघीय स्वरूपअनुसार तीनै तहका सरकारको शिक्षामा जिम्मेवारी र अधिकार क्षेत्रको सङ्केत गरेको छ। जस अनुसार आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको सरकारको मूल जिम्मेवारीमा राखेको छ। बालविकास तथा शिक्षा, अनौपचारिक शिक्षाजस्ता कुरा पनि स्थानीय तहबाट सम्बोधन हुने कुराको सङ्केत गरिएको छ। तथापि कानुन विकास गरी अझ स्पष्ट गर्नु पर्ने विषय बाँकि नै छ।

संविधान बाहेकका अरू नीतिः संविधान बाहेकका अरू नीति पनि संविधानलाई नै टेकेर बनेका छन् । उच्च शिक्षाका विश्वविद्यालयगत रूपमा ऐन छन् । सबै विश्व विद्यालयका आफ्ना ऐन ती ऐनअन्तर्गत बनेका नियमावलीहरू, निर्देशिकाहरू, कार्यविधिहरू सबै नीति हुन् । चिकित्सा शिक्षाका प्रतिष्ठानहरू छन् ती सबैका आफ्नै ऐन छन् र ती अन्तर्गतका नियमावलीहरू, निर्देशिकाहरू, कार्यविधिहरू आदि नीति छन् । चिकित्सा शिक्षाको उच्च तहका लगि राष्ट्रिय चिकित्सा शिक्षा ऐन छ । सोअन्तर्गत बनेका सबैजसो सामग्री नीति नै हुन् । शिक्षा ऐन र नियमावली, शिक्षक सेवा आयोग नियमावली, प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा परिषद ऐन सोका आधारमा बनेको नियमावली र अन्य सामग्रीहरू शिक्षा क्षेत्रका नीतिका अंश हुन् । राष्ट्रिय शिक्षा विधेयक, उच्च शिक्षा विधेयक र प्राविधिक तथा व्यावसायिक शिक्षा विधेयक गरी तीनवटा विधेयकका मस्यौदाहरू पनि तयार भएका छन् ।

शिक्षा क्षेत्रसँग सम्बन्धित नीति नाम गरेका सामग्री पनि धेरै छन् । जस्तो राष्ट्रिय शिक्षानीति, २०७६; विज्ञान तथा प्रविधि नीति, २०६१; निजी लगानीमा सञ्चालन गरिने प्राविधिक महाविद्यालय (कलेज/ क्याम्पस) सम्बन्धमा बनेको आधारभूत नीति, २०६३ र अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षानीति, २०७३ हुन् । शिक्षा आफैमा अन्तर सम्बन्धित विषय भएकाले यससँग जोडिने कयौं नीतिहरू पनि हुन्छन् । राष्ट्रिय शिक्षानीति २०७६, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गर्यो । त्यसमा लेखिएका संघीय सरकारले गर्नु पर्ने काम नै हुन सकेन । संघीय सरकारको नीतिगत पक्षमा भर पर्न पर्ने प्रदेश र स्थानीय सरकारका काम अन्योल मै रही रहे ।

हामीसँग परियोजनागत र कार्यक्रमगत थुप्रो सामग्री छन् ती पनि नीतिगत दस्तावेज हुन् । विश्व बैंकको सहयोगमा सञ्चालित उच्च शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी मात्रै आधा दर्जन भन्दा धेरै परियोजनाहरू छन्, ती सबैका नीतिगत सामग्री छन् । विद्यालय शिक्षा क्षेत्र कार्यक्रम (एसईएसपी) नेपालको करिब ८० प्रतिशत राष्ट्रिय बजेट प्रभावित हुने नीतिगत सामग्री हो ।

शिक्षामा राज्यको तर्फबाट विकास गरिएको पाठ्यक्रमलाई पनि नीतिगत दस्ताबेजको रूपमा लिन सकिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूपले पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षक व्यवस्थापन र विकास, विद्यार्थी मूल्याङ्कन जस्ता विषयमा नीतिगत मार्गदर्शन गरेको हुन्छ । त्यसैले हामीमा नीति अभावको समस्या होइन नीति समन्वय, यसको अध्यावधिक र कार्यान्वयनमा धेरै समस्या छ भनिन्छ ।

### ५. **शिक्षानीतिले के गरे ?** (**शिक्षानीतिको प्रभाव वा असर**)

शिक्षा सामाजिक विज्ञान (Social science) हो । कसले के गरे र यो उपलब्धि भयो भन्न गाह्रो हुन्छ । दुई कारणले गाह्रो हुन्छ । एक - शिक्षामा देखिने उपलब्धि बहुप्रवाहित हुन्छ । धेरै कारणबाट उपलब्धि देखिएको हुन्छ । धेरै तत्वले असर गरेको हुन्छ । त्यसैले शिक्षानीति राम्रो भएकै कारणले यस्तो भयो भन्न सहज छैन । दुई - शिक्षामा परिणाम आउन धेरै वर्ष लाग्छ । कुन र के कारणले त्यसो भएको हो । कसरी भन्ने । परिवर्तन र विकास प्राकृतिक प्रक्रिया पनि हो । देखासिकीबाट, व्यक्ति आफ्नै प्रयासबाट, घरपरिवारको प्रयासबाट आदि औपचारिक र अनौपचारिक तवरबाट पनि सिकाइ भइरहेको

हुन्छ । तिनले शिक्षा विकासका राष्ट्रिय सूचकमा बढोत्तरी ल्याउन योगदन गरिरहेका हुन्छन् । तथापि आधुनिक औपचारिक राज्य-पथप्रदर्शित शिक्षा व्यवस्थामा राज्यका नीतिको योगदान कम आँकलन गर्न भने सकिँदैन ।

शैक्षिक शासकीय पक्ष सञ्चालन गर्न, शिक्षक व्यवस्थापन र विकास गर्न, स्रोत व्यवस्थापन गर्न, उपयुक्त शैक्षक वातावरण विकास गर्न, मानिसको क्षमता विकास गर्न, सिकारुको सिकाइ प्रक्रिया उजागर गर्न र त्यसको उपयोग गर्न, शैक्षिक पहुँच र गुणस्तर अभिवृद्धि गर्न, निजी क्षेत्रलाई सहजीकरण तथा नियमन गर्न शिक्षानीतिले महत्वपूर्ण  योगदान गरिरहेको हुन्छ । गरिरहेका छन् । हरेक नीतिका नीतिगत उद्देश्यहरू छन् । ती उद्देश्य प्राप्तिका लागि काम गर्दा उद्देश्य प्राप्त हुँदै जान्छ । तिनको योगदान भइरहेको हुन्छ ।

२००७ सालतिर हाम्रो साक्षरता अवस्था दुई प्रतिशत मात्र थियो । थोरै विद्यर्थीलाई मात्र शिक्षाको अवसर थियो । अहिले साक्षरता प्रतिशत ८० तिर पुग्न लागेको छ । ८० लाख भन्दा धेरै विद्यार्थीहरू औपचारिक सिकाइमा संलग्न हुने अवसर पाइरहेका छन् भनिन्छ ! आम नागरिकको स्वअनुभूति, अन्तरक्रियात्मक, जिम्मेवारी बहन गर्ने क्षमतामा बढोत्तरी भएको छ । यी सबैमा नीतिगत दस्ताबेजका आधारमा राज्यबाट भएका प्रयासको महत्वपूर्ण योगदान अवश्य छ ।  तसर्थ, शिक्षाका नीतिगत सामग्री कार्यान्वयन गर्दा शिक्षामा परिणात्मक र गुणात्मक उपलब्धि भइरहेको छ, तथापि जति हुनु पर्ने थियो त्यति भने हुन सकेको छैन । विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण अध्ययनका नतिजाहरूले हाम्रो शिक्षानीतिका कार्यान्वयन र त्यसको प्राप्तिका बारेमा धेरै जानकारी दिएको छ । नीति मामलामा ती विषयवस्तु निकै उपयोगी हुने देखिन्छ ।

**६. शिक्षानीति र विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA)**

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणलाई शिक्षा पद्धतिको सुधारका लागि महत्वपूर्ण आधार मानिन्छ । विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणबाट सिकाइको अवस्था पहिचान गर्नुका साथै शैक्षिक पद्धतिमा सुधारका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री, परीक्षा व्यवस्थापन, शिक्षक व्यवस्थापन र विकास, विद्यालय व्यवस्थापन, विद्यालयको पठनपाठनको वातावरण सुधार, विद्यालय-शिक्षक-अभिभावक सम्बन्ध र शैक्षिक सेवा प्रवाहमा जवाफदेहिता कायम गर्न खोजिन्छ । यसबाट शिक्षानीति, योजना तथा शैक्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनको प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कनका लागि पृष्ठपोषणसमेत प्राप्त हुने अपेक्षा गरिएको हुन्छ ।

राष्ट्रिय उपलब्धि परीक्षणका करिब आधा दर्जन नतिजाले सिकाइ उपलब्धिमा सुधार नभएको कुरा देखिएको छ । यस कुराले  शिक्षा सुधारका लागि विश्वासिलो सूचना प्राप्त भएको छ । ती अध्ययनहरूका महत्वपूर्ण  नतिजाहरूमा  विद्यार्थीको उपलब्धिमा ठुलो भिन्नता हुनुले शैक्षिक प्रणालीको सक्षमता कमजोर हो भन्ने कुराको सङ्केत गर्दछ । सिकाइ उपलब्धिका भिन्नताहरू प्रदेशअनुसार, जिल्लाअनुसार तथा विद्यालयअनुसार निकै फराकिलो देखिन्छ । सिकाइका संज्ञानात्मक तहका आधारमा नतिजा विश्लेषण

गर्दा उच्च स्तरका संज्ञानात्मक क्षेत्रमा तुलनात्मक रूपमा कमजोर देखिएको छ । तालिम लिएका र नलिएका शिक्षकहरूले पढाउँदा विद्यार्थीको उपलब्धिमा प्रभाव परेको देखिएन विद्यालयमा विद्यार्थीहरू हेपाइ (Bullying) को सिकार भएको पाइएको छ । विद्यालयमा विद्यार्थीका सामग्रीहरू चोरी हुने, जिस्काउने (अर्कै नामले बोलाउने), पिट्ने, हप्काउने, मन नलागेको काम गर्न बाध्य बनाउने, गल्ती नभए पनि दोष लगाउने आदि समस्या पाएको छ । जसले गर्दा विद्यालय वातावरण विद्यार्थीका लागि अनुकूल हुन सकेको पाइएन ।

त्यसै गरी अभिभावकको सामाजिक आर्थिक अवस्थाले सिकाइ उपलब्धिमा अनुक्रमअनुपातिक असर परेको देखिन्छ । सामान्यतः राम्रो आर्थिक सामाजिक अवस्था भएका समुदाय (घर परिवार) का विद्यालयहरूको औसत उपलब्धिस्तर राम्रो देखिएको छ । विद्यालयहरूमा शिक्षकहरूबिना सूचना अनुपस्थित हुने, ढिलो आउने र छिटो जाने जस्ता समस्याहरू विद्यमान छन् ।

माथि उल्लिखित अध्ययनका प्राप्तिहरूले शैक्षिक सुधारका लागि केही विषयक्षेत्रमा स्पस्ट जानकारी दिएका छन् । अहिलेको विकसित परिवेशमा यस्ता अध्ययनका प्राप्तिका आधारमा समग्र शैक्षिक प्रणालीको मूल्याङ्कन र समीक्षा गरी सुधार गर्ने गरी नीतिगत व्यवस्था हुन जरूरी देखिएको छ ।

## ७. अपेक्षित विषयविन्दुहरू

कार्यपत्र तयार गर्नका लागि आयोजक संस्था प्राज्ञिक विद्यार्थी परिषद नेपालबाट नेपालको समग्र शिक्षानीतिको अवस्था र प्रभाव शीर्षकमा कार्यपत्र प्रस्तुत गर्ने जिम्मेवारी दिइएको थियो । त्यसका साथै केही विषयक्षेत्र (अपेक्षित विषयविन्दु भनिएको)हरू पनि उपलब्ध गराइएको थियो । यो कार्यपत्रको यसभन्दा माथि दिइएको शीर्षकअनुसार समग्र परिवेशका बारेमा चर्चा गरियो । यसभन्दा तल ती दिइएका विषयविन्दुलाई आधार मानी ती विषयमा सामान्य तथ्याङ्क र अन्य अवस्था (परिवेश) प्रस्तुत गरी त्यसको सामन्य विश्लेषणका आधारमा नीतिको अवस्था र प्रभाव तथा भविष्यमा गरिनु पर्ने कार्यसमेत पहिल्याउने प्रयास गरिएको छ ।

### क) विद्यार्थी भर्ना, नियमितता, परीक्षा प्रणाली एवम् परिणाम, उत्तीर्णता विश्लेषण

**भर्नाः विद्यार्थी भर्नाका सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पछिल्लो फ्ल्यास प्रतिवेदन** (Flash I–REPORT 2078, CEHRD/MOEST/NG) अनसार देहायको अवस्था पाइएको छः

- In 2020/21, the gross intake rate (GIR) in grade 1 has reached to 127.0%, which were 120.7 last year.
- In 2020/21, the net intake rate (NIR) in grade 1 has reached to 96.30%, which were 97.3% last year.
- The gross enrollment ratio (GER) is 121.92 at basic (1-5), 110.71 at basic (6-8) and 116.31 at basic (1-8).
- These figures last year were 118.2% at basic (1-5), 108.2% at basic (6-8) and 113.2% at basic (1-8).
- The gross enrollment ratio (GER) is 97.85 at secondary (9-10), 62.8% at secondary

(11- 12) and 80.3% at secondary (9-12). Last year, these numbers were 96.9% at secondary (9-10), 54.6% at secondary (11-12) and 75.7% at secondary (9-12).

- The net enrollment ratio (NER) at basic (1-5) has reached to 96.90%, has reached to 93.33% at basic (6-8) and has reached to 95.11% at basic (1-8). Last year, these figures were 97.1% at basic (1-5), 89.7% at basic (6-8) and 94.7% at basic (1-8) level of education.
- The net enrollment ratio (NER) is 76.05% at secondary (9-10), 35.8% at secondary (11- 12) and 56.0% at secondary (9-12). This number was 70.8% at secondary (9-10), 31.5% at secondary (11-12) and 47.6% at secondary (9-12). The GER of ECED/PPC in 2020/21 is 89.68
- त्यसै गरी उच्च शिक्षामा कोरा भर्ना दर १५ प्रतिशत जति छ।

उल्लिखित तथ्यगत अवस्थाबाट संवैधानिक प्रावधान अनुसार सबैको लागि आधारभूत शिक्षा अनिवार्य गर्न अझै धेरै प्रयास गर्नुपर्ने देखिन्छ। त्यसै गरी माध्यमिक र उच्च शिक्षामा हामी अन्तरराष्ट्रिय औसतभन्दा निकै कमजोर अवस्थामा छौं । यसले के सङ्केत गर्दछ भने विद्यार्थी भर्नाको विषयमा अपेक्षित लक्ष्य पूरा गर्न विद्यमान नीतिगत व्यवस्था र कार्यव्यवहारमा थप प्रयासको खाँचो छ।

**नियमितता: विद्यार्थी नियमितता सम्बन्धमा देहायका तथ्यगत अवस्था पाइएको छ (Flash I-REPORT 2078, MOEST/NG):**

- In grade 1, the repetition rate is 14.4% which is also higher than last year
- In grade 5, repetition rate is 5.4% which is 2.2% higher than that of last year
- In grade 8, the survival rate is 83.5% this year
- At grade 9 the repetition rate remains at 3.8% and dropout rate at 1.2%.
- At grade 10 the repetition rate 1.3% and 0.3% dropout rate.
- उच्च शिक्षामा कक्षा दोहोर्‍याउने र कक्षा छाड्ने दर अझ उच्च छ भने धानिने दर कम छ।

उल्लिखित तथ्यगत अवस्थाले हाम्रो पद्धतिको सक्षमतामा प्रश्न उठाएको छ । विद्यालयमा विद्यार्थी अडिनका लागि विद्यालयभित्रका तत्त्व (Pulling factors) र विद्यालय बाहिरका तत्त्व (Pushing factors) हरू जिम्मेवार हुन्छन् । यी र यस्ता पक्षहरूलाई ध्यानमा राखी विद्यामान नीतिगत अवस्था, तिनको कार्यान्वयन तथा गरिएका प्रयासहरूका बारेमा पुनरावलोकन गर्नु पर्ने देखिन्छ।

**परीक्षा प्रणाली एवम् परिणाम, उत्तीर्णता विश्लेषण छ (Flash I-REPORT 2078, MOEST/**NG):

- In grade 1, the promotion rate is 81.3% which is slightly lower than last year
- In grade 5, the promotion rate is 93.3% which is also slightly lower than last year
- In grade 8, the promotion rate is 94.8%
- The promotion rate for grade 9 is 95%
- The promotion rate for grade 10 is slightly higher than grade 9 with 98.4%

- कक्षा १२ मा यस वर्षको राष्ट्रिय परीक्षा बोर्ड नतिजा अनुसार आधाजस्तो विद्यार्थीहरू उच्च शिक्षा शिक्षा अध्ययन गर्न योग्य नठहरिएको सञ्चार जगत्मा व्यापक रूपमा आएको छ। कक्षा १२ मा यस वर्षको राष्ट्रिय परीक्षा बोर्ड नतिजाअनुसार आधाजस्तो विद्यार्थीहरू उच्च शिक्षा अध्ययन गर्न योग्य नठहरिएको सञ्चार जगत्मा व्यापक रूपमा आएको छ।
- उच्च शिक्षातर्फ विभिन्न विधा र विषयमा उत्तीर्ण दर फरक फरक छ। विश्वविद्यालयहरू अनुसार पनि फरक छ। त्रिभुवन विश्वविद्यालय जहाँ करिब ७६ प्रतिशत विद्यार्थी पठनपाठन गर्दछन्, उत्तीर्ण प्रतिशत निकै न्यून मानिन्छ।

**ख) शिक्षा मन्त्रालयको भूमिका र शिक्षक विद्यार्थी अनुपात**

**शिक्षा मन्त्रालयको भूमिका**

संघीय स्वरूपमा शिक्षा मन्त्रालयको भूमिका राष्ट्रिय मानक र स्तर निर्धाण, हरेक क्षेत्रमा राष्ट्रिय प्रारूप दिने, संघीय शिक्षा ऐन जारी गरी प्रदेश स्थानीय तहलाई कानुन बनाउन मार्ग प्रशस्त गर्नुपर्ने हुन्छ। तथापि अहिले व्यापक रूपमा सोअनुसार हुन नसकेको भनी आलोचना हुने गरेको छ। मन्त्रालयले संघीय शिक्षा ऐन जारी गरी प्रदेश र स्थानीय तहलाई आ-आफ्ना नीति निर्माण गरी कार्यान्वयन गर्न मार्गप्रशस्त गर्न नसकेको भनी असन्तुष्टि पाइन्छ।

**शिक्षक विद्यार्थी अनुपात**

यस सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पछिल्लो फ्ल्यास प्रतिवेदन (Flash I–REPORT 2078, CEHRD/MOEST/NG) अनुसार देहायको अवस्था देखिन्छ : शिक्षा मन्त्रालयको भूमिका र शिक्षक विद्यार्थी अनुपात

- At the national level, the ratio of ECED/PPC center to children is 28:1. Last year this ratio was 31:1.
- In 2021-22, the student teacher ratio (based on approved teacher positions) in community schools is 25:1 at basic (1-5), 51:1 at basic (6-8) and 30:1 at basic (1-8)
- Last year, these numbers were 26:1, 53:1 and 31:1 at basic (1-5), basic (6-8) and basic (1-8) respectively. y In 2021-22,
- The student teacher ratio (based on approved teacher positions) in community schools is 39:1 at secondary (9-10), 80:1 at secondary (11-12) and 49:1 at secondary (9- 12)
- Last year, these numbers were 43:1 at secondary (9-10), 75:1 at secondary (11-12) and 50:1 at secondary (9-12) respectively

**ग) स्थानीय निकाय, अभिभावक र विद्यालय व्यवस्थापन समितिको भूमिका**

- अध्ययन अनुसन्धानहरूको नतिजाअनुसार समग्रमा तीनवटै पक्ष शिक्षामा आफ्नो भूमिका निर्वाहमा उदासिन छन् । तथापि केही राम्रा उदाहरणहरू नभएका होइनन् ।
- संघीय शिक्षा ऐनको अभावमा स्थानीय निकाय (सरकार) निकै कानुनी अल्झन र समस्यामा पर्ने गरेको दृष्टान्तहरू छन् । कतिपय पक्षमा प्रयास गर्दा गर्दै अदालतको झमेलामा फस्ने गरेका छन् ।

**घ) शिक्षक नियुक्ति प्रणाली एवम् सुधारको आवश्यकता**

- अस्थायी र स्थायी दुई प्रकारले नियुक्ति हुन्छ । स्थायी नियुक्ति शिक्षक सेवा आयोगको सिफारिसमा गरिन्छ भने अस्थायी वा करारमा सम्बन्धित व्यवस्थापन समितिले गर्छ ।
- राहतका शिक्षकहरूलाई वर्षौंदेखि करारमा काम लगाइएको छ ।
- निजी विद्यालयहरूले आफ्नै प्रक्रिया अवलम्बन गरेका छन् । अध्यापन अनुमति पत्र अनिवार्य भनिए तापनि सबै निजी विद्यालयहरूमा सोअनुसार हुन सकेको देखिँदैन ।
- तीक्ष्ण खालका व्यक्तिलाई शिक्षण पेशामा आकर्षित गर्ने नीतिगत व्यवस्था पनि भए । राष्ट्रिय शिक्षानीति, आवधिक योजनाहरू, विद्यालय विकास योजनाहरूमा उल्लेख गरिएता पनि कानुनी व्यवस्था नै गरी कार्यान्वयनमा ल्याउन सकिएको छैन ।
- शिक्षक सेवा आयोगले लिने परीक्षामा कुनै विज्ञान विषयमा र अन्य केही विषयमा पर्याप्त आवेदकहरू परेनन् ।
- समस्याको जरो पहिल्याइ समाधान गर्न विशेष प्रयास गर्न पर्ने देखिन्छ । यसका लागि एक अध्ययान सम्पन्न वा कार्यदल गठन गरी उपाय खोजिनु पर्ने हो कि भन्ने विषयमा पनि सान्दर्भिक छ ।
- परीक्षाको नतिजामा केही विषय र तहमा आवश्यकता जति पनि उम्मेदवारहरू पाउन सकेनन् ।

**ङ) दलीय प्रभाव तथा त्यसको न्यूनीनकरणको सम्भावना र प्रयास**

- दलीय प्रभावका बारेमा सर्वधारण र अभिभावकहरूबाट समेत दिगदारी व्यक्त गर्ने, विरोध र आक्रोश पनि हुने गरेको छ ।
- कतिपय राजनीतिक दलमा शिक्षकहरू सक्रिय सदस्य र पदाधिकारी नै रहने उनीहरूको नीतिमा नै छ ।
- यसको प्रभाव शिक्षक नियुक्ति र सरुवामा पनि परेको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जानकारी हुने र सार्वजनिक समेत हुने गरेको छ ।
- यसको समाधान प्रक्रियागत र प्रशासनिक तवरबाट भन्दा पनि राजनीतिक तहमा नै खोजिनु

पर्छ राजनीतिक तहका सहमति गरी उच्च राजनीतिक तहको सुझबुझ कार्यकर्तासम्म पुऱ्याउने र कडा कानुनी प्राबधान र त्यसको कार्यान्वयनबाट मात्र सो समस्या न्यूनीकरण गर्न सकिने देखिन्छ ।

**च) प्रधानाध्यापकको योग्यता, छनोट, नियुक्ति तथा परिणामको अवस्था**

- शिक्षा नियमावलीमा प्रधानाध्यापकको योग्यता, छनोट, नियुक्ति तथा काम, कर्तव्य र अधिकारका बारेमा व्यवस्था गरिएको छ ।
- भएको व्यवस्था प्रभावकारीरूपमा कार्यान्वयन हुन सकेको छैन् । कतिपय विद्यालयहरूमा सोअनुसारको योग्यता पुगेका शिक्षकहरू नै छैनन् । कतिपय विद्यालयहरूमा भएको भए तापनि कार्यान्वयन पक्ष फितलो देखिएको छ ।
- विद्यालयका प्रधानाध्यापक र नेतृत्वको काम, कर्तव्य र अधिकार पालना, प्रयोग र उपयोगका सम्बन्धमा अपेक्षित रूपमा अनुगमन, मूल्याङ्कन, सहयोग र सहजीकरण पनि हुन सकेको छैन् ।
- केही विद्यालयहरूमा प्रधानाध्यापकको भूमिका उल्लेख्य देखिएको छ । प्रधानमन्त्रीको शासकीय सुधारका बुँदामा पनि सो कुरा उल्लेख गरिएको छ । विद्यालय प्राज्ञिक थलो भएकाले प्रधानाध्यापकको भूमिका महत्वपूर्ण हुने कुरा स्वभाविक छ ।
- प्रधानाध्यापकको लागि शिक्षक सेवा आयोगबाट छुट्टै छनोट प्रक्रिया अबलम्बन गरी उपयुक्त व्यवस्था गर्नु पर्ने कुरा सार्वजनिक नभएको उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०७६ मा पनि उल्लेख गरिएको थियो ।

**छ) स्रोत व्यवस्थापन एवम् सुशासन**

कहिले, कसैलाई, कहीँ स्रोत प्रयाप्त भएको हुँदैन । तथापि स्रोत नभएर पनि हुँदैन । न्यूनतम स्रोत नभएर शिक्षाका सामान्य उद्देश्य पनि प्राप्त गर्न सकिँदैन । स्रोत मानवीय, आर्थिक, भौतिक आदि धेरै प्रकारका हुन्छन् । तथापि मानवीय र आर्थिक स्रोतलाई सर्वाधिक महत्वपूर्ण मानिन्छ। मानवीय स्रोतका बारेमा छुट्टै चर्चा गरिएकाले यहाँ आर्थिक स्रोतका बारेमा मात्र सामान्य चर्चा गरिएको छ। महत्वपूर्ण

- शिक्षामा आर्थिक स्रोतका बारेमा चर्चा हुँदा शिक्षामा लगानी वा आर्थिक लगानीको रूपमा चर्चा हुने गर्दछ । शिक्षामा लगानी घरपरिवार, समुदाय, धार्मिक संस्था, उद्योग, चन्दादाता, सरकार आदि धेरै पक्षबाट गरिएको हुन्छ ।
- आधुनिक औपचारिक र राज्य निर्देशित शिक्षा व्यवस्थामा शिक्षामा राज्य वा सरकारको लगानीलाई सर्वाधिक महत्वका साथ हेरिन्छ । धेरै अनुसन्धानहरूका नतिजाले शिक्षामा गरिने सार्वजनिक लगानी शिक्षाका उपलब्धि बीचमा अनुक्रम अनुपात सम्बन्ध देखाएका छन् । शिक्षामा जुन अनुपातमा लगानी गरिन्छ सोही अनुपातमा उपलब्धि प्राप्त हुन्छ । धेरै सार्वजनिक लगानी हुँदा शैक्षिक उपलब्धि धेरै हुन्छ ।

- संसारमा मुलुकअनुसार शिक्षामा गरिने लगानी फरक फरक छ। सार्वजनिक स्रोत राज्यसँग हुने त्यसको वितरणको अधिकार राज्य सञ्चालकसँग हुन्छ। राज्य सञ्चालनको नेतृत्व राजनीतिक व्यक्तिबाट हुन्छ। राजनीतिक नेतृत्व निश्चित समयका लागि शासन व्यवस्थामा पुगेका हुन्छन्। सोही समयभित्र आफ्ना कार्यको उपलब्धिको अपेक्षा गरेका हुन्छन्। तर शिक्षाबाट देखिने उपलब्धि दीर्घकालीन हुन्छ। त्यसैले लोकतान्त्रिक मुलुकहरूमा समेत शिक्षामा गरिने लगानीलाई राजनीतिक तहबाट उत्साहका साथ गरिएको हुँदैन।
- त्यसैले विश्वव्यापी रूपमा शिक्षामा राज्यले गर्नुपर्ने लगानीको न्यूनतम मापदण्ड तोकिएको छ। सोअनुसार राज्यको राष्ट्रिय बजेटको २० प्रतिशत लगानी गर्नुपर्ने हुन्छ। विश्वका धेरै देशले यसलाई सिद्धान्तः स्वीकार गरेको भए तापनि व्यवहारमा कार्यान्वयन गरेको अवस्था छैन्। जुन देशमा त्यो मापदण्डको अवलम्बन गरिएको छ, स्वाभाविक रूपमा त्यस्ता देशको शैक्षिक उपलब्धि राम्रो छ।
- नेपालमा त्यो विश्वव्यापी मापदण्डभन्दा शिक्षामा लगानी निकै कम छ। संघीय सरकारको पनि कम छ भने प्रदेश र स्थानीय सरकारको अझ कम छ। शैक्षिक उपलब्धि पनि कमजोर मानिन्छ। संघीय सरकारको मुस्किलले १० प्रतिशतभन्दा माथि छ भने। प्रदेश र स्थानीय सरकारले उनीहरूको आफ्नो आम्दानीको औसतमा चार प्रतिशतको हाराहारीमा मात्र खर्च गरेका छन्।

नेपालको संविधानले प्रत्याभूत गरेअनुसार शैक्षिक गतिविधिको व्यवस्थापन गर्न सकिएको छैन् , सो प्राप्तिका लागि शिक्षामा सार्वजनिक लगानी वृद्दि गर्न'को विकल्प छैन्। तिनै तहका सबै सरकारले आ-आफ्नो बजेटको बीस प्रतिशत बजेट शिक्षामा छुट्ट्याउदा संवैधानिक अपेक्षा पूरा गर्न सकिने सम्भावना रहन्छ।

**ज) समग्र नीतिका सबल पक्ष एवम् त्रुटिहरू**

- विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययनबाट-समग्रमा नेपालमा शिक्षानीतिमा त्यतै ठुलो समस्या देखाइएको पाइँदैन, यसलाई सवल पक्षको रूपमा लिन सकिन्छ। नीतिको कार्यान्वयन पक्ष निकै कमजोर मानिन्छ, यसलाई दुर्बल पक्षमा रूपमा लिनु पर्ने हुन्छ।
- तथापि संघीय स्वरूपमा मुलुक व्यवस्थापन हुँदै गर्दा संविधानले प्रत्याभूत गरे अनुसार संघीय कानूनका आधारमा प्रदेश र स्थानीयक कानुन बनाउन पर्ने हुन्छ, तर संघीय शिक्षा ऐन जारी हुन सकेको छैन। हाल यस विषयलाई शिक्षानीतिका क्षेत्रमा सर्वाधिक कमजोरी वा त्रुटिका रूपमा लिन सकिन्छ।
- संघीय शिक्षा ऐन र स्पष्ट खाका वा मापदण्डका अभावमा छटपटिएर कतिपय स्थानीय तह र प्रदेश सरकारले निर्माण गरेका कानुनहरू संविधानको लयअनुसार नभएको भन्दै अदालतले

समेत संकेत गरेको अवस्था पाइन्छ। कतिपय स्थानीय र प्रदेशका शिक्षा ऐनहरू अवस्थामा संघीय शिक्षा ऐन, २०२८ सँग बाझिएको त्रुटि समेत अदालतले औंल्याएका दृष्टान्त भेटिन्छ।

- स्थानीय र प्रदेश सरकारमा कानून बनाउने पाकोपनको विकास (Maturity gain) र संघीय सरकारको नयाँ शिक्षा ऐन जारी लगायतका शिक्षा सम्बद्ध कानुनहरूको संविधान सम्बद्ध हुने गरी अध्यावधिक र विकास आजको आवश्यकता देखिन्छ।

**८. नेपालमा शिक्षानीतिका समस्या र चुनौती के के हुन् ?**

समस्या र चुनौती असंख्य छन्। माथिका शीर्षकगत चर्चामा सन्दर्भअनुसार शिक्षानीतिका समस्या र चुनौतीका बारेमा चर्चा गरिएको छ। केही थप बढी समसामयिक परिवेशमा सरोकारवालाको चासो भएका, सञ्चार माध्यमले चर्चामा ल्याएका र बढी चर्चामा आएका समस्या तथा चुनौती तल प्रस्तुत गरिएको छ।

**क) उच्च शिक्षामा**

- पदाधिकारी नियुक्तिको निश्चित मापदण्ड नहुँदा राजनीतिकरण हुनु।
- विना नक्शाङ्कन र विना आधार विश्वविद्यालयहरू खुल्नु, नागरिक दबाव पनि नहुनु। सक्षमता विकाससँगै ठूला कलेज मानित विश्वविद्यालयको रूपमा विकसित हुनु पर्ने त्यो पनि भएन। राजनीतिक लहडमा विश्वविद्यालयहरू खुले तर हुर्कन चाहिँ हम्मेहम्मे पर्‍यो।
- क्षेत्रीय सोचका साथ खुलेका विश्वविद्यालयहरू राष्ट्रिय विश्वविद्यालय जस्ता भए। जस्तो पूर्वाञ्चल र पोखरा विश्वविद्यालयले आफ्नो क्षेत्रमा सीमित भएनन्। यत्रतत्र सर्वत्र सम्बन्धन दिए।
- त्रिभुवन विश्वविद्यालयले ठुलो बोझ बोकी राख्यो। आफूलाई सुधार गर्न पनि सकेन। पृथ्वी नारायण क्याम्पस जस्ता ठुला कलेजलाई मानित विश्वविद्यालय र अनि विश्वविद्यालयको रूपमा हुर्कने अवसर नै दिइएन। यसका अन्य समस्या र चुनौती सस्तै भए। जस्तैः
  - प्राज्ञिक पात्रो बनाउनै सकेन। बनाएको कार्यान्वयन गर्नै सकेन। विद्यार्थी र अभिभावकले कहिले जाँच हुन्छ भन्ने कुरामा सुनिश्चित हुने अवश्था नै आएन। यो अन्योलताका कारण विद्यार्थीहरू कि अर्को विश्वविद्यालयतिर तानिए कि त विदेश हानिए। क्रमशः विद्यार्थी सङ्ख्या घट्दो छ। यो कुराले पनि उसलाई पोलेन।
  - चिकित्सा शिक्षा र इञ्जिनियरिङ्गका केही विधा बाहेकमा गुणस्तरको पक्ष अत्यन्तै कमजोर भयो। गुणस्तरको जवाफदेही को भन्ने कुरा खुट्याइएन। एक अर्कोलाई दोष लगाउँदैमा जुग बित्दै गयो।
  - कर्मचारी संयन्त्र पनि भद्दा भयो । त्यो पनि प्रशासनिक चुस्तता भन्दा राजनीतिक वातावरणमा रमाएको आरोपबाट मुक्त हुन सकेन।

- विश्वविद्यालय अनुदान आयोग सरकारले दिने रकम विश्वविद्यालयहरूलाई बाँड्ने माध्यममात्र बन्यो भन्ने कुराबाट मुक्त हुन सकेन भन्ने आरोपबाट मुक्त हुन सकेन् । प्राज्ञिक संस्थाहरूको नियमन गर्ने र सहजीकरण गर्ने संस्थाको रूपमा विकसित भएन हुलाकी भयो भन्ने आरोप लाग्न थाल्यो ।
- विश्वविद्यालय र कलेजहरू विदेशी विद्यार्थी आकर्षण गर्न सकेनन् । त्यसैले विश्वविद्यालय नै बन्न सकेनन् । विश्वविद्यालयहरूले कम्तिमा यति प्रतिशत विद्यार्थी विदेशी हुन पर्ने/ल्याउन पर्ने भनी योजना गरेको हुन्छन् । योजना कार्यान्वयन गर्छन् । अनि अन्तराष्ट्रिय (विश्व) विद्यालय हुन्छन् । त्यसमा हाम्रो चित्त नै पसेन वा वातावरण बनाउनै सकिएन ।
- सिद्धान्त र विश्वका कतिपय उदाहरणबाट विश्वविद्यालयहरूको काम अनुसन्धान, उत्पादन, दिगो विकासका लागि सहयोग गर्नु हो । ज्ञानको उत्पादन, प्रबर्द्धन र विचार कर्ता (Think tank) को रूपमा कामग गर्नु हो । सरकारलाई असजिलो परेका बेला राय परामर्श दिनु हो । हाम्रा विश्वविद्यालयहरू त्यो अवस्थाबाट गुज्रन सकेनन् भन्ने व्यापक आलोचना छ ।

**ख) विद्यालय शिक्षामा**

विद्यालय शिक्षाको चुरो कुरो संविधानले समातेको थियो । अर्थात् हुनु पर्ने जे थियो त्यो उल्लेख गरेकै छ । तर त्यो परिकल्पनाको दस्ताबेज बन्यो कि भन्ने आशंका गर्न सकिन्छ । मौलिक हकमा नै उल्लेख गरेका विषयहरू अलपत्र परे । त्यसलाई कार्यान्वयन गर्छौं भनेर राजनीतिक दलले उनीहरूका चुनावी घोषणापत्रमा लेखे तर कार्यान्वयनमा ध्यान दिएनन् । मतदाताले त्यसलाई समाएनन् । खबरदारी गरेनन् । अर्को पटक भोट माग्दा त्यसमा प्रश्न नै उठाएनन् । अर्थात् हाम्रो मौखिक संस्कृतिमा लेख्या कृति बेकाम जस्तो देखियो । यो उठानसँगै तलका समस्या तथा चुनौतीहरू बग्रेल्ति छन् ः

- निःशुल्क र अनिवार्य प्राथमिक शिक्षामा संवेदनशीलता पटक्कै पुगेन ।
- माध्यमिक शिक्षा निःशुल्क हुनै सकेन ।
- दुवैमा पहुँच र गुणस्तरको समस्याहरू छँदै छन् ।

**ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका सम्बन्धमा**

यो विषय निकै प्राविधिक हो । अरू जस्तो किताब पढेर मात्र हुँदैन । साधारण शिक्षामा प्राइभेट परीक्षार्थीको रूपमा जाँच दिएर प्रमाणपत्र पाएका थुप्रै दृष्टान्त भेटिन्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विषयक्षेत्रमा त्यो सम्भव छैन । हुँदैन । सिप र प्रविधि सिक्ने काममा सहभागी हुनै पर्छ, काम गर्नै पर्छ, अभ्यास गर्नु पर्छ, साधना गर्नु पर्छ, गरेरै सिक्नु पर्छ । त्यसैले पढाउने मानिस पनि प्राविधिक नै हुनु पर्छ । यस क्षेत्रमा संस्थाको विस्तार निकै भएको छ । तथापि तलका समस्या तथा चुनौती देखिन्छ ।

- राजनीति क्षेत्रको कुरा एउटा काम अर्को भयो । उनीहरूले द्वैध चरित्र (डबल स्टाण्डर्ड) देखाए । ७० प्रतिशत प्राविधिक र व्यावसायिक जनशक्ति उत्पादन गर्छौं भनी घोषणा पत्रहरूमा लेख्ने

तर तयारी प्रयास केही नगर्ने । २० प्रतिशत शिक्षामा राष्ट्रिय बजेट छुट्याऊछौं भनेर घोषणा पत्रमा लेख्ने तर त्यसो नगर्ने ।

- कुन ठाँउमा कस्तो शिक्षण संस्था खोल्ने आवश्यकता पहिचान नै नगरी धमाधम शिक्षण संस्था खोल्ने, माग गर्नेले आवश्यकता भन्दा प्रतिष्ठा विषयका रूपमा लिने उत्पादनको विषयमा ख्याल नगर्ने, दिनेले दबाव खप्न नसक्ने माग हो त के गर्ने भन्ने ।
- शिक्षक नभएर नै कार्यक्रम सञ्चालन गर्ने । पाएका र भएका शिक्षकले अडिने थलो (प्लेटफर्म) मात्र बनाउने ।
- प्राविधिक शिक्षा तथा व्यवशायिक तलिम सम्बन्धी काम गर्ने सरकारको निकायमा सुशासन र व्यवस्थापनको पक्ष ज्यादै चौपट्ट अवस्था हुनु,
- प्राविधिक विषय सीप भन्दा जाँचमा पासको कुरालई महत्व दिने बन्यो । व्यापारी र राजनीतिज्ञले लगानी गर्ने र कमाउने क्षेत्र त आधारभूत सिद्धान्त नै नमिल्ने खालको हुनु,
- अनुगमनकारी, सहजीकरण गर्ने, सहयोग गर्ने निकायको पुन संरचना हुनै सकेन । परम्परा हम्यहम्य भई धान्नै नसकिने अवस्थामा संस्थाहरू रहनु,
- रातदिन तालिम दिने, जस्ले जस्तो भन्छ उस्तै पाठ्यक्रम विकास गरी तुरुन्तै तालिम दिने, निरन्तर खोज र अनुसन्धान गर्ने संस्थाको रूपमा विकसित गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदलाई विकास गर्न नसक्नु,

शिक्षामा अनुसन्धान, शिक्षक सहयोग कार्यक्रम, पूर्वीय दर्शन र शिक्षा जस्ता पक्षलाई पनि चुनौतीको रूपमा लिने गरिएको छ ।

**९) विश्लेषण र सुझाव**

नेपालमा शिक्षानीति धेरै छन् । संविधानका आधारमा अरू नीति बनेका छन् । उच्च शिक्षा समन्वय गर्न विश्वविद्यालय अनुदान आयोग ऐन छ । सो ऐनका आधारमा नियम र विनयम तथा अन्य नीतिगत सामग्री बनेका छन् । विश्वविद्यालय र प्रतिष्ठानहरूको छुट्टाछुट्टै ऐन छन् सो अनुसारका नियम विनियमहरू छन् । चिकित्सा शिक्षाका कार्यक्रम संचालन गरेका प्रतिष्ठानहरू विश्वविद्यालय अनुदान आयोगसँग आबद्ध छैनन् । उच्च शिक्षातर्फको चिकित्सा शिक्षाका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन छ । त्यस विषयक्षेत्रमा सो ऐन मातृ ऐन जस्तो छ । अर्थात् त्यसमा लेखेका कुरा अरूमा बाझिएमा त्यहीँ लेखिएको मान्य हुन्छ ।

यसरी राज्यमा उच्च शिक्षा व्यवस्थापन भइरहेको अवस्था छ । समग्र उच्च शिक्षाका लागि छाता ऐन ल्याउने भनिएको दुई दशकभन्दा पहिलेबाट हो तर पनि जारी हुन सकेको छैन । चर्चा र प्रयास भने निरन्तर भइरहेको छ ।  उच्च शिक्षाको समग्र अवस्थालाई बृहत् रूपमा हेर्दा यो नेपालको उच्च शिक्षा विश्वस्तरको हुन अपेक्षित रूपमा सकेको छैन  । यसको प्रभाव अन्तर्राष्ट्रियस्तरसम्म पुगी नेपालका

उच्च शिक्षा अध्यापन गराउने संस्थमा विदेशी विद्यार्थी आकर्षित गर्न सकिएको छैन । यसले उच्च शिक्षासम्बन्धी नीतिले पारेको प्रभावको अवस्थाको सङ्केत गर्दछ ।

विद्यालय शिक्षाको मूल नीति शिक्षा ऐन हो । यो २०२८ सालमा जारी गरिएको थियो । अहिलेसम्म त्यसैले काम गरेको छ । माथि उल्लेख गरिसकिएको छ, संघीय स्वरूपमा राज्य व्यवस्थापन हुँदै गर्दा नयाँ शिक्षा ऐन जारी गर्ने कसरतले परिणाम दिएको छैन । सो ऐन जारी नहुँदा प्रदेश र स्थानीय सरकारले आ-आफ्नो ऐन बनाउनसमेत अलमल भएको चर्चा व्यापक छ । सो ऐन जारी भए धेरै पक्षबाट शिक्षामा अगाडि बढ्न र शिक्षाको सकारात्मक प्रभावलाई अझ गति दिन सकिने हुन्छ । ऐनले जोड दिनै पर्ने प्रमुख पक्ष सेवा प्रवाह गर्ने निकायको संघीय परिवेशमा जनशक्ति व्यवस्थापनको संरचना लगायत धेरै छन् ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विद्यमान नीतिगत व्यवस्थामा परिवर्तन गर्ने प्रयास भइरहेको अवस्था छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम ऐनको मस्यौदा भई प्रक्रियामा रहेको छ । संघीय स्वरूपमा यस क्षेत्रलाई व्यवस्थापन गर्न महत्वपूर्ण भूमिका हुने अपेक्षा गरिएको छ ।

अन्य धेरै शिक्षा सम्बद्ध अपेक्षित विषयविन्दुहरू छन् । उपक्षेत्रगत र विषयवस्तुसम्बन्धी नीतिहरू तथा सोका आधारमा कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन् । केही अपेक्षित रूपमा कार्यान्वयन हुन सकेका छैनन् । छ वर्ष उमेर समूहका सबै बालबालिका विद्यालयमा अनिवार्य भर्ना गर्ने नीतिगत व्यवस्था छ, तथापि विविध कारणले अझै पनि विद्यालयमा भर्ना हुन नसकेका बालबालिका छन् । भर्ना भएका बालबालिकको विद्यालयमा अनियमितताको अवस्था निकै उच्च छ । परीक्षा पद्धतिलाई परम्परागत लिखित परीक्षा र पास-फेलको संस्कारमा अपेक्षित सुधार ल्याउन सकिएको छैन । परीक्षाको परिणाम र उत्तीर्णता विश्लेषण गरी सोका आधारमा सुधारात्मक शिक्षण सिकाइ गर्नु पर्ने नीतिगत व्यवस्था र पाठ्यक्रमको मर्म र भावनालाई व्यवहारमा उतार्न धेरै मिहेनत गर्नु पर्ने देखिन्छ ।

संघीय स्वरूपमा शिक्षा मन्त्रालयको भूमिकामा खासै परिवर्तन आउन नसकेको विषयमा आलोचना हुने गरेको छ । शिक्षानीतिको खाका दिने । समग्र शिक्षा पद्धतिको राष्ट्रिय दृष्टिकोण प्रबोधीकरण गर्ने र त्यसको कार्यान्वयन र अनुगमन गर्ने गरी उपयुक्त नीति जारी गर्नु पर्ने संघीय शिक्षा मन्त्रालयले शिक्षा क्षेत्रमा अभिभावकत्व लिन धेरै मिहेनत गर्नु पर्ने अवस्था छ । मुलुक भरको शिक्षकको समग्र दरबन्दी मिलान र न्यायोचित शिक्षक विद्यार्थी अनुपात कायम गर्ने नीतिगत व्यवस्था अग्रसारित भए तापनि सोअनुसार पूर्ण कार्यान्वयन भइसकेको छैन् । संविधानको प्रत्याभूतिअनुसार अझै स्थानीय निकाय, अभिभावक र विद्यालय व्यवस्थापन समितिको भूमिका नीतिगत रूपमा स्पष्ट हुन सकेको छैन ।

शिक्षक नियुक्ति प्रक्रियामा सुधार गरी कुशाग्र व्यक्ति आकर्षण गरी शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने कुरा शिक्षानीति २०७६ लगायतका नीतिगत दस्ताबेजहरूमा उल्लेख गरिए तापनि सोअनुसार कार्यान्वयनमा आउन सकेको छैन । नीतिगत रूपमा शिक्षा क्षेत्रमा दलीय प्रभाव नहुनु पर्ने व्यवस्था भए तापनि धेरै क्षेत्रमा राजनीतिक प्रभावले जरो गाडेको छ । त्यसको न्यूनीकरणको विविध सम्भावनाहरूको

खोजी गर्ने निरुत्साहित गर्ने विषयमा प्रयास कमै मात्र हुने गरेको छ। शिक्षा ऐन नियममा प्रधानाध्यापकको योग्यता, छनोट र नियुक्तिको व्यवस्था स्पष्ट रूपमा गरिएको छ, तथापि कार्यान्वयनको परिणाम सन्तोषजनक छैन। शिक्षा क्षेत्रमा स्रोतको व्यवस्थापन अन्तर्राष्ट्रिय मापदण्डअनुसार गर्न भनी पटकपटक प्रतिबद्धता भए तापनि सोअनुसार हुन सकेको छैन । संघीय स्वरूपमा शिक्षा व्यवस्थापन हुँदै गर्दा शैक्षिक सेवा प्रभावको संरचना नमिल्दा शैक्षिक सुशासनको पक्ष झन्झन् पेचिलो बन्दै गएको छ।

**१०.निचोड**

यस कार्यपत्रमा माथि विभिन्न सन्दर्भ र शीर्षकमा आयोजकबाट उपलब्ध गराइएका विषयविन्दु र अन्य समग्र विषयवस्तुका बारेमा चर्चा गरिएको छ। सम्बन्धित पाठका लागि सुझाव भने प्रस्तुत गरिएको छैन् । जस जसलाई जे चाहिन्छ अनुभूति गरी सुधारका विषयवस्तु पहिल्याई व्यवहारमा रूपाणन्तरण गर्ने उपादेयतामुखी(Implication) मान्यताका आधारमा यो कार्यपत्र तयार गरिएको छ।

हामीसँग नीति गत व्यवस्थाको त्यति ठुलो समस्या छैन जति नीति कार्यान्वयनमा छ। तथापि विद्यालय शिक्षालाई थप व्यवस्थित गर्न संघीय शिक्षा ऐन तुरुन्तै जारी गरी त्यसको लयमा प्रदेश र स्थानीयतहहरूमा कानुनहरू बनाई कार्यान्वयनमा जान ढिला भइसकेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको संरचनामा आमूल परिवर्तन गर्ने नीतिगत व्यवस्थाको खाँचो छ। उच्च शिक्षामा पदाधिकारी नियुक्ति काइदा बदल्ने नीति चाहिएको छ। यसरी नै गरिने, यस्ता (राष्ट्रिय शिक्षा कार्यशाला) रचनात्मक गतिविधिबाट राष्ट्रिय चिन्तन र दृष्टिकोणको विकास हुँदै जानेछ उपयुक्त नीति बन्ने र कार्यान्वयनमा बल प्राप्त हुनेछ भन्ने लाग्दछ।

नीतिहरू जीवन्त दस्तावेज हुन्, समय सापेक्ष निरन्त पुनरावलोकन र परिमार्जनको आवश्यकता भइरहन्छ र गरिरहनु पर्छ। २०६८ पछिको २०७८ को दश वर्षे जनगणनाको प्रारम्भिक नतिजाले नेपाली समाजको संरचना, चलन र प्रवृत्तिमा निकै परिवर्तन भइरहेको जानकारी दिएको छ। त्यसले सिकारु (विद्यार्थी)को प्रवृत्तिमा पनि फरक पार्ने हुँदा स्वभावत शिक्षानीतिहरू पनि प्रभावित हुन्छन्। सूचना तथा सञ्चार प्रविधिले निकै फड्को मारेको छ। आश्चर्यजनक पुस्तान्तर देखिएको छ। यी यस्ता परिवर्तित सन्दर्भका तथ्य-तथ्याङ्क पनि शिक्षानीति पुनरावलोकनका आधार हुनेछ।

**सन्दर्भ सामग्री**

Burns, T. and F. Koster (2016) Governing Education in a complex World, Education Research and innovation, OCED Publishing, Paris

Chibber, V. (2013). Postcolonial Theory and the Specter of Capital, Verso, London and New York: Author.

Fukuyama, F. (2004), State Building, Governance and world in the Twenty First Century, New Dehli, Viva Books Private Limited

GoN (2017). Local Government Operation Act 2074 (2017). Government of Nepal. Kathmandu.

Government of Nepal, Ministry of Education (2009). School Education Reform Plan 2022/23-2031/32. Kathmandu: Author.

Knowledge Center of Advance Development (2017). Understanding human and institutional capacity development. Knowledge Center of Advance Development through Higher Education, retrieved on July

13, 2017, form http://www.aplu.org/projects-and-initiatives/international-programs/knowledge-center-for-advancing-development-through-higher-education/knowledge-center-library/understanding-hicd/file

Ministry of Human Resource Development Government of India (2019). Draft National Education Policy, 2019. Published by author, retrieved from website.

MOE (2016). School Sector Development Plan, 2016-2023. Kathmandu: Ministry of Education.

MoEST (2018). Free and Compulsory Education Act. Kathmandu: Ministry of Education Science and Technology Government of Nepal. Accessed January 2021 at: http://www.lawcommission.gov.np/en/archives/20734

MOEST (2019a). Sustainable Development Goal 4: Education 2030, Nepal National Framework. Kathmandu: MOEST.

MoEST (2019b). National Education Policy 2076. Kathmandu: Ministry of Education, Science and Technology.

Onta , P (2023), Higher Education in Nepal, The Kathmandu Post, Kathmandu.

The World Bank (1994). Higher Education: the lessons of experience, Washington DC: World Bank.

The World Bank (2000), Higher Educationin Developing Countries: Peril or Promise, Washington DC: The World Bank and UNESCO.

The World Bank (2002), Constructing Knowledge Societies: New Challenges for Tertiary Education. Washington, D.C.: World Bank.

The World Bank (2002), Nepal: Priorities and Strategies for Education Reform. South Asia: Human Development Division, World Bank.

UGC (2021), Education Management Information System, 2019/20, Bhaktapur: UGC>

Ziderman, Adrian and Douglas Albrecht. (1995). Financing Universities in Developing Countries (Washington, D.C.: Falmer Press.



**प्रा.डा. पुष्कर बज्राचार्य वरिष्ठ शिक्षाविद् एवम् राष्ट्रिय योजना आयोगका पूर्व सदस्य हुनुहुन्छ ।**

# माध्यमिक तहको शिक्षा: वर्तमान अवस्था र चुनौतीहरू

डा. तुलसीप्रसाद थपलिया

## १.पृष्ठभूमि

शिक्षा ऐन २०२८ (संशोधनसहित) मा दफा २ ले माध्यमिक शिक्षालाई परिभाषित गर्दै भनेको छः "माध्यमिक शिक्षा भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्दछ"। "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा भन्नाले माध्यमिक शिक्षाको अन्तमा हुने परीक्षा सम्झनु पर्दछ"।

यसका अतिरिक्त दफा ४ (ट) मा "माध्यमिक शिक्षाको कक्षा १० र माध्यमिक तहको अन्त्यमा हुने परीक्षा बोर्डबाट सञ्चालन हुनेछ" भनेर माध्यमिक तहमा दुईपटक सार्वजनिक परीक्षा हुने व्यवस्था गरेको छ र सोका निमित्त राष्ट्रिय परीक्षा बोर्डलाई जिम्मेवारी दिइएको छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूपले माध्यमिक शिक्षालाई कक्षा ९-१० (उमेर १३-१४ वर्ष) र कक्षा ११-१२ (उमेर १५-१६ वर्ष) गरी दुईओटा उपखण्डका रूपमा व्यवस्थापन गर्न खोजेको देखिन्छ।

वर्तमान अवस्थामा माध्यमिक शिक्षा केही सक्नेले मात्र पढने शिक्षाको श्रेणीबाट सबैको पहुँचमा र सबैको सहभागिता हुनुपर्ने शिक्षाका रूपमा हेर्न थालिएको छ र यस तहको शिक्षाको योजनाले सर्वव्यापी (universal) बनाउने उद्देश्य राख्न थालेको पाइन्छ। खासगरी श्रमबजारमा प्रविधिको प्रयोग धेरै बढेको छ। यसले गर्दा श्रम बजारमा योग्य हुनका निमित्त सामान्य लेखपढ गर्न सक्ने साक्षरता अपर्याप्त बन्न पुगेको छ र गुणस्तरीय माध्यमिक शिक्षा अपरिहार्य जस्तै बन्न पुगेको छ। श्रमबजारको कुरा मात्रै होइन सामाजिक, आर्थिक वा पेसा सम्बन्धी कुनै पनि सामान्य कामले जुन प्रकारको साक्षरता माग गर्न थालेको छ, त्यसले केही वर्षको प्राथमिक शिक्षालाई अपर्याप्त बनाएको छ। व्यक्तिका तहलाई छोडेर सामाजिक संस्थाहरूमा अर्थपूर्ण सहभागिता, समस्या समाधान क्षमता र समालोचनात्मक चेतसहितको व्यावहारिक सिप आर्जन गर्ने दृष्टिले समेत माध्यमिक शिक्षालाई नागरिक जीवनको तयारीका लागि आधारस्तम्भका रूपमा हेर्न थालिएको छ। यस प्रकार माध्यमिक शिक्षाप्रतिको चासो विगतमा भन्दा बढेको देख्न सकिन्छ।

## २. वर्तमान स्थिति

### क) विद्यालयको वितरण र भर्ना

यस खण्डमा माध्यमिक तह शिक्षाको अवसर कस्तो छ, कति विद्यालय र विद्यार्थीहरू छन्, र कुन प्रकारका विद्यालयमा के कति सङ्ख्यामा विद्यार्थीहरू छन् भनेर उल्लेख गरिएको छ।

**माध्यमिक विद्यालय र विद्यार्थी सङ्ख्या**

| | कूल | सामुदायिक | संस्थागत | धार्मिक |
|---|---|---|---|---|
| माध्यमिक कक्षा ९-१० | ६८७५<br>विद्यार्थी-१०७९,३५२<br>छात्रा ५३३,०५५ | ३६७५<br>विद्यार्थी-८३३,४७२<br>छात्रा ४२९,७०० | ३२००<br>विद्यार्थी-२४५,८८०<br>छात्रा १०३,३५५ | ३६<br>विद्यार्थी-२,०२६<br>छात्रा ९४९ |
| माध्यमिक कक्षा ११-१२ | ४४१०<br>विद्यार्थी-६९०,८०२<br>छात्रा ३५७,२९८ | ३५०३<br>विद्यार्थी-५४५,३६६<br>छात्रा २९२,२८३ | ९०७<br>विद्यार्थी-१४५,४३६<br>छात्रा ६४,०१५ | २०<br>विद्यार्थी-७००<br>छात्रा २६५ |
| माध्यमिक कक्षा ९-१२ | ११२८५<br>विद्यार्थी-१७७०,१५४<br>छात्रा ८९०,३५३ | ७१७८<br>विद्यार्थी-१३७८,८३८<br>छात्रा ७२२,९८३ | ४१०७<br>विद्यार्थी-३९१,३१६<br>छात्रा १६७,३७० | ५६<br>विद्यार्थी-२,७२६<br>छात्रा १,२१४ |

**शिक्षक विवरण**

| माध्यमिक | माध्यमिक (कक्षा ९–१०) | माध्यमिक (कक्षा ११–१२) | माध्यमिक (कक्षा ९–१२) |
|---|---|---|---|
| कूल स्वीकृत दरबन्दी (राहतसमेत समावेस) | २१,४९२ | ६,८०४ | २८,२९६ |
| स्वीकृत दरबन्दी (स्थायी) | १३,००७ | | १३,००७ |
| स्वीकृत दरबन्दी (अस्थायी) | १,७२७ | २,००० | ३,७२७ |
| राहत | ६,७५८ | ४,८०४ | ११,५६२ |

**ख) पहुँच र समताको स्थिति**

उमेर समूहको जनसङ्ख्याको कति हिस्सा माध्यमिक शिक्षामा भर्ना भएका छन् र तोकिएको उमेर समूहका विद्यार्थीको अवस्था कस्तो छ ? कूल भर्ना कूल भर्नामा छात्राको अवस्था कस्तो छ ? सहभागिताका दृष्टिले लैङ्गिक समानताको अवस्था कस्तो छ ? जातिगत दृष्टिले पहुँच र सहभागितामा समानताको अवस्था के छ ?

| | माध्यमिक (कक्षा ९–१०) | माध्यमिक (कक्षा ११–१२) | माध्यमिक (कक्षा ९–१२) |
|---|---|---|---|
| कूल भर्ना दर (GER) | ९७.८५ | ६२.८ | ८०.३ |
| खुद भर्ना दर (NER) | ७६.०५ | ३५.८ | ५६ |
| कूल विद्यार्थीमा छात्राको हिस्सा | ४९.३% | ५१.७% | ५०.३% |
| लैङ्गिक समता सूचक | १.०१ | १.०१ | १.०१ |
| दलित विद्यार्थीको हिस्सा | १३.४% | १०.४% | १२.२% |
| जनजाति विद्यार्थीको हिस्सा | ३६.१% | ३४.८% | ३५.६% |

माथिको तालिकालाई अध्ययन गर्दा खासगरी पहुँच वा सहभागिताको मुद्दाका दृष्टिले यी बुँदाहरूले ध्यान तान्दछन्

- कक्षा ९-१० सम्म कूल भर्ना दरमा निकै राम्रो उपलब्धि हासिल गरेको देखिन्छ। यसले त्यो तहसम्म शिक्षाको अवसरको विस्तार राम्रो भएको सङ्केत गर्दछ। तर त्यसपछि एकैचोटि ठुलो गिरावट (९८ प्रतिशत जतिबाट झरेर ६३ प्रतिशतमा) आएको देखिँदा साविकको उच्च माध्यमिक शिक्षाको पहुँचमा केही समस्या भएको सङ्केत गर्दछ। त्यस्तो शिक्षाको अवसरमा कमी भएर वा त्यसपछि शिक्षा छाडेर श्रमबजारमा प्रवेश गर्ने चाहनाले हो भन्ने यकिन हुन नसके पनि भर्ना दरको यो ठुलो गिरावट थप अध्ययनको विषय बन्नुपर्ने देखिन्छ। स्वयं भर्ना दरमा पनि सोही प्रवृत्ति देखिन्छ- कक्षा १० बाट ११-१२ को तहमा पुग्दा ७६ प्रतिशतको यो दर स्वाट्टै घटेर ३६ भन्दा कम हुन पुगेको छ।
- माध्यमिक शिक्षामा लैङ्गिक भर्नाका दृष्टिले समताको उद्देश्य हासिल भएको देखिन्छ, जुन हाम्रो जस्तो मुलुकका निमित्त आफैंमा सन्तोषको विषय हो। तर मधेश प्रदेशमा निम्न माध्यमिक तथा माध्यमिक तहमा यो सूचकको अङ्क ०.९ भन्दा कम छ। त्यसैगरी कर्णाली र सुदूरपश्चिममा उच्च माध्यमिक तहमा यो सूचकको अङ्क ०.९ भन्दा कम छ। गरिबीमा रहेका परिवारका छात्रा, वा अपाङ्गता भएका नानीहरूको शिक्षास्थितिबारे यकिन साथ भन्न कठिन छ। त्यसैले खण्डिकृत तथ्याङ्कको विश्लेषणबाट मात्र धेरै कुरा उजागर हुनसक्ने देखिन्छ। अर्कोतिर कक्षा छोड्ने वा दोहोऱ्याउने दर छात्राको तुलनामा छात्रहरूको उच्च छ र केटाहरूको कक्षामा अनुपस्थिति दरसमेत धेरै छ।
- माथिल्लो कक्षामा दलित विद्यार्थीको हिस्सा घटनुले पनि उनीहरूलाई टिकाउन शिक्षा प्रणालीले गरेका प्रयत्न पर्याप्त नभएको सङ्केत गरेका छन्।
- सन् २०१९ मा केन्द्रीय तथ्याङ्क विभागले गरेको घरधुरी सर्वेक्षणले माध्यमिक शिक्षामा विद्यार्थीको भर्ना र सहभागितामा घरको आर्थिक अवस्थाले धेरै प्रभाव पार्ने देखाएको छ। कमजोर आर्थिक स्थिति हुने अर्थात्, पुछारका २० प्रतिशत जनसङ्ख्यामा कूल भर्नाको दर ५८% र माथिल्लो २०% समूहका निमित्त यो दर ९८.५% सम्म पुगेको छ र ठुलो अन्तर छ।
- संयुक्त राष्ट्र विकास कार्यक्रमको लैङ्गिक असमानता सूचकमा नेपालले निरन्तर सुधार गरेको छ र सन् २००० मा ०।६७ को अवस्थाबाट सुधार गरेर सन् २०१८ मा पुग्दा ०.४८ मा झारेको छ, जुन दक्षिण एसियाको औसत स्कोर (०.५२) तथा मध्यम मानव विकास अवस्थाका मुलुकको औसत (०.५०) भन्दा राम्रो हो। (ESA 2022, UNDP 2020 बाट साभार)

**ग) पाठ्यक्रमको अवस्था (नेपाली भाषा, संस्कृति, इतिहास र भूगोलको अवस्था; प्राविधिक धारको व्यवस्था)**

- पाठ्यक्रम विकासका सैद्धान्तिक आधारहरूः सक्षमतामा आधारित पाठ्यक्रम विकास, जसअनुसार शिक्षाप्राप्तिलाई विद्यार्थीले के कस्ता कार्यहरू गर्न सक्षम हुने भन्ने व्यावहारिक पक्षसँग आबद्ध गर्ने प्रयास; समावेशी सिद्धान्त; जीवनोपयोगी तथा व्यवहार कुशल सिपको समायोजन तथा सिकाइका

प्रमुख क्षेत्रहरूको व्यवस्थापन; लचिलोपना र विविधतालाई सम्बोधन गर्ने; नेपाली मूल्य र मान्यता तथा पूर्वीय ज्ञानमा आधारित पाठ्यक्रम विकास गरिनु ।

- कक्षा नौ देखि कक्षा १२ सम्म एकलपथीय पाठ्यक्रम ढाँचा अवलम्बन गरेको छ। कक्षा १० मा प्रदेश तथा कक्षा १२ मा संघबाट परीक्षा सञ्चालन तथा प्रमाणीकरण गर्ने व्यवस्था हुनु ।
- माध्यमिक तहका निमित्त निर्धारित सक्षमताहरूमा व्यक्तिमा भाषिक र गणितीय सिप विकासदेखि लिएर समस्या समाधान, सिर्जनशीलता जस्ता सिपहरू, नागरिकताको विकासदेखि लिएर श्रमप्रति सम्मानका साथै पेसागत ज्ञान र सिपमार्फत् व्यावसायिक जीवनको तयारीका विषय र उच्च शिक्षा अध्ययनको निमित्त आधार विकास जस्ता विषयहरू समेटिएका छन् ।
- आधारभूत तहसम्म सबै विद्यार्थीले एउटै केन्द्रीय पाठ्यक्रम (CORE CURRICULUM) को अनुभव हासिल गर्ने अवस्था रहन्छ भने माध्यमिक तहदेखि पाठ्यक्रममा केही विविधिकरण हुन सुरु हुन्छ। चाहे त्यो साधारण र व्यावसायिक शिक्षा जस्ता फरक पद्धति हुन् वा साधारण, प्राविधिक, र संस्कृत जस्ता विषयगत धारको कुरा होस्, वा इच्छाधिन विषयमार्फत् छनौट दिने कुरा होस्, यी सबै रणनीतिमार्फत् कुनै प्रकारको विशिष्टीकरणको आधार तयार गर्ने र अर्कोतिर सबैले पढ्ने साझा पाठ्यक्रमको अंश घटाउने हुन्छ। माध्यमिक तहसम्म अनिवार्य शिक्षाका रूपमा लागू गर्ने मुलुकहरूका भनाइ हेर्ने हो भने १० वर्ष शिक्षा लिएका व्यक्ति श्रम बजारमा प्रवेश गर्न तयार भएका हुन्नन्, र उनीहरू सबैले साझा रूपमा पढने पाठ्यक्रमलाई प्रवर्द्धन गर्नुपर्छ, विविधिकरण गर्न अझै केही समय कुर्नु पर्छ ।
- माध्यमिक शिक्षाले नागरिकताको विकासलाई प्रवर्द्धन गर्दछ र गर्न'पर्दछ। यसका निमित्त सामाजिक अध्ययन, भाषा, जस्ता विषयका अतिरिक्त विद्यालयमा अवलम्बन गरिने प्रजातान्त्रिक अभ्यास तथा सञ्चालन गरिने अनेक प्रकारका कार्यक्रमहरूले सो उद्देश्यलाई टेवा दिने मानिन्छ। नेपालका सन्दर्भमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भए यता माध्यमिक शिक्षाको पाठ्यक्रममा देशको आफ्नो भूगोल, इतिहास र संस्कृतिको अध्ययनलाई अनिवार्य विषयका रूपमा सामाजिक शिक्षा/अध्ययन विषयअन्तर्गत समावेश गर्रिंदै आएको छ।
- नेपालको माध्यमिक तहको शिक्षामा प्राविधिक धारको व्यवस्था गरेर श्रमबजारको आवश्यकतासँग मिलान गर्न खोजेको देखिन्छ। यसका साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मार्फत् विभिन्न छोटा अवधिका तालिमका अलावा डिप्लोमा र प्रि-डिप्लोमा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसरी सञ्चालनमा रहेका कार्यक्रममा भर्नाको अवस्था तलको तालिकामा देखाइएको छ।

| | प्राविधिक धार (शि तथा मास्रोविके) | डिप्लोमा (प्राशिव्याताप) | प्रि–डिप्लोमा (प्राशिव्याताप) | कूल |
|---|---|---|---|---|
| विद्यालय / संस्था | ४८५ | ५५८ | ५४८ | १,५९१ |
| भर्ना क्षमता | २३,२८० | ४६,०२४ | ३८,१०७ | १०७,४४१ |
| यथार्थ भर्ना | १६,१४८ | २८,३५७ | १०,३६६ | ५४,८७१ |
| क्षमताको तुलनामा यथार्थ भर्ना % | २९ | ५२ | १९ | ५१ |

*(स्रोतः शिक्षा, विज्ञान तथा प्राविधिक मन्त्रालय, २०७९, TVET Sector Strategy Plan)*

- यस तालिकाले केही महत्वपूर्ण तथ्यहरूलाई उजागर गरेको छ । प्राविधिक र व्यावसायिक शिक्षाका लामो कोर्सहरूमा मात्र वर्षमा एक लाख सात हजारभन्दा धेरैलाई भर्ना गर्ने क्षमता छ। तर भर्नाको अवस्था भने आशा जगाउने खालको छैन। कूल क्षमताको आधा आधी मात्र खपत भएको छ। अझ प्रि डिप्लोमा कार्यक्रममा १९ प्रतिशत मात्र कोटा खपत भएको स्थिति छ। यसले अकुशलताको डरलाग्दो चित्र मात्र देखाएको छैन, कार्यक्रमको सान्दर्भिकतामा, भौगोलिक वितरणमा, श्रमबजारको मागको बारेमा जानकारी दिने सवालमा गम्भीर समस्या रहेको देखाएको छ।
- अर्कोतिर, नेपालमा श्रम शक्ति सहभागिता पुरुष र महिलाका निमित्त क्रमशः ५३.८% र २६.३% छ र श्रमबजारमा ठुलो लैङ्गिक असमानता रहेको देखिएको छ। समग्रमा बेरोजगारीको दर पुरुष र महिलामा १० र १३ प्रतिशत भन्दा बढी छ। तर, १५-२४ उमेर समूहका निमित्त बेरोजगारी दर क्रमशः १९.७ र २३.९ प्रतिशत छ। अर्थात, समग्र बेरोजगारी दरको तुलनामा युवा बेरोजगारी झण्डै दोब्बर छ। यसको सोझो सम्बन्ध सिप आर्जन र खासगरी प्राविधिक शिक्षा र व्यावसायिक तालिमसँग हुनसक्ने देखिन्छ।
- रोजगारीका निमित्त विदेश जानेको सङ्ख्या ठुलो छ (२८ लाखभन्दा धेरै) । तर ती मध्ये अधिकांश पुरुष छन (९५%); ३५ वर्ष मुनिका युवाको हिस्सा ठुलो छ (६६%); अधिकांश माध्यमिक शिक्षा तह पूरा नगरी विदेशिने गरेको देखिएको छ (८५%) । त्यतिमात्र होइन अधिकांश (८६।४%) रोजगारीको विषयसँग सम्बन्धित विषयगत तालिमविना नै विदेश जाने गरेको देखिएको छ। (स्रोतः शिक्षा, विज्ञान तथा प्राविधिक मन्त्रालय, २०७९, *TVET Sector Strategy Plan*)

**घ) शिक्षक व्यवस्थापन र प्रधानाध्यापकको व्यवस्था**

शिक्षक व्यवस्थापनअन्तर्गत शिक्षक सेवाको गठन, योग्यताको नियमन, भर्ना-छनौट, पदोन्नति तथा सरुवा जस्ता विषयहरू अट्दछन्।

- नेपालका सामुदायिक विद्यालयमा साविकको माध्यमिक विद्यालय तह (कक्षा ९-१०) मा पढाउने

शिक्षकहरूको दरबन्दी निश्चित गरिएको छ, सो स्वीकृत दरबन्दी रिक्त भएका अवस्थामा शिक्षक सेवा आयोगमार्फत् प्रदेशगत विज्ञापन गरी पदपूर्ति गर्ने व्यवस्था गरिएको छ । तर कक्षा ११-१२ मा पढाउने शिक्षकहरूको भने यसप्रकारको दरबन्दी स्वीकृत तथा स्थायी पदपूर्ति गर्ने गरिएको छैन र हालसम्म (झण्डै ३० वर्ष हुँदा) पनि अस्थायी तथा राहत वा निजी स्रोतको शिक्षकमार्फत अध्यापन कार्य हुँदै आएको छ । कक्षा ९-१२ लाई एकीकृत गरेर माध्यमिक शिक्षाको गठन हुँदा पनि शिक्षक सेवाको भने एकीकरण हुन सकेको छैन । माध्यमिक तहमा रहेका कूल शिक्षकको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**सामुदायिक विद्यालयमा रहेका शिक्षकको विवरण, २०७८**

| प्रकार | कक्षा ९-१० | कक्षा ११-१२ | कक्षा ९-१२ |
|---|---|---|---|
| स्थायी | ११,७३४ | - | ११,७३४ |
| अस्थायी | १,०४२ | १,९१८ | २,९६० |
| राहत | ६,७४४ | ३,९४१ | १०,६८५ |
| निजी स्रोत | ३,३०० | १०५७ | ४,३५७ |

*(स्रोतः फ्ल्यास रिपोर्ट, २०७८)*

- यस विवरणले विषयगत शिक्षकको प्राप्यता के छ भन्ने दर्साउँदैन । सामान्य जानकारीका आधारमा भन्दा दुर्गम र कम सुविधा भएका क्षेत्रमा शिक्षक आपूर्तिमा केही चुनौतीहरू छन्, खासगरी गणित र विज्ञान जस्ता विषयहरूमा । निम्न माध्यमिक र माध्यमिक तहमा समग्रमा नै शिक्षकको आपूर्ति अपर्याप्त छ, ४० हजार सम्म शिक्षक अपर्याप्त भन्ने प्रतिवेदनहरू आएका छन् । साथै, एउटा विषयको दरबन्दीलाई अर्कै विषयको शिक्षक भर्ना गर्न उपयोग गर्ने गरिएका कारणले विषयगत शिक्षक आपूर्तिमा चुनौति थपिएका उदाहरणहरू पनि छन् । पालिकागत रूपमा आवश्यक न्यूनतम विषयगत शिक्षकको दरबन्दी निर्धारण गर्ने र कडाइका साथ पालना गर्ने कार्य प्राथमिकताको विषय हुनुपर्छ । न्यूनतम पूर्वाधारमा पर्ने शिक्षक आपूर्तिको विषयलाई सुनिश्चित गर्न नसक्दा विद्यालयले अनेकतिरबाट स्रोत खोजेर निजी स्रोतमा शिक्षक भर्ना गर्नुपर्ने अवस्था एकातिर छ भने निजी प्रकृतिका विद्यालयको सङ्ख्या बढेका सहरी क्षेत्रमा विद्यार्थी कम हुँदा पनि बढी सङ्ख्यामा शिक्षक राखिराख्ने कुराले शिक्षक व्यवस्थापनमा अनेक प्रकारका चुनौती रहेको देखाउँछ ।
- अध्यापन अनुमतिपत्र परीक्षा होस् कि छनौट परीक्षा होस, कतिपय क्षेत्रमा आवश्यक न्यूनतम सङ्ख्यामा उम्मेदवार सफल नहुने अवस्थाले शिक्षक तयारीदेखि छनौट प्रक्रियासम्ममा एकपटक राम्रोसँग पुनरावलोकन गर्नुपर्ने देखाएको छ ।

**ङ) गुणस्तरको अवस्था**

नतिजाको प्रवृत्ति (प्रतिशतमा आधारित एसएलसी परीक्षाको नतिजा : इ.सं १९३२-२०१७०)




*(स्रोतः रापवोर्डको प्रस्तुति, २०७९)*

**एस.इ.इ. परीक्षा (कक्षा १०) मा अक्षराङ्कन पद्धति सुरु भए यताको नतिजाको प्रवृत्ति**

| | 2072 | 2073 | 2074 | 2075 | 2078 |
|---|---|---|---|---|---|
| जिपिए अन्तराल | % | % | % | % | % |
| 0.00-0.80 | 0.00 | 0.00 | 0.00 | 0.00 | 4.57 |
| 0.81-1.20 | 2.72 | 2.55 | 0.65 | 0.98 | 0.66 |
| 1.21-1.60 | 14.84 | 14.58 | 7.97 | 9.73 | 8.99 |
| 1.61-2.00 | 24.54 | 24.49 | 24.21 | 21.14 | 20.29 |
| 2.01-2.40 | 20.88 | 20.61 | 20.43 | 21.78 | 22.74 |
| 2.41-2.80 | 13.93 | 13.99 | 17.30 | 16.98 | 18.31 |
| 2.81-3.20 | 11.00 | 11.43 | 13.26 | 14.14 | 14.10 |
| 3.21-3.60 | 9.28 | 9.58 | 11.06 | 11.34 | 8.40 |
| 3.61-4.00 | 2.82 | 2.77 | 5.11 | 3.90 | 1.94 |
| जम्मा | 100.00 | 100.00 | 100.00 | 100.00 | 100.00 |

*(स्रोतः रापवोर्डको प्रस्तुति, २०७९)*

**कक्षा ११ र १२ मा उत्तीर्ण दरमा देखिएको प्रवृत्ति, (२०६०-२०७५)**




**माध्यमिक तह उत्तीर्ण परीक्षा (SLCE), २०७९**

| GPA अन्तराल | परीक्षार्थी संख्या | प्रतिशत |
|---|---|---|
| NG | 188410 | 51.90 |
| 1.61-2.00 | 35 | 0.01 |
| 2.01-2.40 | 10900 | 3.00 |
| 2.41-2.80 | 64093 | 17.66 |
| 2.81-3.20 | 65284 | 17.98 |
| 3.21-3.60 | 30107 | 8.29 |
| 3.61-4.00 | 4179 | 1.15 |
| Total | 363008 | 100.00 |




**च) प्रशासकीय प्रबन्ध (स्थानीय तहको अधिकार र सो को कार्यान्वयन, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक)**

विद्यालय तहको शिक्षाको व्यवस्थापनको जिम्मेवारी संवैधानिक रूपमा स्थानीय तहमा गएपछि पुरानो शासकीय प्रबन्धमा केही फरक पर्ने स्थिति छ। संघीयता कार्यान्वयनको नयाँ सन्दर्भमा विद्यालय स्थापनादेखि शिक्षक व्यवस्थापन, लगानी व्यवस्थापन, उत्तरदायित्वको संयन्त्र लगायतका विषयमा केही अस्पष्टताहरू देखिएका छन् र संघीय शिक्षा ऐन जारी हुन भएको ढिलाइले संक्रमणकालमा देखिने अस्पष्टता झन् बढेको अनुभव गरिइएको छ। खासगरी तीन तहको अधिकार र जिम्मेवारीको स्पष्ट व्यवस्था, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको भूमिकालाई स्पष्ट रूपमा परिभाषित गरिनुपर्ने अवस्था छ।

**डा. तुलसी थपलिया शिक्षा मन्त्रालयका पूर्व सह-सचिव हुनुहुन्छ।**

# आधारभूत तहको शिक्षाः वर्तमान अवस्था र रूपान्तरण सम्भावना

जयराम अधिकारी, देवीराम आचार्य

शिक्षासम्बद्ध हामी सबैका कार्यहरूको केन्द्र बाल बालिकाको सिकाइ नै हो । यसका लागि पाठ्यक्रम कार्यान्वयन मूल मार्ग हो । यसका लागि प्रशासन, व्यवस्थापन गर्ने हो । आधारभूत तह (कक्षा १-८)को शिक्षासम्बद्ध पाठ्यक्रम, पहुँच, गुणस्तर, सम्बद्ध कर्तालगायतका विषय यस छलफल पत्रमा समेटिएका छन् । यस पत्र छलफलमा आएका र नआएका विषयमा थप छलफल सुरुवात गराउने माध्यम हो भन्ने विश्वास लिएका छौँ । कार्यपत्रको आकार र प्रस्तुतिको समयावधिका दृष्टिले विषयलाई सङ्क्षेपमा समेटिएको छ ।

**लेखकीय अपेक्षा**ः छलफलका लागि विषय उठान गर्ने कार्यका रूपमा, सहभागीहरूको अनुभव सुन्ने र  आपसी अनुभवको कार्यक्षेत्रमा उपयोग हुने मनसायमा छलफल पत्र तयार पारिएको छ ।

**विषय प्रवेश**

नेपालको संविधानको धारा ३१ मा आधारभूत तहको शिक्षामा पहुँचको हक हुने र  यो तहको शिक्षा अनिवार्य र निःशुल्क हुने उल्लेख छ । शिक्षा ऐन २०२८ ले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई आधारभूत शिक्षाको रूपमा उल्लेख गरेको छ ।

संविधानका साथै शिक्षा ऐन २०२८, नियमावली २०५९, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, नियमावली २०७७ आदि मूलभूत कानूनी प्रावधान छन् । राष्ट्रिय शिक्षानीति २०७६, शिक्षाको सोचपत्र २०७९, विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, आधारभूत तहका विभिन्न उपतहगत पाठ्यक्रमहरू, पन्ध्रौँ योजना(२०७६/७७ २०८०/८१), विद्यालय शिक्षाको क्षेत्रगत योजना (२०२२/२३-२०३१/३२) आदि नीति योजना लगायत विभिन्न निर्देशिका र मापदण्डहरू आधारभूत शिक्षाका सन्दर्भमा सम्बद्ध छन् । आधारभूत शिक्षामा विभिन्न कार्यक्रमहरू, प्रोत्साहनहरू (दिवा खाजा, खोप, पोषण, छात्रवृत्ति, पुस्तक)को व्यवस्था छ । शिक्षा मन्त्रालयदेखि विद्यालय तहसम्म, तीन तहका सरकारका विभिन्न संयन्त्र, जनशक्ति व्यवस्था छ । विश्वविद्यालयहरू जनशक्ति उत्पादनमा सक्रिय छन् । सरकारका तीन वटै तह, समुदायतहबाट समेत शिक्षाको वित्तीय प्रबन्ध मिलाइएको छ ।

प्रारम्भिक बालशिक्षाको रूपमा निजी क्षेत्रमा सञ्चालित मन्टेश्वरी र पूर्वप्राथमिक(१ वर्षभन्दा बढी) सञ्चालित छन् भने सामुदायिक विद्यालयहरूमा १ वर्षे (समुदायमा समेत) प्रारम्भिक बालशिक्षा कार्यक्रम सञ्चालित छ । सबै बालबालिकाको पहुँच, केन्द्रमा हुने क्रियाकलापको गुणस्तरका विषयहरू

छलफलका विषय हुन् । ठुलो सङ्ख्यामा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूमा न्यूनतम मापदण्ड पूरा भएको छैन । प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्ष उमेर समूहका बालबालिकाको भर्नादर ८९.२ रहेको छ । समतामूलक पहुँच र सहभागिता पुग्न सकेको छैन । बालविकासको भर्ना दरमा असमानताहरू रहेका छन् । प्रदेश २ मा बाबिके अनुभवसहित कक्षा १ को भर्नादर ६७ मात्र रहेको छ भने कर्णालीको ७१ रहेको छ । यसमा पनि छात्राको भर्ना दर कम छ र त्यसमध्ये गरिब, आर्थिक विपन्न तथा अन्य कमजोर समूहको भर्नादर निकै नै कम रहेको छ । अपाङ्गता भएका बालबालिकाको सहभागिता अत्यन्त न्यून छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रारम्भिक बालविकास र सिकाइस्तरको अध्ययन(२०) अनुसार तोकिएको उमेर समूहभन्दा बढी उमेरका बालबालिकाहरू बालविकास केन्द्रमा भर्ना भएका छन् र केन्द्रमा उमेर सुहाउँदो विभिन्न क्रियाकलापभन्दा पठनपाठन र परीक्षामा जोड दिएको अवस्था छ ।

**तालिका** १ : बालविकासमा भर्नाको प्रदेशगत अवस्था :

| | जम्मा बाविके (सामुदायकि, संस्थागत, धार्मिक समेत) | निजी | भर्ना दर (GER) | बाविकेको अनुभवसहित कक्षा १ मा भर्ना भएका |
|---|---|---|---|---|
| प्रदेश १ | ७२९७ | १३०७ | ८८ | ७७।७ |
| मधेश | ५१३९ | ७६४ | ६८ | ६७।३ |
| बागमती | ६५२४ | १६०२ | ९६ | ७६।४ |
| गण्डकी | ३९१० | ५३७ | १०३ | ८०।१ |
| लुम्बिनी | ६४०८ | १०९८ | ९९ | ७३।१ |
| कर्णाली | २८३२ | १७५ | ९१ | ७१।९ |
| सुदुरपश्चिम | ४३८८ | ५६५ | ८९ | ७७।६ |
| जम्मा | ३६९४८ | ६०४८ | ८९।७ | ७४।९ |

स्रोत : शिमास्रोविके, Flash I, २०२१।२२ स्रोत : शिमास्रोविके, Flash I, २०२१।२२

कक्षा १ देखि ५ सम्मको पहुँचमा (खुद भर्नादर ९६।९) सुधार भए पनि गुणस्तरमा समस्या छ । कक्षा ३ का १९ प्रतिशत बालबालिकाले मात्र नेपालीका सामान्य शब्दहरू शुद्धसँग पढ्न सक्छन् (शैगुपके, २०२१) । शैक्षिक सत्र २०७६ बाट लागू भएको एकीकृत पाठ्यक्रमको कार्यान्वय अपेक्षित प्रभावकारी बनाउने चुनौती छ । साना कक्षामा विद्यार्थी सङ्ख्या ज्यादै कम छ भने विद्यालयहरूमा न्यूनतम पूर्वाधार र सुरक्षित सिकाइ वातावरण सिर्जना हुन सकेको छैन (CEHRD, Flash 2022) ।

विद्यालयमा पर्याप्त लगानीको अभाव छ भनिन्छ । बहुकक्षा शिक्षणको अभ्यास नहुँदा विद्यार्थी सङ्ख्याअनुसार नभएर सञ्चालित कक्षाअनुसारको शिक्षक व्यवस्थापन गनुपर्ने अवस्थामा शिक्षक व्यवस्थापनसमेत चुनौतीपूर्ण भएको छ ।

कक्षा ८ को अन्तिम परीक्षाको सञ्चालन र व्यवस्थापन स्थानीय निकायहरूले गरिरहेका छन् । यसमा फरक फरक अभ्यासहरू देखिएका छन् । केही पालिकाले सबै जिम्मेवारी विद्यालयलाई दिएका छन्,

केही पालिकाले प्रश्नपत्रमात्र उपलब्ध गराउँछन्, केही पालिकाले नतिजा प्रकाशन मात्र विद्यालयलाई दिन्छन् भने केही पालिकाले कक्षा १०, १२ को जस्तै गरी परीक्षा सञ्चालन गरेका छन् , यद्यपि अन्तिम नतिजा प्रकाशनमा भने कृपाङ्क र पुन परीक्षाका अभ्यास गरिएका छन्। कृपाङ्कको व्यवस्था गरी विद्यार्थी उत्तीर्ण गर्ने अभ्यासले परीक्षाको औचित्यमा प्रश्न उठेको छ (आचार्य, २०७६) । आधारभूत तह खास गरी साना कक्षाको सिकाइ कमजोर छ र समग्रमा साना कक्षाहरू उपेक्षामा छन् (आचार्य, २०७९)।

आधारभूत तहका विद्यालयहरूको वितरण (नजिकै स्थापना गरिएको, घट्दो जन्मदर र बसाइ सराइले विद्यालयको भर्नादरसमेत घटिरहेको) मिलाउनुपर्ने देखिन्छ । पहाडी तथा हिमाली क्षेत्रमा कक्षागत विद्यार्थी अनुपात न्यून रहेको छ। यस्तो अवस्थामा विद्यालय सञ्चालनको ढाँचामा नै विचार गर्नुपर्ने देखिन्छ। देशभरका जम्मा विद्यालयमध्ये २० प्रतिशत विद्यालयमा मात्र इन्टरनेट सुविधा उपलब्ध छ, २७ प्रतिशत विद्यालयमा पुस्तकालय छ। आधारभूत विद्यालयमा यस्तो सुविधाको उपलब्धता अझ कमजोर छ भनिन्छ। शिक्षकको उपलब्धता र बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक अन्य पूर्वाधारको अवस्था कमजोर नै छ।

**छलफलका क्षेत्र**

**पाठ्यक्रम**

पाठ्यक्रम शिक्षाको मूलमार्ग हो । आधारभूत तहको पाठ्यक्रमको खाका, आवधिक परिवर्तन, पाठ्यक्रम कार्यान्वयन, स्थानीय पाठ्यक्रम कार्यान्वयनका विषयहरू छलफलमा समावेश गरिएको छ।

**आधारभूत तहको पाठ्यक्रम संरचना**

आधारभूत तहको पाठ्यक्रम संरचना तालिका १ मा देखाइएको छ। यसको उन्मुखता, विशेषता र पाठ्यक्रमिक अपेक्षा फरक देखिन्छन्। कार्यान्वयनमा यी पक्ष महत्वपूर्ण बन्दछन्।

**तालिका १ : आधारभूत तहको पाठ्यक्रम संरचना**

| तह/संरचना | विशेषता वा उन्मुखता | पाठ्य घण्टा वा का घ | विषय / सिकाइ क्षेत्र |
|---|---|---|---|
| पूर्व प्राथमिक तथा बालविकास केन्द्र | क्रियाकलापमुखी | (५७६) | आधारभूत र विषयगत सिप सिकाइ |
| आधारभूत तह (कक्षा १ देखि ३) | एकीकृत पाठ्यक्रम | २६(८३२) | भाषा, गणित, विज्ञान, स्वास्थ्य, सामाजिक अध्ययन |
| आधारभूत तह (कक्षा ४ देखि ५) | | ३२(१०२४) | भाषा, गणित, विज्ञान प्रविधि, सामाजिक अध्ययन |
| आधारभूत तह (कक्षा ६ देखि ८) | सक्षमतामा आधारित | ३२(१०२४) | भाषा, गणित, विज्ञान प्रविधि, सामाजिक अध्ययन |

टिपोट. पाठ्यक्रम विकास केन्द्र, विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बाट लिइएको।

**पाठ्यक्रम कार्यान्वयन**

- नयाँ पाठ्यक्रम कार्यान्वयनसँगै विद्यालय तहमा तयारी, शिक्षक तयारीमा काम हुनुपर्छ। पाठ्यक्रम परिवर्तनलाई परिवर्तन व्यवस्थापनका रूपमा लिइनुपर्छ । यस क्रममा समग्र क्षेत्र समेटिनुपर्छ ।
- शैक्षिक सत्र २०७६ बाट विषयक्षेत्र (थिम)मा आधारित एकीकृत पाठ्यक्रम लागु गरिएको छ । शिक्षक क्षमता विकास र एकीकृत पाठयक्रमको अवधारणा प्रस्ट पारी यसको कार्यान्वयन गरिनुपर्छ (एकीकरणको तहलाई ध्यान दिई कार्यान्वयन, विषयगत,बहुविषयगत, अन्तरविषयगत, विषयहीन),
- पाठ्यक्रम कार्यान्वयनलाई शिक्षकको पेसागत क्षमता विकास, कार्यस्थलमा आधारित पेसागत सहयोग प्रणाली तथा विश्वविद्यालयको शिक्षक तयारीसँग आबद्ध गराउने । विद्यालय परिवेशमा पाठ्यक्रम कार्यान्वयन र सहायता प्रबन्धलाई कार्यमूलक बनाउने,
- पाठ्यक्रम, शिक्षण सिकाइ क्रियाकलाप, मापन पद्धतिको सङ्गत कायम गरी समग्रमा हेरिनुपर्छ ।
- आवधिक पाठ्यक्रम परिवर्तन समय तालिकालाई शिक्षक तयारी, विकास र कार्यान्वयन रूपान्तरणको अवसरका रूपमा हेरी अभ्यासमा ल्याइनुपर्छ ।
- पाठ्यक्रमको व्यापक अर्थ (Glatthorn et al., 2019) ग्रहण गरी कार्यान्वयनमा सुदृढीकरण गर्ने
- स्थानीय पाठ्यक्रमसम्बन्धी प्रावधानको कार्यान्वयन गर्ने । यसको अभ्यास बढ्दो छ । स्थानीय विषय/मातृभाषाको वैकल्पिक व्यवस्था र कम्प्युटर विषयसमेत राखिएको अवस्था छ ।
- शिक्षाको माध्यम भाषाः संविधानका प्रावधान, भाषिक अधिकारका विषय, प्राज्ञिक पक्ष, बजारको माग, समुदायको रुचि र हाम्रा अभ्यासमा विरोधाभाष देखिन्छ । मातृभाषा, नेपाली र अङ्ग्रेजी भाषालाई माध्यम भाषामा तोकिएको छ। मातृभाषामा शिक्षाको अवस्था अपेक्षित रूपमा देखिन्न । भाषाहरूलाई एकसाथ लैजाने सहज तरिका अपनाउनु जरूरी देखिन्छ ।
- सूचना प्रविधिमा आधारित शिक्षण विधिको खोजी र विषयका रूपमा कम्प्युटरको पठनपाठन । आधारभूत तहको कक्षा ६ देखि ८ सम्म पाठ्यक्रमले मातृभाषा/स्थानीय विषयको विकल्पमा कम्प्युटर पढाउने व्यवस्था गरेको छ । विद्यालयहरूले कम्प्युटर पढाउन चाहेका छन् र पढाइ पनि रहेका छन् । कोभिड-१९ पश्चात् विद्यार्थी सिकाइमा शिक्षा तथा मानवस्रोत विकास केन्द्र (CEHRD) को प्रविधि प्रयोग अनुभव (हेर्नुहोस्, httpsM//learning.cehrd.edu.np/home) का आधारमा पाठ्यक्रम प्रक्रियामा नवीनतम प्रविधिको एकीकरणलाई थप कसरी बढाउन सकिएला ?
- उपयुक्त शिक्षण विधिको खोजी, दैनिक तालिकामा अन्तरण, विद्यालय र समाजको अपेक्षा मिलान कसरी गर्न सकिएला ?

**पाठ्यपुस्तकका  विषय**

- शैक्षिक सत्रको सुरुमा विद्यार्थीको हात पाठ्यपुस्तक पुऱ्याउने विषय पेचिलो बनेको छ । शैक्षिक सत्रको सुरूमा सेटमा गुणस्तरीय पाठ्यपुस्तक सुनिश्चित गर्नैपर्छ । पुस्तकालयमार्फत् अध्ययन सामग्री सुनिश्चित गर्ने, धेरै पटक प्रयोग गर्न सकिने पुस्तक बनाउने, प्रविधि अवलम्बन वा अन्य विकल्पको खोजी गरिनुपर्छ ।
- बहुपाठ्यपुस्तक नीति कार्यान्वयनउन्मुख हुँदै छ ।
- सन्दर्भ सामग्री स्वीकृति गर्ने व्यवस्था छ ।

**अनुसन्धानको सार** (Background Study: Curriculum, Textbooks, and Student Assessment and Evaluation 2015); पाठ्यपुस्तक एकमात्र शिक्षण सिकाइ सामग्री, पाठ्यपुस्तकको प्रयोग, कार्यान्वयन तरिका, शिक्षण विधि, निरन्तर विद्यार्थी मूल्याङ्कन, मूल्याङ्कन र परीक्षा, पाठ्यक्रम विधि र मूल्याङ्कनको सङ्गत कायम गर्ने विषय उठेका छन् ।

**नेपालको भाषा, इतिहास, संस्कृति र भूगोलसापेक्ष शिक्षा**

**यी विषय पाठ्यक्रम, पाठ्यपुस्तक र विधिमार्फत् कसरी र कति समेटिए ?**

- पाठ्यक्रमको विविध रूप(लिखित, अलिखित, कार्यान्वयित, लुकेको पाठ्यक्रम आदि) को बुझाइका माध्यमबाट यी विषयको सम्बोधन गर्न सकिएला । नेपाली परिवेशमा विविधता छ, सन्दर्भअनुरूपका अभ्यास जरूरी छ ।
- सन्दर्भ सामग्री र पुस्तकालय अध्ययन, परियोजना, सामुदायिक कार्य, ससाना खोजी (अनुसन्धान) को माध्यमबाट सम्बोधन गर्न सकिन्छ ।
- शिक्षणको माध्यम भाषाः कक्षामा भएका भाषामा जानेको भाषा बोल्ने, नजानेको सिक्ने, ज्ञानको आधार खोज्ने र दरिलो बनाउने । भाषा ज्ञानको भण्डार हो ।
- शिक्षण विधिलाई आलोचनात्मक, प्रसंशामूलक खोजी, विविधता र समावेशी सोच कार्यान्वयन, बहुसांस्कृतिक सोच प्रवर्धन गर्ने बनाउँदा केही सम्बोधन होला ।
- विविधतापूर्ण समाजको दार्शनिक आधार, ज्ञान परम्परा, मौलिक ज्ञान, अभ्यासको खोजीमा आधारित शिक्षा बनाउने ।
- बजार, उत्पादन, जीविका, पहिचानसँग मौलिक ज्ञान, अभ्यासलाई जोड्न सकिन्छ ।
- विद्यालय तहमा भएका असल अभ्यासका अनुभवबाट सिकाइ गरी विस्तार गर्न सकिएला ।

**मूल्याङ्कन, परीक्षा, मापन,**

- विद्यमान पद्धतिमा, सिकाइ उपलब्धिको स्तर बढाउन कसरी सकिएला ?
- विद्यालयमा आधारित परीक्षा कक्षा १ देखि ७ मा  (संघीयताको अभ्याससँगै केही पालिकाहरूले त्रैमासिक परीक्षा सञ्चालन गर्ने अभ्यास थालनी गरेका छन् ।) विविध अभ्यास छन् ।

- निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन समग्रमा सुधारयोग्य छ। उदार कक्षोन्नतिको अभ्यासलाई अबलम्बन गर्दा न्यूनतम सिकाइ सक्षमता सुनिश्चित गरी माध्यमिक तहमा पुग्ने अवस्था सुनिश्चित गराउने चुनौती छ। यस क्रममा सिकाइ प्राथमिकताको विषय बनाइनुपर्छ।
- सार्वजनिक परीक्षा, कक्षा ८ मा सञ्चालन गरिएको छ। वैधता र विश्वसनीयता सुनिश्चित गराउने कार्य चुनौतीपूर्ण कार्य हो।
- स्तरीकृत मापनका साधन निर्माण गर्न राष्ट्रिय परीक्षा बोर्डको प्रयास भएको देखिन्छ।
- प्रणालीको परीक्षण, नीति मार्गदर्शनका लागि विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, संस्थागत परीक्षणका कार्य शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सञ्चालित छन्। अध्ययनका निष्कर्षलाई सुधारका लागि उपयोगमा ल्याइएको छ, अझै सुधारसँग आबद्ध गर्न जरूरी छ।
- अक्षराङ्कन पद्धति कार्यान्वयनमा स्थापित हुँदै छ। विविध बुझाइ छन्। साझा बुझाइ र समग्र सुधारसँग आबद्ध गर्नुपर्छ।
- विद्यार्थीको सिकाइको निरन्तर मूल्याङ्कन पद्धति, उदार कक्षोन्नति कार्यान्वयन अभ्यासमा सुधार अपेक्षित छ। पाठ्यक्रम कार्यान्वयन, शिक्षण सिकाइ विधिलगायतसँग अन्तरआबद्ध गरी सुधारको बहस चलाइनुपर्छ कि त ?
- सिकाइलाई केन्द्रमा राख्ने, सबल बनाउने विषय नै मूल विषय हो। यसअनुकूल मूल्याङ्कन, मापन, परीक्षामा रूपान्तरण खोजौँ। सिकाइका लागि मूल्याङ्कन गर्ने प्रणालीलाई स्थापित गरौँ। सिकाइलाई प्रबर्द्धन गर्न मूल्याङ्कन, मापन, परीक्षाको प्रयोगलाई कसरी बढाउने हो ? नवीनतम मूल्याङ्कन, मापन, परीक्षा पद्धति, विधि, साधनको उपयोग के, कसरी गर्ने ?

**विद्यार्थी: शिक्षामा पहुँच, समावेशिता, न्याय**

सिकाइ प्रक्रियाको केन्द्र बालबालिका हुन्। शिक्षामा बालबालिकाको सहभागिता र सफलता महत्वपूर्ण पक्ष हुन्।

**समावेशिता, समानता, समता**

छात्रा, जातजाति, जनजाति, अल्पसङ्ख्यक, दलित, अपाङ्गता भएका बालबालिकाको सहभागिता र सफलता

**तथ्याङ्क**

समतातर्फ, Flash I, 2022(2078) काअनुसार लैङ्गिक समता सूचक(GPI) आधारभूत(कक्षा १-५) र कक्षा ६-८ दुवै तहको ०.९९ रहेको छ। छात्राहरूको आधारभूत(कक्षा १-५) उपस्थिति ४८%, र कक्षा ६-८ मा ४९.३% रहेको छ। यसै गरी दलितसमुदायका बालबालिका आधारभूत(कक्षा १-५) मा १९.२% र कक्षा ६-८ मा १६.४% र कक्षा १-८ मा समग्र १८.२% रहेको छ। जनजाति विद्यार्थी

आधारभूत(कक्षा १-५) मा ३२।२% र कक्षा ६-८ मा ३५.३%, कक्षा १-८मा ३३.२% सहभागिता रहेको छ ।अति सुविधाबन्चित/ सीमान्तकृत २२ जनजाति कुल ५५,०१५ आधारभूत(कक्षा १-५) मा र कक्षा ६-८ तर्फ २१,१८९ विद्यार्थी भर्ना भएका छन् ।आधारभूत(कक्षा १-५) मा महिला शिक्षक ५१.९% र कक्षा ६-८ मा ३४.७% रहेका छन् ।

पहुँचतर्फ कक्षा १ को कुल ग्रहण दर(GIR) १२७%, खुद दर(NIR)९६.३०% रहेको छ। आधार भूत(कक्षा १-५) को कुल भर्ना दर(GER) १२१.९२% र कक्षा ६-८ मा ११०।७१% रहेको छ। यस्तै खुद भर्ना दर(NER) आधारभूत(कक्षा १-५) मा ९६.९०% र कक्षा ६-८ तर्फ ९३.३३% रहेको छ।

| | उत्तीर्ण दर | दोहोराउने दर | विद्यालय छोड्ने दर | टिकाउ दर Survival Rate | आन्तरिक सक्षमता गुणाङ्क |
|---|---|---|---|---|---|
| कक्षा १ देखि ५ | ८८.२ | ८.८ | ३.० | ८८.९ | ०.८७ |
| कक्षा ६ देखि ८ | ९४.९ | १.८ | ३.४ | ८३.५ | ०.७७ |
| कक्षा ९ र १० | ९६.७ | २.५ | ०.८ | ६६.१ | - |

टिपोट. शिक्षा तथा मानव स्रोत विकास केन्द्र, Flash I, 20……. बाट लिइएको ।

- सूचकले औँल्याएका विषयमा कसरी सुधार गर्ने ? हरेक व्यक्तिको भर्ना, निरन्तरता र सिकाइ सुनिश्चितता कसरी गर्ने ? तोकिएका उमेर समूहका बालबालिका भर्ना हुने वातावरण कसरी बनाउने ? कक्षा १-५ मा करिव ३% र कक्षा ६-८ मा करिब ७% विद्यालयबाहिर रहेका उमेर समूहका बालबालिकालाई कसरी प्रवेश गराई निरन्तरता दिने र सिकाइ सुनिश्चित गराउने ? यी बालबालिका को हुन् ? कसरी प्रणालीमा ल्याउन सकिएला ?
- भर्ना भएका बालबालिकाको कक्षोन्नति शतप्रतिशत बनाउने, कक्षामा दोहोऱ्याउने दर र विद्यालय छाड्ने दर शून्य बनाउने र आधारभूत शिक्षाको चक्र पूरा गर्ने दर शतप्रतिशत सुनिश्चित गर्न कसरी सकिएला ?
- पहुँच, सहभागिता, निरन्तरता, दक्षता बढाउने लक्षित कार्यक्रमहरूलाई प्रभावकारी बनाई यी नतिजा सुनिश्चित गर्न कसरी सकिएला ?
- कोभिड- १९ पश्चात् भर्ना, निरन्तरता, सहभागितामा देखिएका असमानतालाई कसरी सम्बोधन गर्ने ?
- राष्ट्रिय परिचयपत्र प्रणाली स्थापना भएपछि यसबाट विद्यालयबाहिरका बालबालिकाको निगरानी गर्न सकिएला त ?
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन,
- संविधानमा घोषित मौलिक हकको कार्यान्वयन गर्नका लागि जारी गरिएका अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ र नियमावली २०७७ कानुनी प्रावधान कार्यान्वयन सुनिश्चितता गर्ने ।
- अनिवार्य शिक्षाको सुनिश्चितताका लागि राष्ट्रिय परिचयपत्रमार्फत तथ्याङ्क व्यवस्थापन, कार्यक्रम र सुधार अभियान ।

- विद्यालयहरू(संस्थागत/निजी विद्यालयको दायित्वसमेत), ३ तहका सरकारको दायित्व पालनाको परीक्षण र नीति कार्यान्वयन पृष्ठपोषण प्रणालीलाई नियमित सक्रिय बनाउने। शिक्षा अधिकार कार्यान्वयन सूचकाङ्क तथा पालिका तहदेखि सङ्घीय तहसम्मको प्रतिवेदन व्यवस्थाको कार्यान्वयनको व्यवस्था कस्तो छ त ?
- तोकिएको उमेर समूह (चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको)सबै अनिवार्य भर्ना भई तह सुनिश्चितताको समय बिन्दु ( २०८५ वैशाख १) मा लक्ष्य कसरी प्राप्त गर्ने हो ?
- विशेष शिक्षा, सीमान्तकृत वर्ग, साक्षरता शिक्षाका विषयहरू, विद्यार्थीलाई उपलब्ध गराइने शैक्षिक, पोषण र स्वास्थ्यका एकीकृत सुविधाहरूका विषय सुनिश्चित गर्ने।

**शिक्षाको सफलता, निरन्तरता, सिकाइ उपलब्धि NASA**

सिकाइमा निरन्तरता, आधारभूत शिक्षाको तह पूरा गर्ने सुनिश्चितता, सिकाइ उपलब्धिमा बढोत्तरी कसरी गर्ने ?

कोभिड- १९ ले सिर्जना गरेको थप सिकाइ क्षतिबाट सिकाइलाई कसरी माथि उठाउने ?

गुणस्तरतर्फ, Flash २०२२ का अनुसार कक्षा १ मा कक्षोन्नति दर ८१.३% रहेको छ। कक्षा १मा कक्षा दोहोरयाउने दर १४.४% छ। कक्षा ५ मा कक्षोन्नति दर ९३.३% छ भने कक्षा ८ मा यो दर ९४.८% छ। कक्षा ५ सम्म टिकाउ दर८८.९%, र कक्षा ८ मा ८३.५% रहेको छ। विद्यार्थी शिक्षकअनुपात(स्वीकृत दरबन्दीको आधारमा) आधारभूत(कक्षा १-५) मा २५:१ र कक्षा ६-८ मा ५१:१ रहेको छ।

सक्षमतातर्फ, Flash २०२२ अनुसार विद्यालय विद्यार्थी अनुपात आधारभूत(कक्षा १-५) मा १:९७ र कक्षा ६-८ मा १: १५२ रहेको छ। सामुदायिक विद्यालयका विद्यार्थीको हिस्सा आधारभूत(कक्षा १-५) मा ७२.२%र कक्षा ६-८ तर्फ ७४.०% रहेको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक सत्र २०७६ को अन्त्यमा देशभरका ३३ जिल्लाका ५८० विद्यालयबाट ७४३३ विद्यार्थीहरूमा पढाइ तथा गणितीय सिप परीक्षण सञ्चालन गरेको थियो( शैगुपके,२०७९)। परीक्षणको नतिजाअनुसार कक्षा ३ को अन्त्यमा पुगेका १० प्रतिशत विद्यार्थीले दिइएको अनुच्छेदको एउटा शब्द पनि पढ्न सकेनन्। यसैगरी १ देखि १५ ओटासम्म शब्द पढ्ने विद्यार्थीको प्रतिशत २८ र १६ देखि ४४ सम्म शब्द पढ्ने विद्यार्थीको प्रतिशत ४३ रहेको थियो। असर नेपालले हालैमात्र आफ्नो वेभसाइटमार्फत् सार्वजनिक गरेको कर्णाली प्रदेशका २१११ जना बालबालिकामा गरेको सर्वेक्षणअनुसार कक्षा ५ मा अध्ययन गर्ने ५० प्रतिशतभन्दा बढी बालबालिकाले कक्षा ३ को स्तरको सिकाइ हासिल गरेका छैनन्। देशभरका १० पालिकाहरूबाट अनौपचारिक रूपमा सङ्कलन गरेको २०७८ कक्षा ८ को नतिजाको तथ्याङ्कअनुसार तोकिएको मापदण्ड हासिल गरेर कक्षा ९ मा जाने विद्यार्थीको प्रतिशत ४ देखि १८ सम्म पाइएको थियो (आचार्य, देवीराम २०७९)। हालै प्रकाशित विद्यार्थी सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणको नतिजाअनुसार कक्षा ८ को सिकाइ सक्षमता निम्नानुसार रहेको छ।

चित्र १ : कक्षा ८ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण नतिजा २०७९

**कक्षा ८ २०२०**




**विषयगत रुपमा ४० (नेपाली) देखि ७० (गणित, विज्ञान) प्रतिशतसम्म विद्यार्थीले कक्षागत रुपमा तोकिएका न्यूनतम सिकाइ सक्षमता हासिल गर्न नसकेको अवस्था छ ।**

टिपोट. शैगुपके, २०७९ मा आधारित

चित्र २ : कक्षा ५ को नासा परीक्षणको नतिजा




टिपोट. शैगुपके २०७९... बाट लिइएको ।

**शिक्षक**

शिक्षक तयारी, योग्यता, छनोट, विकास, व्यवस्थापन, उपयोगका विषय महत्वपूर्ण मानिन्छन् । मन्त्रालयदेखि विद्यालय तहसम्म, विश्वविद्यालय र समुदाय तहसम्मका विषय प्रभावक हुन सक्छन् ।

नीतिः.......नीति, कानुन, योजना, शिक्षा क्षेत्र कार्यक्रम, वार्षिक कार्यक्रमहरू, शिक्षक सक्षमता प्रारूप संरचनाः मन्त्रालय, विश्वविद्यालयहरू, शिक्षक सेवा आयोग, विभाग। केन्द्र, प्रदेश शिक्षा तालिम केन्द्र, पालिका, अभिलेख निकाय

**अभ्यास र तथ्याङ्क**

शिक्षक दरबन्दी, शिक्षक विद्यार्थी अनुपात

गुणस्तरतर्फ, Flash २०२२ का अनुसार विद्यार्थी शिक्षक अनुपात (स्वीकृत दरबन्दीको आधारमा) आधारभूत(कक्षा १-५) मा २५:१ र कक्षा ६-८ मा ५१:१ रहेको छ।

| तह | दरबन्दी अनुपात |
|---|---|
| आधारभूत तह कक्षा १ देखि ५ | २५ |
| आधारभूत तह कक्षा ६ देखि ८ | ५१ |

- दरबन्दी कम छ। मिलान हुँदै छ। ६० हजारजति नपुग (प्रतिवेदन )तथ्याङ्क छ। अनुपात मिलाउनु पर्ने छ।
- नियमित रूपमा स्थायी शिक्षक पदपूर्ति हुन थालेको छ। वि. सं. २०७१, २०७३, २०७५, २०७८, २०७९ मा नियमित खुलेको ।
- छनोट परीक्षामा पर्याप्त उम्मेदवार प्राप्त हुन सकेका छैनन् । शिक्षक सेवा आयोगको हालको लिखित परीक्षाको परिणाममा केही जिल्लाको माग र सिफारिस तुलना गर्दा माग भएको सङ्ख्यामा उमेदवार नपाइएको वा उत्तीर्ण नभएको देखिन्छ।
- शिक्षाशास्त्र सञ्चालन गर्ने विश्वविद्यालय र विद्यालय शिक्षा प्रणालीको सत्यता र गुण पक्षको मागको सामञ्जस्य गर्ने,
- सेवाकालीन क्षमता विकास तथा वृत्ति विकासको अवसर, सहायता प्रणालीको व्यवस्था; सुपरिवेक्षण र सहायता प्रणाली। सङ्घीयता कार्यान्वयन पश्चात्को परिवेशको अध्ययन र सम्बोधन।
- सिकाइप्रतिको उत्तरदायित्व प्रणाली थप मजबुत बनाउने विषय,
- शिक्षकको वृत्ति प्रणालीलाई समय सापेक्ष बनाउने, अवसरको विस्तार गर्ने,
- शिक्षक व्यवस्थापनका पक्षहरू, नियुक्ति, सरुवा, बढुवा, अवसर, उत्प्रेरणा, सुविधा आदिलाई समयसापेक्ष थप राम्रो, सुशासनमैत्री बनाउँदै लैजाने,
- शिक्षक जनशक्तिको विविधता व्यवस्थापनमा नीतिदेखि अभ्यास तहसम्म ध्यान दिने।

**प्रधानाध्यापक**

योग्यता, छनोट, नियुक्ति र परिणाम

नीति कानुन, अभ्यास तथा अनुभव, तथ्याङ्क

छलफलका विषय

- छुट्टै प्रधानाध्यापकका लागि छनोट गर्ने, वृत्ति प्रणाली विकास गर्ने र नतिजामुखी बन्ने ?
  विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अभिभावकलाई सुधारका सहकर्ताका रूपमा लैजाने

**राजनीति र दल**

राजनीति नीतिमा समर्पित हुने, शैक्षिक सुधारका लागि चिन्तन गर्ने, दलीयकरण हटाउने, पदेन व्यक्तिका रूपमा र दलका काममा बोलाउनेले बोलाउन छोड्ने, जानेले जान छोड्ने, पेसागत प्रतिबद्धता बढाउने, कार्यसम्पादनमा विश्वास गर्ने, प्रशासनमा निष्पक्षता र सुशासन सुनिश्चित गर्ने, वित्तीय साक्षरताभैंm राजनीतिकर्मीलाई शैक्षिक साक्षरता/जागरूकता ।

**सरकारका ३ तहः संघ प्रदेश र स्थानीय तहबिच सम्बन्ध**

- स्रोतका विषय, वित्तीय, भौतिक स्रोत, न्यूनतम सिकाइ वातावरण सुनिश्चितता, सामुदायिक स्रोत परिचालन र समाज विद्यालय सम्बन्ध सुदृढीकरणका कार्य गर्ने,
- अनिवार्य र निःशुल्क शिक्षाका लागि वित्तीय स्रोत व्यवस्था, ३ तहका सरकार र सामुदायिक स्रोतको सम्भावना प्रयोग गर्ने,
- सबै तह र कर्ताहरूको विद्यालयप्रतिको चासो, समर्पण तथा सकारात्मक पहल कसरी भित्राउने,
- विश्व परिवेश, सङ्घीय/राष्ट्रिय प्राथमिकतासँग प्रदेश, स्थानीय र विद्यालय तहसम्मको सामञ्जस्य र सान्दर्भिकीकरणका विषयमा नीति, कार्यक्रम र अभ्यासहरू गर्ने,

र अन्तमा,

आधारभूत तहको शिक्षा सम्बद्ध यी पक्षलाई समग्रमा हेर्नुपर्ला, यसरी पनि हेर्न सकिएला ।

**पाठ्यक्रम कार्यान्वयन प्रणाली**

| लगानी | प्रक्रिया | नतिजा |
|---|---|---|
| पाठ्यक्रम, विद्यार्थी<br>शिक्षक, प्रअ<br>स्रोतहरू | पाठ्यक्रम कार्यान्वयन, शिक्षण सिकाइ प्रक्रिया,<br>शिक्षण विधि, मापन, समाज विद्यालय सम्बन्ध<br>विकास, विद्यालय व्यवस्थापन, शैक्षिक प्रशासन | सिकाइ उपलब्धि<br>तह पूर्णता<br>अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितता |
| | अनुकूल वातावरणः राजनीति, अर्थतन्त्र, सामाजिक<br>सांस्कृतिक, प्राविधिक तथा कानुनी पक्ष | अन्तरक्रिया अन्तरनिर्भरता प्रणाली,<br>पूर्णता, सामञ्जस्य, कार्यमूलकता |

आन्तरिक तथा वाह्य वातावरणका तत्व वा पक्षबीच आपसी अन्तरक्रिया, अन्तरनिर्भरता वा प्रभाव, पूर्णता, आपसी सामञ्जस्य तथा कार्यमूलकता जरुरी छ । समस्यालाई समग्रमा हेरौँ । भएका असल अभ्यासलाई विस्तार गरौँ । अभ्यासलाई थप मजबुत बनाउँदै आवश्यक सुधारका साथ नीति निरन्तरता दिऔँ, छलफल गरौँ ।

**सन्दर्भ सामग्री सूची**


१. Glatthorn, A. A., Boschee, F., Whitehead, B. M. & Boschee, B.F.-2019_. Curriculum leadershipM strategies for development and implementation. 5th ed., Sage.

२. शैक्षिक गुणस्तर परीक्षण केन्द्र २०२१ । पढाइ तथा गणितीय सिप परीक्षण प्रतिवेदन ।

३. आचार्य, देवीराम (२०७६) ....... शिक्षक मासिक ।

४. CEHRD -2022_. Flash Report 2021.



**जयराम अधिकारी भाषा आयोगका सचिव हुनुहुन्छ ।**

**देवीराम आचार्य शैक्षिक गुणस्तर परीक्षण केन्द्रका शाखा अधिकृत हुनुहुन्छ ।**

# प्रदेश शिक्षा कार्यशाला विवरण

| मिति एवं स्थान | प्रमुख अतिथि | कार्यपत्र प्रस्तुतकर्ता | टिप्पणीकर्ताहरू |
|---|---|---|---|
| कोशी प्रदेश<br>असार ९ गते, विराटनगर | **श्री पर्शुराम खापुङ्ग**<br>माननीय प्रदेश प्रमुख<br>कोशी प्रदेश | **प्रा.डा. बालचन्द्र लुइँटेल**<br>डीन<br>काठमाडौं विवि स्कुल अफ एजुकेसन | **प्रा.डा. भेषराज धमला**<br>पूर्व रजिष्टार, पूर्वाञ्च विश्वविद्यालय<br>**प्रा.डा. टंक न्यौपाने,** शिक्षाविद् |
| मधेश प्रदेश<br>असार २९ गते, वीरगञ्ज | **श्री महेश यादव**<br>मा. शिक्षा तथा स. कल्याण मन्त्री<br>मधेश प्रदेश सरकार | **डा.महाश्रम शर्मा**<br>अध्यक्ष<br>राष्ट्रिय परीक्षा बोर्ड | **प्रा.डा. दीपक शाक्य,** उपकुलपति, मधेश विश्वविद्यालय<br>**डा. कृष्ण चन्द्र साह,** शिक्षाविद्<br>**डा. जीवनाथ पाण्डे,** पूर्व सह. डीन, त्रिवि कृषि अ. सं. |
| बाग्मती प्रदेश<br>भाद्र १८ गते, चितवन | **प्रा.डा. पुण्य प्रसाद रेग्मी**<br>उपकुलपति<br>कृषि तथा वन विश्वविद्यालय | **डा. महाश्रम शर्मा**<br>अध्यक्ष<br>राष्ट्रिय परीक्षा बोर्ड | **प्रा.दयाराम पौडेल,** प्रमुख, वीरेन्द्र बहुमुखी क्याम्पस<br>**प्रा. नवराज पाण्डेय,** नेपाल संस्कृत विश्वविद्यालय |
| गण्डकी प्रदेश<br>श्रावण २७, पोखरा | **प्रा.डा. प्रेमनारायण अर्याल**<br>उपकुलपति<br>पोखरा विश्वविद्यालय | **डा. हरि लम्साल**<br>सह-सचिव<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | **प्रा.डा. देवेन्द्र ब. लामिछाने,** पूर्व क्याम्पस प्रमुख<br>**प्रा.डा. यादव शर्मा गौडेल,** पूर्व सह-क्याम्पस प्रमुख<br>पृथ्वीनारायण क्याम्पस |
| लुम्बिनी प्रदेश<br>भाद्र ९ गते, बुटवल | **प्रा.डा. नन्द बहादुर सिंह**<br>उपकुलपति<br>मध्यपश्चिम विश्वविद्यालय | **प्रा.डा. विनोद प्रसाद ढकाल**<br>उपकुलपति<br>लुम्बिनी प्राविधिक विश्वविद्यालय | **प्रा.डा. काशीनाथ न्यौपाने**<br>पूर्व अनुसन्धान निर्देशक, नेपाल संस्कृत विश्वविद्यालय<br>**प्रा.डा. रामचन्द्र आचार्य,** शिक्षाविद् |
| कर्णाली प्रदेश<br>माघ १२ गते, सुर्खेत | **प्रा.डा. नन्द बहादुर सिंह**<br>उपकुलपति<br>मध्यपश्चिम विश्वविद्यालय | **प्रा.डा. विजु कुमार थपलिया**<br>पूर्व डीन<br>पूर्वाञ्चल विवि, व्यवस्थापन संकाय | **जीतबहादुर शाह**<br>माननीय सदस्य, कर्णाली प्रदेश योजना आयोग<br>**डा. सुदीप ठकुरी,** डीन, मध्यपश्चिम विश्वविद्यालय<br>**श्री नारायण सिग्देल,** प्र.अ.जनज्योति मावि, सुर्खेत |
| सुदूरपश्चिम प्रदेश<br>असोज १३ गते, महेन्द्रनगर | **प्रा.डा. अम्मराज जोशी**<br>उपकुलपति<br>सुदूरपश्चिम विश्वविद्यालय | **प्रा.डा. बद्रिनारायण गौतम**<br>इतिहास केन्द्रीय विभाग<br>त्रिभुवन विश्वविद्यालय | **डा. मदन सिंह देउपा**<br>स. डीन, सु.प. विश्वविद्यालय, शिक्षाशास्त्र संकाय<br>**डा. राजेन्द्रविर चन्द**, कैलाली बहुमुखी क्याम्पस |

# कोशी प्रदेश शिक्षा कार्यशाला

## २०८० असार ९ गते । विराटनगर, मोरङ्ग





















# मधेश प्रदेश शिक्षा कार्यशाला

## २०८० असार ३० गते । वीरगञ्ज, पर्सा


















# बाग्मती प्रदेश शिक्षा कार्यशाला

## २०८० भाद्र १८ गते । भरतपुर, चितवन























# गण्डकी प्रदेश शिक्षा कार्यशाला

## २०८० श्रावण २७ गते । पोखरा, कास्की






















# लुम्बिनी प्रदेश शिक्षा कार्यशाला

## २०८० भाद्र ०९ गते । बुटवल, रूपन्देही






















# कर्णाली प्रदेश शिक्षा कार्यशाला

## माघ १२ गते । विरेन्द्रनगर, सुर्खेत






















# सुदूरपश्चिम प्रदेश शिक्षा कार्यशाला

## २०८० आश्विन १३ गते । महेन्द्रनगर, कञ्चनपुर































शील
एकता
प्राज्ञिक विद्यार्थी परिषद, नेपाल
शिक्षाको वर्तमान परिदृश्य र आगामी दिशा
विषयक
राष्ट्रिय शिक्षा कार्यशाला
२०७९ फागुन ६ र ७ गते ।

# कार्यशाला उद्घाटन समारोह






















